# सञ्जय विष्टका कथामा राजनीतिक चेतना

(लघुशोधप्रबन्ध)

सिक्किम विश्वविद्यालय

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका पाठ्यक्रममा रहेको एमफिल उपाधिको प्रयोजनका लागि प्रस्तुत

लघुशोधप्रबन्ध

बिजया तामाङ

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

जुन २०१७

# सञ्जय विष्टका कथामा राजनीतिक चेतना

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयका पाठ्यक्रममा रहेको एमफिल उपाधिको प्रयोजनका लागि प्रस्तुत

लघुशोधप्रबन्ध

शोध निर्देशक

प्रो. प्रतापचन्द्र प्रधान

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

शोधार्थी

बिजया तामाङ

एमफिल 15MPNP02

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

जुन २०१७

सिक्किम विश्वविद्यालय
(भारतके संसदके अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)
# SIKKIM UNIVERSITY
*[A central university established by an Act of Parliament of India in 2007]*

O/C

No.LIB. Plagiarism /59/2017 Dated 09-02-2017

To

The Head
Department of Nepali
Sikkim University

Sub: Anti-Plagiarism Test

Dear Sir,

Kindly refer to your letter dated 09/02/2017 on the subject referred above.

I may inform you that the present ant-plagiarism software (URKUND) being used by Sikkim University distributed by INFLIBNET does not support Nepali and Hindi languages.

Therefore, the MPhil and PhD dissertations written in Hindi and Nepali cannot be tested for plagiarism.

Yours sincerely,

(A S Chandel)
Librarian

Copy for information to:

1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-charge, Department of Hindi

६ माइल, सामदुर, पीओ तादुङ-७६७१०२, गान्तोक, सिक्किम, भारत
फोन : ०३५९२-२५१०६७, २५१४६८, फ्याक्स-२५१८६५
6th Mile, Samdur, P.O. Tadong 737102, Gangtok, Sikkim, India
Phone : 03592-251067, 251468, Fax : 03592-251865
Website : www.cus.ac.in

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LINGUISTICS & LANGUAGES

# प्रतिबद्धतापत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत **सञ्जय विष्टका कथामा राजनीतिक चेतना** शीर्षकको यो लघुशोधप्रधन्ध मैले शोधनिर्देशक प्रो.प्रतापचन्द्र प्रधानको निर्देशनमा रहेर सम्पन्न गरेको हुँ र यो पूर्णतः मौलिक शोधकार्य हो। मैले प्रस्तुत लघुशोधप्रबन्ध लेखनको क्रममा विभिन्न स्रोतबाट आवश्यक सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र ती स्रोतप्रति कृतज्ञ पनि छु। यस लधुशोधप्रबन्धको समष्टि निष्कर्षलाई मैले यसअघि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेकी छुइनँ। यस शोधप्रबन्धको कुनै पनि अंश/पाठ पुस्तक वा पुस्तकको अंशको रूपमा प्रकाशित गराएकी छुइनँ। मैले यहाँ प्रस्तुत गरेको यो प्रतिबद्धता बिरूद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता जाहेर गर्दछु ।

दिनाङ्क-

शोधार्थी
**बिजया तामाङ**
एमफिल, रोल नं 15MPNP02
नेपाली विभाग,
भाषा अनि साहित्य सङ्काय
सिक्किम विश्वविद्यालय

# SIKKIM UNIVERSITY

*[A Central University established by an Act of Parliament of India, 2007]*

**DEPARTMENT OF NEPALI**

SCHOOL OF LINGUISTICS & LANGUAGES

*Prof. (Dr) Pratap Chandra Pradhan*


## शोधनिर्देशकको अग्रसारन

सञ्जय विष्टका कथामा राजनीतिक चेतना शीर्षकको यो लघुशोधप्रबन्ध शोधार्थी विजया तामाङले मेरो निर्देशनमा परिश्रमपूर्वक तयार पार्नु भएको हो। भारतीय नेपाली कथापरम्पराको सघन अध्ययनक्रममा एक थप उपलब्धिका रूपमा प्रस्तुत लघुशोधप्रबन्ध पनि एउटा शृङ्खला बन्न पुगेको छ। यसर्थ म यस लघुशोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभागसमक्ष अनुरोधका साथ अग्रसरन गर्दछु।

दिनाङ्क : २६/०६/२०१६

प्रतापचन्द्र प्रधान

प्रोफेसर/विभाग अध्यक्ष

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: + 91- 3592-251078 (O), Mobile: +91- 94740-24738
Email : dr.pratappradhan@gmail.com, www.sikkimuniversity.ac.in

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधकार्य मैले आदरणीय प्रोफेसर प्रतापचन्द्र प्रधानको निर्देशनमा तयार पारेकी हुँ। यस शोधकार्यको तयारी क्रममा अन्य जानकार व्यक्तिहरूबाट पनि आवश्यक सहयोग पाएकी छु। सर्वप्रथम सुझाव र सहयोगको लागि शोधनिर्देशक प्रो. प्रतापचन्द्र प्रधानप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। प्रस्तुत लधुशोधप्रबन्धलेखनका लागि प्रेरणा र हौसला दिनु हुने विभागका सम्पूर्ण प्राध्यापक-प्राध्यापिकाहरूप्रति पनि आभार व्यक्त गर्न चहान्छु।

उच्च शिक्षा हासिल गर्नमा मलाई बारम्बार प्ररेणा र प्रोत्साहन दिनु हुने मेरा स्वर्गीय पिता बुद्ध तामाङ र माता श्रीमती बिमला तामाङप्रति म आभारी छु।

मेरा सहपाठीहरूप्रति पनि हार्दिक कृतज्ञाता ज्ञापन गर्न चाहन्छु।

शोधार्थी

बिजया तामाङ

एमफिल,रोल नं 15MPNP02

नेपाली विभाग

भाषा अनि साहित्यसङ्काय

सिक्किम विश्वविद्यालय

## लघुशोधप्रबन्धमा प्रयुक्त संक्षेपीकृत शब्द रूप

| | |
|---|---|
| क्र.सं | क्रम सङ्ख्या |
| टि.एस | थोमस स्टर्नस |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| द्वि.सं. | द्वितीय संस्करण |
| नं. | नम्बर |
| पूर्णा. | पूर्णाङ्क |
| पृ.सं. | पृष्ठ सङ्ख्या |
| प्र.सम्पा. | प्रधान सम्पादक |
| प्रका. | प्रकाशन |
| प्रो. | प्रोफेसर |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |

**विषयसूची** **पृष्ठ सङ्ख्या**


प्रतिबद्धतापत्र

शोधनिर्देशकको अग्रसारन

कृतज्ञता

संक्षेपीकृत शब्द रूप

पहिलो अध्याय १ - ८

१. शोध परिचय

१.१ शोध क्षेत्रको परिचय

१.२ शोध शीर्षक

१.३ शोध शीर्षकको परिचय

१.४ शोधको प्रयोजन

१.५ शोधको समस्या

१.६ शोधको उद्देश्य

१.७ पूर्वकार्यको समीक्षा

१.८ शोधको सीमाङ्कन

१.९ शोधविधि

१.९.१ शोधको सैद्धान्तिक आधार

१.९.२ सामग्रीसङ्कलन विधि

१.१० शोधको अध्याय विभाजन

दोस्रो अध्याय ९ - २५

२. नेपाली साहित्यमा राजनीतिक चेतना, पदावलीको अर्थ, परिभाषा र परिचय

२.१ नेपाली साहित्यमा राजनीतिक चेतना

२.२ समाज र राजनीति

२.३ 'राजनीतिक चेतना' पदावलीको अर्थ

२.४ साहित्य र राजनीति

२.५ नेपाली कथा साहित्यमा राजनीतिक चेतनाको प्रयोग र परम्परा

२.६ उपसंहार

तेस्रो अध्याय २६- ३३

३. कथाकार सञ्जय विष्टः संक्षिप्त जीवनी, कृतित्व र व्यक्तित्व

३.१ जन्म र पारिवारिक पृष्ठभूमि

३.१.१ जन्म

३.१.२ शिक्षा-दीक्षा

३.२ पेसा र व्यवसाय

३.३ कथाकार सञ्जय विष्टका साहित्यिक यात्रा र कृतित्वको विकास

३.३.१ लेखनको प्रारम्भः परिवेश, प्रेरणा र प्रभाव

३.३.२ साहित्यिक यात्रा र कृतित्त्वको विकास

३.४ कथाकार व्यक्तित्वका रूपमा सञ्जय विष्ट

३.५ सम्पादक व्यक्तित्व

३.६ पुरस्कार

३.७ ठेगाना

चौँथो अध्याय ३४-४९

४. सञ्जय विष्टपूर्व र समकालीन भारतीय नेपाली कथामा पाइने राजनीतिक चेतना

४.१ केही प्रतिनिधि भारतीय नेपाली कथामा पाइने राजनीतिक चेतना

४.२ उपसंहार

पाँचौ अध्याय ५०-७४

५. सञ्जय विष्टका कथामा पाइने राजनीतिक चेतनाको अध्ययन

५.१ सञ्जय विष्टका राजनीतिक चेतनायुक्त कथाहरूको वर्गीकरण

५.१.१ पूर्ण राजनीतिक चेतना भएका कथाहरूको अध्ययन

५.१.२ आंशिक राजनीतिक चेतना भएका कथाहरूको अध्ययन

५.२ उपसंहार

छैँटौं अध्याय ७५-८१

६. उपसंहार एवम् समष्टि निष्कर्ष

६.१ अध्यायगत उपसंहार

६.२ समष्टि निष्कर्ष

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# पहिलो अध्याय

## १. शोध परिचय

### १.१ शोध क्षेत्रको परिचय

साहित्यका विविध विधाहरूमध्ये कथा एउटा महत्त्वपूर्ण विधा हो। मानव जीवनमा घटेका घटनाहरूको वर्णन मात्र होइन इतिहासलाई लघु रूपमा समेटेर, मनोरञ्जनपूर्ण बनाएर व्यावहारिक शिक्षाको रूपमा कथाको विकास पौराणिक कालदेखि नै हुँदै आएको हो। प्राचीन युगदेखि नै कथाको थालनी भएको हो। पहिले पहिले जादु, तिलस्मी, टुनामुना आदि जस्ता कथाहरू लेखिन्थे, तर पछि समय र युगको परिवर्तनसँगै कथाको विकास पनि नयाँनयाँ ढाँचा र शैलीमा हुँदै आयो। कथाले आदर्शवादी, समाजवादी हुँदै यथार्थवादी, आयमिक, प्रयोगधर्मी आदि स्वरूप प्राप्त गर्न सफल भयो। यसै सन्दर्भमा नेपाली कथाको विकासमा योगदान पुऱ्याउने एकजना स्थापित लेखकका रूपमा सञ्जय विष्टको नाम उल्लेखनीय छ। यिनले भारतीय नेपाली कथालाई परम्परित शैलीबाट मुक्त गराई नवीन शिल्पशैलीको विधानमा प्रवृत्त गराएका छन्।

कथाको मुलुकमा विविध वैचारिक रङ्गहरूको समागम भएको हुँदछ। कथालाई मनोरञ्जनको एउटा विशिष्ट साधन मानिए तापनि आधुनिक कथाले कुनै न कुनै वैचारिक धरातललाई समातेको हुन्छ। एउटै स्रष्टामा समेत विविध वैचारिक अभिव्यक्तिहरू विद्यमान रहेका हुन्छन्। सञ्जय विष्टका कथाहरू विचारप्रधान हुनाले यिनका कथाहरूले थुप्रै किसिमका विचारहरू प्रस्तुत गरेका छन्, जसमध्ये राजनीतिक चेतनामूलक विचार पनि एउटा हो। समाजलाई विभिन्न रूपले सचेत र सतर्क गराउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विष्टका कथाहरूमध्ये राजनीतिक चेतनायुक्त कथाहरूमा जाति र समाजप्रतिको चिन्ता, समसामायिक मूल्य र मान्यताहरू बढी टड्कारो भएर देखापरेका छन्। प्रस्तुत शोधकार्य

सञ्जय विष्टका कथामा पाइने राजनीतिक चेतनामा केन्द्रित रहेको छ। विशेष गरी शोधमा प्रयुक्त पदावली 'राजनीतिक चेतना'-ले मूल रूपमा भारतका नेपालीहरूका राजनीतिक अवस्था, राजनीतिप्रतिको चिन्तन र राजनीतिक संस्कृतिलाई चित्रण गरेको छ। यसमा पनि मुख्य रूपमा भारतको नेपाली समाज, साहित्य, संस्कृति, राजनीति आदिको मूल केन्द्र भएको दार्जीलिङ जिल्लाको राजनीतिक परिवेशलाई लिएर लेखिएका विष्टका कथाहरूलाई प्रस्तुत शोधकार्यले समेटेको छ।

## १.२ शोध शीर्षक

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक *सञ्जय विष्टका कथामा राजनीतिक चेतना* हो।

## १.३ शोध शीर्षकको परिचय

सञ्जय विष्टका कथाहरूले ओघटेका थुप्रै वैचारिक धरातलहरूमध्ये राजनीतिक धरातल पनि एउटा हो। समाजलाई विभिन्न रूपले सचेत र सतर्क गराउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विष्टका कथाहरूमध्ये राजनीतिक चेतना भएका कथाहरूको मात्र यहाँ अध्ययन गरिएको छ।

## १.४ शोधको प्रयोजन

प्रस्तुत शोधकार्य सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एम.फिल. परीक्षाको पाठ्यक्रमको आंशिक परिपूर्तिको प्रयोजनको निम्ति तयार पारिएको हो।

## १.५ शोधको समस्या

१ राजनीतिक चेतना भन्नाले के बुझिन्छ र नेपाली कथासाहित्यमा यसको निरूपण कसरी भएको छ ?

२ सञ्जय विष्टका कथामा कस्ता राजनीतिक चेतना पाइन्छ ?

३ भारतीय नेपाली कथाको परिप्रेक्ष्यमा सञ्जय विष्टका कथामा प्रतिबिम्बित राजनीतिक चेतना कस्तो रहेको छ ?

## १.६ शोधको उद्देश्य

माथि उल्लेखित समस्याकथनको समाधानार्थ शोधको समष्टि निष्कर्षसम्म पुग्नका लागि निम्नलिखित उद्देश्यहरूलाई अघि सारिएको छः

१ राजनीतिक चेतनाको अवधारणाबारे स्पष्ट पार्दै नेपाली कथा साहित्यमा यसको निरूपणमाथि प्रकाश पार्नु।

२ सञ्जय विष्टका कथामा पाइने राजनीतिक चेतना विभिन्न पक्षहरूलाई केलाएर हेर्नु।

३ भारतीय नेपाली कथाको परिप्रेक्ष्यमा सञ्जय विष्टका कथामा प्रतिबिम्बित राजनीतिक चेतनाको अध्ययन गर्नु।

## १.७ पूर्वकार्यको समीक्षा

भारतको नेपाली कथा साहित्यमा देखापरेको नवचेतनावादी धारालाई लिएर अघि बढ्ने लेखकका रूपमा सञ्जय विष्टलाई लिन सकिन्छ। हालसम्म उनले *शब्दान्त* (सन् १९९३), *अस्ताचलतिर* (सन् २००७) र *जुनजस्तै घाम* (सन् २०१५) गरी तीनवटा कथासङ्ग्रहहरू प्रकाशित गरेका छन्। सञ्जय विष्टका कथामा राजनीतिक चेतनाको विषयमा कुनै शोधकार्य भएको पाइँदैन। छुटफुट रूपमा उनका कथाहरूको विश्लेषण भएको भेटाइएको छ। ती कार्यहरूलाई पूर्वकार्यको रूपमा तल प्रस्तुत गरेर हेर्न सकिन्छः

**(क) पुस्तकमा प्रकाशित लेखहरू:** सपन प्रधानले आफ्नो समालोचना सङ्ग्रह *कृति-कीर्ती* (सन् २०११) -मा सञ्जय विष्टको 'उषादेवीलाई भेट्न गएकै छैन गौरव' शीर्षक कथाबारे चर्चा गरेका छन्। उनले विष्टको विषयवस्तुको चयन आफ्नै किसिमको भए तापनि लेखनशैली भने इन्द्रबहादुर राईको कथा लेखनशैलीसँग मिल्दोजुल्दो छ र उनका कथाहरू पढदा शैली आस्वादनको दृष्टिले सञ्जय विष्ट नभई इन्द्रबहादुर राई नै पाठकको मानसिकतामा दृष्टिगोचर हुन्छन् भन्दै आफ्नो मनतव्य व्यक्त गरेका छन्। राईका कथामा विनिर्माणवादी धारणा पाइन्छ भने विष्टको उक्त कथामा साइबर संस्कृतिको चिन्तन पाइन्छ भन्ने मत पनि प्रधानको रहेको छ। यसका साथै उनले सन्तान प्राप्तिका निम्ति विज्ञान र तकनिकको सम्बन्धित विषयलाई कथामा प्रस्तुत गरिएको उल्लेख गरेका छन्।

*किनारा विमर्श* (सन् २०११) पुस्तकमा रेमिका थापाले विष्टको *अस्ताचलतिर* कथासङ्ग्रहभित्रको *अन्ट्रेन्ड ब्युटीसियनहरू* र *नक्शाको पुरुष* शीर्षकका दुइवटा कथाहरूलाई एउटै लेखमा समावेश गरी 'अन्ट्रेन्ड ब्युटीसियनहरू बनाम नक्शाको पुरुष' शीर्षक दिएर समीक्षात्मक टिप्पणी प्रस्तुत गरेका छन्। विशेष रूपले यस लेखमा विष्टका कथाहरूलाई नारीवादी चिन्तनको दृष्टिकोणबाट हेरिएको छ।

सञ्जय बान्तवाले आफ्नो *समीक्षण सङ्ग्रह* (सन् २०१४)- भित्रको एउटा समालोचनात्मक लेख 'सञ्जय विष्टका कथाः एक पाठकीय अध्ययन'-मा विष्टका कथाहरूको पाठकीय अध्ययन प्रस्तुत गरेका छन्। उक्त लेखअनुसार सञ्जय विष्ट नवीन शिल्प-शैलीमा कथा लेख्ले उच्चआधुनिक विचारधाराका लेखक हुन् भन्ने उल्लेख गरेका छन्।

ममता लामाद्वारा लिखित *दृष्टि र आधार* (सन् २०१५) शीर्षक पुस्तकमा 'सञ्जय विष्ट र उनको अस्तचालतिर कथासङ्ग्रहः प्रवृत्तिगत अध्ययन' शीर्षक लेख प्रस्तुत छ। उक्त लेखमा विष्टको *अस्ताचालतिर* कथासङ्ग्रहभित्रका कथाहरूको प्रवृत्तिगत अध्ययन

गरिएको पाइन्छ, जसमा सामाजिक यथार्थवाद, मनोवैज्ञानिक पक्ष, समसामयिक सन्दर्भ, अस्तित्ववादी चेतना, विसङ्गतिवोध, नारीवादी चिन्तन आदि प्रवृत्तिगत आधारहरू मुख्य रहेका छन्। यसका साथै उनको लेखमा विष्टका कथागत प्रवृत्ति र शैलीको अध्ययन र मूल्याङ्कन पनि गरिएको पाइन्छ ।

**(ख) पत्र - पत्रिकामा प्रकाशित लेखहरू :** *अध्ययन* सामयिक साहित्यिक सङ्कलन (सन् १९९६) -मा प्रकाशित शान्तिराज शर्माको लेख 'सञ्जय विष्टको शब्दान्त : नयाँ कथाको सन्दर्भ'- मा सञ्जय विष्टले इन्द्रबहादुर राईको लेखनक्षेत्र साथै लेखनशैलीलाई अघि बढाएको कुराको उल्लेख गरिएको पाइन्छ। विष्टको कथालेखनलाई आयामिक कथा प्रवृत्तिसँग तुलना गर्दै आयामिक लेखनकै क्रमिक रूप मान्न सकिने तर्क उनले दिएका छन्।

सोनादा महाविद्यालयको मुखपत्र *सम्भरण* (सन् २०००) -मा प्रकाशित सुमन बान्तवाको 'विष्टको लेखन कला' शीर्षक लेखमा बिष्टको कथामा पाइने शैली राईको कथा शैलीको नकल हो भन्ने मतको खण्डन गरिएको छ। सञ्जय विष्ट इन्द्रबहादुर राईको कथा शैलीबाट प्रभावित भए तापनि कथामा राईको शैलीको नकल नगरेर त्यसलाई विकासको रूपमा अघि बढाएर लगेको उल्लेख यस लेखमा पाइन्छ।

कविता लामाद्वारा लिखित 'समसामायिक नेपाली कथामा लिवाङ अनि विष्ट' शीर्षक लेख *चरित्र कथा विशेषाङ्क* (सन् २०१०) पत्रिकामा प्रकाशित भएको छ। यसमा लामाले विष्ट र लिवाङलाई तुलानात्मक दृष्टिकोणमा प्रस्तुत गरे तापनि दुवै आ-आफ्नै शैलीमा विद्यमान रही कथा लेख्ने गर्छन् भन्ने कुराको पुष्टि गरेका छन्। लामाले विष्टलाई नयाँ लेखन र नयाँ शैली आदिलाई अपनाएर कथा लेख्ने प्रतिभाशाली का कथाकारका रूपमा चिनाएका छन्। यस लेखमा विष्टलाई जातीय चेतनाभित्र पसेर कथा लेख्ने कथाकार भनी औल्याइएको छ।

राधा शर्माले *खोजी* (सन् २०१४) पत्रिकाको नवौं अङ्कमा मिन लिवाङ र सञ्जय विष्टका कथाको तुलानात्मक अध्ययन प्रस्तुत गरेका छन्। उक्त लेख 'दार्जीलिङमा कथालेखनको वर्तमान परिपाटीमा सञ्जय विष्ट र मिन लिवाङका कथाहरू' -मा *अस्ताचलतिर* कथासङ्ग्रहभित्रका 'वर्तमान', 'पूल', 'थुक्क! तैले पनि घर बनाइहाल्नु परोस्' आदि कथाहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ।

जय क्याकटसद्वारा लिखित 'कथा लेखनको नयाँ प्रवाहमा कथाकार सञ्जय विष्टको अस्ताचलतिर' शीर्षक लेख *चरित्र समालोचना विशेषाङ्क* (सन् २०१४) -मा प्रकाशित छ। प्रस्तुत लेखमा आधुनिक कथालेखनमा भित्रिएका नवीन लेखनधाराको चर्चा गर्दै विष्टका कथा नवीन लेखनधाराको उपज हो भनिएको छ। यसका साथै दार्जिलिङको नेपाली समाजमा राजनीतिको प्रकोपले आफ्नै मान्छे र जातिसँग छुट्टिएर बस्नु परेको मार्मिक घटनाहरूलाई कथामा प्रस्तुत गरिएको छ भन्ने चर्चा गरिएको छ।

सञ्जय बान्तवाले *साहित्य सङ्केत* (सन् २०१४), ३४औं अङ्कमा 'उच्चआधुनिक नेपाली कथा र सञ्जय विष्टको कथा शिल्प' शीर्षक लेखमा सञ्जय विष्टले जातीय जीवनको प्रगति स्वरूप कथा लेखेका हुन् र अन्य कथाकारहरूको तुलनामा विष्टलाई उनको कथालेखन शैली र दृष्टिले भिन्न गरेको छ भन्ने मनतव्य व्यक्त गरेको पाइन्छ।

## १.८ शोधको औचित्य

सञ्जय विष्टका धेरैजस्ता कथाहरू '८० –का दशकमा दार्जिलिङ भएको छुट्टै राज्य मागको आन्दोलनका साथै पहाडको राजनीतिक अवस्थाबाट प्रेरित देखिन्छन्। यसकारण सञ्जय विष्टका कथामा राजनीतिक चेतना कस्तो किसिमको रहेको छ भन्ने विषयबारे अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ।

## १.९ शोधको सीमाङ्कन

यस शोधकार्यमा विष्टका कथामा पाइने राजनीतिक चेतनाबारे चर्चा गर्दै दार्जिलिङको नेपाली समाजमा विद्यमान राजनीतिक चेतना र मूल्यहरूको अध्ययन गरिएको छ। यस लघु शोधप्रबन्धमा राजनीतिक दृष्टि र चेतना बोकेको *भविष्यवाणी, पूल, कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस, थुक्क! तैंले पनि घर बनाइहाल्नु परोस्, राजयोग नपरेका युवराजहरू, अन्ट्रेन्ड ब्युटियिसनहरू* आदि कथाहरूको व्यवस्थित रूपले अध्ययन गरिएको छ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्यलाई सकेसम्म वैज्ञानिक बनाउनका लागि निम्नलिखित विधिहरू अपनाइएको छ।

### १.१०.१ शोधको सैद्धान्तिक आधार

यस शोधकार्यमा निगमनात्मक पद्धतिको प्रयोग गरेर विष्टका कथामा रहेका राजनीतिक चेतनासँग सम्बन्धित सैद्धान्तिक आधारहरू प्रस्तुत गर्दै राजनीति चेतनामूलक कथाहरूको अध्ययन गरी विभिन्न प्राविधिक पक्षहरू जस्तै पाद टिप्पणी, चिन्ह प्रयोग, उद्धरण प्रस्तुति, सन्दर्भग्रन्थ सूची आदिको प्रयोगका लागि *नेपाली शैली लेखन* (सन् २०११) र हिज्जे एकरूपताको लागि *बृहत् नेपाली शब्दकोश* ( वि.सं. २०६१) प्रथम संस्मरणलाई मूल आधार बनाइएको छ।

### १.१०.२ सामग्रीसङ्कलन विधि

शोधकार्यलाई पूरा गर्नका निम्ति मूल रूपमा द्वितीय र तृतीय स्रोत (वेब माध्यम) जस्ता सामग्री सङ्कलन विधिलाई अपनाइएको छ। यिनै स्रोतहरूबाट प्राप्त आवश्यक सामग्रीलाई शोधकार्यका लागि सामग्रीको रूपमा समावेश गरिएको छ।

## १०. शोधको अध्याय विभाजन

लघु शोधप्रबन्धको तयारीका लागि वैज्ञानिकता अपनाउन तथा अध्ययन सुविधाका निम्ति प्रस्तुत शोधकार्यलाई चार अध्यायहरूमा निम्नलिखित रूपमा विभाजन गरिएको छ–

| | | |
|---|---|---|
| पहिलो अध्याय | : | शोध परिचय |
| दोस्रो अध्याय | : | राजनीतिक चेतना, पदावलीको अर्थ, परिभाषा र परिचय |
| तेस्रो अध्याय | : | कथाकार सञ्जय विष्टः संक्षिप्त जीवनी, कृतित्व र व्यक्तित्व |
| चौथों अध्याय | : | सञ्जय विष्टपूर्व र समकालीन केही भारतीय नेपाली कथामा पाइने राजनीतिक चेतना |
| पाँचौ अध्याय | : | सञ्जय विष्टका कथामा पाइने राजनीतिक चेतनाको अध्ययन |
| छैटौं अध्याय | : | उपसंहार र समष्टि निष्कर्ष |

सन्दर्भग्रन्थसूची

परिशिष्ट

# दोस्रो अध्याय

## २. नेपाली साहित्यमा राजनीतिक चेतना, पदावलीको अर्थ, परिभाषा र परिचय

### २.१ नेपाली साहित्यमा राजनीतिक चेतना

विभिन्न राजनीतिक व्यवस्था परिवर्तन, सत्ता परिवर्तन, समाजमा दलीय राजनीतिको प्रभाव आदि कारणले साहित्यमा राजनीतिक चेतना प्रकट हुँदछ। यस सम्बन्धमा भारतीय नेपाली कथा साहित्यको प्रसङ्गलाई जोडेर हेर्दा शोध नायक सञ्जय विष्ट लगायत उनका पूर्ववर्ती र समकालीन कथाहरूकारहरूका कथामा पनि त्यस किसिमको राजनीतिक चेतना प्रकट भएको पाइन्छ। यसबारे आगमी परिच्छेदमा चर्चा गरिनेछ। साहित्यसँग राजनीतिक कसरी जोडिन आएको छ भन्ने विषयमा निम्नलिखित उपशीर्षकहरूको आधारमा चर्चा गर्नु उपयुक्त हुनेछ।

### २.२ 'राजनीतिक चेतना' पदावलीको अर्थ

राजनीतिलाई नीतिहरूको राजा मानिन्छ। यस सम्बन्धमा वेभ स्रोतमा यसरी उल्लेख गरिएको पाइन्छ-

> *प्राचीन युगमा राजनीति जनता, समुदाय वा समाजको हितको लागि गरिन्थ्यो। तर समयको परिवर्तनसँगै राजनीतिले आफ्नो मौलिक परिभाषा हराएर गयो। हालमा राजनीति एउटा व्यवसाय भएको छ, जो जनताको हितको लागि भन्दा पनि राजनीति गर्ने नेताहरूको निजी फायदाको लागि गरिन्छ।*[1]

---

[1] www.universeinhindi.com/what-is-consciousness-in-hindi/umang, May 19, 2015

साधारणतः दलको राजनीति भन्नाले राजनीतिक दलहरूका बीचको वैचारिक मत भिन्नता, शक्तिको सङ्घर्ष, विभिन्न राजनीतिक दलका नेताहरूले अपनाएका चुनावी रणनीति इत्यादि बुझिन्छ। हेग, हरोप अनि मेककरमिकले आफ्ना सम्पादित कार्य *कम्पेरिटिभ गभर्नमेन्ट एण्ड पलिटिक्सः एन इन्ट्रोडक्सन* -मा भनेका छन्-

> *राजनीतिलाई त्यस्तो गतिविधिका रूपमा परिभाषित गर्न सकिन्छ, जसमा शासनको एकाइभित्र चासोका महत्त्व र सम्पूर्ण समुदायको अस्तित्वको अनुपातमा बराबर अंश (हिस्सा) दिएर सुल्झाउन सकिन्छ।*[2]

प्रसिद्ध ग्रीक दार्शनिक अरस्तुको अमर कार्य 'पलिटिक्स' (राजनीति)-लाई राजनीतिको संज्ञा दिइएको छ। यो अङ्ग्रेजी शब्द पलिटिक्सको नेपाली रूपान्तरण हो। 'राजनीति' अर्थात् पलिटिक्स ग्रीक शब्द 'पोलिस' बाट लिइएको हो, जसको अर्थ शहर वा राज्य भन्ने बुझिन्छ। अरस्तुकाअनुसार राजनीतिको मुख्य विषय राज्यको कार्य, उत्पत्ति वा प्रवृत्ति आदि हुन्। तर मौलिक रूपमा आधुनिक राज्यहरू उत्पत्ति, प्रकृति र कार्यहरूमा प्राचीन राज्यहरूभन्दा भिन्न हुन्छन्। तसर्थ वर्तमानमा राजनीति शब्दलाई अरस्तुले अर्थाएका अर्थको आधारमा प्रयोग गरिएको पाइँदैन। सुकरात भन्छन्,

> *जतिसुकै सामान्य मान्छे पनि नसकिकेको काम गर्दैन। तर सरकार चलाउने राजनीति जस्तो सबभन्दा कठिन काममा लागि भने सबैले आफूलाई सुयोग्य पात्र भनिठान्छन्।*[3]

उक्त भनाईबाट मानिसले साधाराण कार्य गर्न नमाने पनि राजनीति गर्न केही असजिलोपन नमानेको बुझिन्छ। सोही कुरा यहाँ लागु हुँदछ। अहिले सामान्यभन्दा

---

[2] Rod Hague, Martin Harrop, John McCormick, (2016,), **Comparative Government and Politics: An Introduction**, London : Palgrave Macmillan Publishers Ltd., ISBN- 978-1-137-52836-0, Page- 6.
[3] जगदीश घिमिरे, (वि.सं. २०६९), **अन्तरमनको यात्रा**, रामेछाप, नेपाल : जगदीश घिमिरे प्रतिष्ठान, पृ.सं. १६४।

सामान्य पेसामा कार्यरत हुन शिक्षा-दीक्षा, अनुभव आदिको माग हुन्छ, तर राजनीति गर्नलाई शिक्षा महत्त्वपूर्ण ठहरिँदैन। राजनीतिक पेसामा संलग्न हुनलाई उमेर भए पुग्दछ। तर अपुरो शिक्षा र अनुभवहीन भएर गरिएको राजनीतिले समाज र देश दुवैमा सुधार ल्याउँदैन। सामान्य रूपमा 'राजनीतिक' भन्नाले *राजनीतिसम्बन्धी या राजनीतिको गतिविधि* [4] आदि बुझिन्छ। त्यसैगरी 'चेतना' भन्नाले *होस्, चेत, बोध, अनुभूति* [5] भन्ने शब्दकोशीय अर्थ बुझिन्छ। अतः राजनीतिसँग सम्बन्धित राजनीतिको निजि अनुभूतिलाई "राजनीतिक चेतना" भनिन्छ।

> *साधारणतः चेतना मात्र भन्नाले मानिसको विचारसँग सन्दर्भित छ, जो स्व-जागरूक हुँदछ। चेतनाको सामान्य अर्थ कुनै पनि व्यक्तिलाई आफ्नो भावना, विशेषता र अस्तित्वकोबारेमा ज्ञात हुनुको साथै यी सबैलाई बुझ्नमा सक्षम हुनु हो।*[6]

राजनीतिक चेतनाले राजनीतिका घटनाहरूलाई आफ्नै तरिकाले परिभाषित गर्दछ, जसले राजनीतिक प्रक्रियालाई व्यक्तिगत विषय मानेको छ।

*मार्क्सका अनुसार चेतनाले कुनै एक व्यक्तिको राजनीतिक भावनालाई वर्णन गर्दछ।*[7] अर्थात् चेतना भन्नाले कुनै एक व्यक्तिको राजनीतिप्रतिको आफ्नो निजी विचार हो। अतः राजनीतिक चेतना भन्नाले मानिसमा राजनीतिबारे व्यक्तिगत एवम् सैद्धान्तिक ज्ञान हुनुका साथै राजनीतिबारे जागरूकता पनि हो भन्ने बुझिन्छ। सञ्जय विष्टका कथाहरूमा आधुनिकता र सामाजिक यथार्थता धेर पाइन्छ। उनको कथालेखन शैली त्यति सहज र सरल छैन, तर उनले कथालाई नयाँ उचाईमा पुऱ्याएका छन्। सञ्जय

---

[4] हेमाङ्गराज अधिकारी (प्र. सम्पा.), (वि. सं. २०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाण्डौ : विद्यार्थी प्रकाशन प्रा.लि., पृ. सं.-८४४

[5] पूर्ववत, पृ. सं.-३१६।

[6] www.universeinhindi.com/what-is-consciousness-in-hindi/umang, may 19, 2015

[7] https://en.wikipedia.org/wiki/Politicalconsciousness, 8 February 2017, at 23:03.

विष्टका कथाहरूको सम्बन्धमा राजनीतिले समाजको एक पाटालाई नै देखाउने काम गरेको छ। उनका कथाहरूले आजको नेपाली समाजमा विद्यमान राजनीतिक परिवेशलाई प्रतिबिम्बित गरेका छन्। घुसिया, कमिसनखोर राजनीतिक दलका नेताहरूको चलखेल र स्वार्थी मनोभावले गर्दा जनता दिग्भ्रमित भएको र त्यस्ता जनतालाई राजनीतिक चेतनाद्वारा सचेत गराउनमा विष्ट आफ्ना कथामा सचेत देखिन्छन्। विशेषगरी उनका कथाहरूमा भिन्न-भिन्न घटना र विषयवस्तु समावेश भएको पाइन्छ। उनले थुक्क! तैंले पनि घर बनाइहाल्नुपरोस् शीर्षक कथामा पनि सामाजिक यथार्थतालाई आफ्नो कथाको मूलविषय बनाएका छन्। नारीवादी राजनीतिक चेतना, परिवर्तनकारी राजनीतिक चेतना, सत्तामूलक राजनीतिक चेतना, व्यवस्थापनमूलक राजनीति चेतना इत्यादि राजनीतिक चेतनाहरूमध्ये सामाजिक राजनीतिक चेतना पनि एक हो, जुन सञ्जय विष्टको उक्त कथा थुक्क! तैंले पनि घर बनाइहाल्नुपरोस् कथामा पाइन्छ।

समाजमा जनता त्यति धेरै शिक्षित र सचेत नभएकै कारणले राजनीतिक माध्यमबाट जनतामा जागरूकता ल्याउनका लागि कथालाई एउटा सशक्त माध्यम बनाइएको कुरो विष्टका कथाहरूबाट थाहा लाग्छ। समाजका विभिन्न पत्रहरूमध्ये राजनीतिक पक्ष पनि एउटा पक्ष हो र विष्टका कथामा यो पक्ष पनि एउटा विशेष रूचिको क्षेत्र देखिएको छ। उनले यस क्षेत्रलाई कथामा सचेत रूपमा भित्र्याएका छन्।

## २.३ समाज  र राजनीति

मान्छे सामाजिक प्राणी भएकोले उसको रुचि वा झुकाउ समाजप्रति रहेको हुन्छ। सामाजिक संरचनाभित्रै एउटा व्यक्तिको वैयक्तिक मर्यादा, मानसम्मान र आत्मनिर्णयको उचित मूल्याङ्कन हुँदछ। यसकारण मान्छेले आफू समाजमा बस्नु मात्र नभई समाजभित्र आफूलाई पूर्ण रूपले सुरक्षित रहेको बोध पनि गर्दछ। सामान्यतया समाज भनेको धेरै मानिसहरू एकसाथ रहने ठाँउ हो, तर समाज शब्दको अर्थ त्यति मात्र होइन। वास्तवमा

समाज भनेको आपसी सम्बन्ध, अटुट मैत्रीभाव तथा वैचारिक आदानप्रदानद्वारा पोषित एउटा सामूहिक शक्ति वा सत्ता पनि हो। यस दृष्टिले मानिसहरूको समूहलाई समाज नभनेर विचारहरूको एकताद्वारा उन्नत सामूहिक चेतनालाई समाज भन्न सकिन्छ। प्रत्येक व्यक्ति आफ्नो निजी विचार, इच्छा, आकांक्षा र कर्मसँगै बाँच्ने भए तापनि जीवनयापनको क्रममा ऊ एक्लो रहन सक्तैन। यति हुँदाहुँदै पनि एक व्यक्तिको निजी विचार अर्को व्यक्तिको विचारसित मिल्न सक्तैन। त्यसो हुँदा समाजमा वैचारिक द्वन्द्वको स्थिति देखा पर्छ, तापनि मानवीय सहभाव वा भावनात्मक एकताको कुरामा भने शिथिलता आएको देखिँदैन। यस्तो स्थितिको जन्म समाजप्रतिको धारणाले गर्दा सम्भव भएको हो भन्ने मान्न सकिन्छ।

समाजमा पनि विभिन्न व्यक्तिमाझ तालमेल बनाइराख्न तथा सामाजिक संरचनालाई व्यवस्थित गराउनमा विभिन्न कुराहरू उत्तरदायी हुन्छन्। तीमध्ये राजनीति पनि एउटा हो। समाजलाई कुशल नेतृत्व दिएर सामाजिक विषयमा सुधार ल्याउने एउटा व्यवस्थाको रूपमा राजनीतिको वर्चस्व कायम रहेको देखिन्छ। यसको अभावमा समाजले विकासशील स्वरुप प्राप्त गर्न सक्तैन। अतः समाजलाई गति र दिशा दिने व्यवस्थाको रूपमा राजनीतिक क्रियाकलापहरू प्रभावकारी रहेका हुन्छन्, तथापि राजनीतिमा सत्ता र शक्तिको प्रलोभन रहनाले मान्छे जातिमा यसको नकारात्मक प्रभाव पर्ने गरेको पाइन्छ। सत्ताप्राप्तिका निम्ति गरिने छल, षड्यन्त्र, जालजेल वा विभिन्न प्रकारका कुटनीतिहरूले मानवीय सद्भावनामाथि ठूलो चोट पुऱ्याउने गरेको कारण सामाजिक अन्तरअनुशासनको रूपमा साहित्यिक गतिविधि हुन थालेको देखिन्छ।

## २.४ साहित्य र राजनीति

साहित्य र राजनीतिबिचको सम्बन्ध के हो ? त्यो सम्बन्ध कस्तो हुनुपर्छ ? यी प्रश्नहरूको समाधानबाटै साहित्यमा राजनीतिको भूमिका स्पष्ट बनाउँछ। वास्तवमा

अन्तरअनुशासनात्मकताको दृष्टिकोणबाट हेर्दा पनि एक विषय क्षेत्रदेखि अर्को विषय क्षेत्रमा प्रवेश गर्नु नै दुई भिन्न विषयको सम्बन्ध हो र यो नै उत्तरआधुनिकतावादी लेखनमा पाइने अन्तरअनुशासनात्मकता वा अन्तरपाठात्मकताको विशेषता पनि हो। सञ्जय विष्टका कतिपय कथाहरूलाई हेर्दा तिनका कथाहरूमा यो विशेशता पाइन्छ। अध्ययनका कतिपय वर्तमान शोधक्षेत्रमा पनि यिनै विषयलाई केन्द्र बनाई साहित्य र प्रजातन्त्र, साहित्य र युद्ध, साहित्य र राजनीतिक चेतना आदिमाथि अध्ययन-मनन भइरहेको छ। यस सन्दर्भमा सञ्जय विष्टका कथामा राजनीतिक चेतना विषयक अध्ययन पनि सान्दर्भिक हुन आएको छ।

*साहित्य सधैँ नै समय र समाज सापेक्षित हुन्छ यसर्थ नै साहित्यले समयानुकुल सामाजिक रूची, स्थितिको रूपमा आफूभित्र समेटेर सिंगो र जिउँदो स्वरूप स्थापन गर्छ।*[८] साहित्यमा समाजका विभिन्न पक्षहरू-सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, धार्मिक आदि अभिव्यक्त हुन्छन्। तीमध्ये राजनीतिक पक्ष पनि एउटा हो। राजनीतिक विचार वा दर्शनलाई व्यक्त गर्ने सशक्त माध्यम साहित्य नै हो। दिग्भ्रमित जनतामा राजनीतिक चेतना जगाउनमा साहित्यले अहम भूमिका खेलेको हुन्छ। विश्वका ठूलठूला क्रान्तिहरू - फ्रान्सेली जनक्रान्ति, रूसी क्रान्ति, भारतीय स्वतन्त्र सङ्ग्रामको क्रान्ति, नेपालको जनक्रान्तिको पछि साहित्य नै पृष्ठपोषकको रूपमा रहेको तथ्यलाई इतिहासले बताउँछ। जनताको दमित आवाज, शासकवर्ग र राजनीतिक दलहरूका विविध क्रियाकलाप, प्रशासनतन्त्रमा देखिएका विकृति र भ्रष्टाचार आदिलाई खुलस्त अभिव्यक्ति दिने काम साहित्यमा मात्र सम्भव छ। राजनीतिक चेतनाको आधार के हो ? अवश्यै अशिक्षा, दासमनोवृति, खुलेर विरोध गर्न नसक्नु आदिकै कारणले जनता दिग्भ्रमित हुन्छ र त्यस्ता

---

[८] असीत राई, (सन् २००४), **भारतीय नेपाली साहित्यको इतिहास**, दार्जिलिङ : साझा पुस्तक प्रकाशन, पृ. सं. १७।

दिग्भ्रमित जनतालाई सचेत गराउनका लागि लेखकले साहित्यका माध्यमबाट राजनीतिक चेतना जगाइदिन्छ।

वास्तवमा राजनीति र साहित्य एकार्काका पूरक देखिन्छन्। राजनीतिकै प्रभावले साहित्य लेखिन्छ र साहित्यबाटै नीति निर्धारण गरेर राजनीति गरिन्छ। यी दुवैको अन्तःसम्बन्धबाट राजनीतिक चेतना जन्मन्छ। यसैले जगदीश घिमिरे लेख्छन् – *साहित्य लेखिने राजनीति हो। राजनीति गरिने साहित्य हो।* [९]

साहित्यलेखन एकजना व्यक्तिले गरेको निजी कार्य भए तापनि सामाजिक परिवेशलाई समेटेर साहित्य लेख्नु नै यसको मूल लक्ष्य हुनाले यो एउटा सामाजिक सम्पति बन्दछ। समाजको हरेक सदस्य साहित्य पढेर प्रभावित बन्दछ। यसले राजनीतिको निम्ति मार्ग प्रशस्त गर्दछ र मानिस जातिमा राजनीतिक चेतनाको विकास गराउँदछ। यसकारण समाजमा साहित्यको महत्त्व र मूल्य सर्वमान्य रहेको पाइन्छ।

## २.५ नेपाली कथा साहित्यमा राजनीतिक चेतनाको प्रयोग र परम्परा

आजको अन्तरअनुशासनात्मकताका सन्दर्भमा साहित्य र राजनीति एकार्काका पूरक नभए तापनि राजनीतिले साहित्यलाई कुनै न कुनै कोणबाट सधैं आफूसँग डोऱ्याएको हुँदछ। समाजमा राजनीतिको प्रभाव जुन प्रकारले परेको हुन्छ त्यही प्रकारको प्रभाव समाजबाट साहित्यमा पनि पर्न जान्छ र त्यही किसिमले त्यस काल वा युगको साहित्य लेखिने गर्छ। देश र समाजमा राजनीतिक, सांस्कृतिक, आर्थिक र भौगोलिक गरेर जुन किसिमको वातावरण सिर्जित भएको हुन्छ, त्यही किसिमले जनता पनि प्रभावित हुने गर्दछ र त्यही अनुरूप साहित्यकारले] उनका कृतिहरूको सृजना गर्दछ। साहित्य विविध विषयको एउटा शरीर हो। यस अन्तर्गत कथा, कविता, उपन्यास, महाकाव्य, खण्डकाव्य

[9] जगदीश घिमिरे, (सन् २०६९),पूर्ववत, पृ. सं. ७५।

आदि विविध विधा पर्न आउँचन्। साहित्यका यी विविध विधाहरूले विविध प्रवृत्ति, घटना, तत्त्व, परिवेश, शैली आदिलाई आ-आफ्नो क्षेत्रअन्तर्गत समेटेका हुन्छन्। विशेषगरी यहाँ नेपाली साहित्यमा राजनीति चेतनामूलक कृतिहरू कहिलेदेखि लेखिन थाले भन्ने कुरामा धेरै मतमतान्तरहरू पाइन्छन्। चूडामणि बन्धुद्वारा सम्पादित पुस्तक *नेपाली साहित्यको इतिहास* (प्रथम खण्ड) -को *प्राथमिककालको आख्यानेतर* गद्य शीर्षक आठौं अध्यायमा ललितत्रिपुसुन्दरीद्वारा सन् १८३१ भन्दा पहिले लेखिएको 'राजधर्म' लेखलाई राजनीतितिर केन्द्रित भई लेखिएको पहिलो लेख भनेर उल्लेख गरिएको छ। यस भनाइको पुष्टि गर्नलाई यो पंक्तिलाई लिन सकिन्छः

> *अझ राजनीतितिर केन्द्रित भई रणबहादुर शाहकी कान्छी छोरी ललितत्रिपुसुन्दरीद्वारा सन् १८३१ भन्दा पहिले लेखिएको 'राजधर्म' यस सन्दर्भमा उल्लेख्य छ। महाभारत युद्धपछि आशौच बारेर बसेका पाण्डवहरूलाई ऋषिहरूले दिएको उपदेश 'शान्तिपर्व'मा वर्णित छ। त्यही महाभारत शान्तिपर्वमा वर्णित नीति तथा राजधर्म आफ्ना छोरानातिहरूलाई शिक्षा दिने उद्देश्यले लेखइएको यस रचनाको भाषा सरल र प्रवाहमय छ।* [10]

हरेक समय र युगको राजनीतिले त्यस साहित्यलाई प्रभाव पारेको हुन्छ। प्रत्येक देशकाल र परिस्थितिको साहित्यले त्यस समाज र देशको राजनीतिक, सांस्कृतिक, सामाजिक, आर्थिक र भौतिक चित्रलाई दर्शाउने चेष्टा गरेको हुन्छ। यसै सन्दर्भमा नेपाली साहित्यमा पनि युगानुकुल साहितियिक रचनाहरू लेखिएका छन्, जसमा सामाजिक, सांस्कृतिक, आर्थिक आदि प्रवृत्तिहरू मुख्य रूपमा रहेका छन्। विशेषगरी नेपाली

---

[10] चूडामणि बन्धु (प्र. सम्पा.), (वि.सं. २०६०), **नेपाली साहित्यको इतिहास**, काठमाडौं, कमलादी : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ सं. २९८।

साहित्यमा राजनीतिमूलक कृतिहरू राणाशासनकै प्रभावबाट लेखिइएका छन्। यस सन्दर्भमा जंगबहादुर राणाको एक तन्त्रीय शासन विशेष उल्लेखनीय छ।

> *आफ्ना ६ भाइहरू (बम, बदरी, कृष्ण, रणोद्दीप, जगत् र धीर) को सहयोग लिएर पहिले मामा (प्रधानमन्त्री माथवर सिंह) को र त्यसपछि आफ्ना दौंतर तथा बुज्रुक भारदारहरूको हत्याले हात रंगाएर जंगबहादुर राणाले शक्ति हत्याएका थिए।*[11]

त्यस घटनालाई सन् १८४६ को 'कोतपर्व'को दमनकारी घटना पनि भनिन्छ। त्यसपछि नेपालको इतिहासमा चलेको घात-प्रतिघातको राजनीतिले नेपालको समाज, साहित्य सबैमा प्रभाव पार्न गएको पाइन्छ। शरदचन्द्र शर्मा (भट्टराई) लेख्छन्-

> *नेपालको इतिहासको जुन समय-खण्डलाई नेपाली इतिहासको माध्यमिककाल मानिन्छ राजनैतिक दृष्टिले निरंकुशता, घात-प्रतिघात, शोषण अनि विलासिता परिव्यास भएको समय हो।*[12]

'कोतपर्व'-को दमनकारी घटनापछि नेपालको राजनीतिमा जंगबहादुरको उदय भयो। त्यसै बेलादेखि नेपालमा राजनीतिक गतिविधि राजदरबारमा मात्र नभएर जनता र समुदायमा नै फैलिएको मानिन्छ। दुश्मन ठानिएका अङ्ग्रेजहरूले नेपालीहरूलाई सेनामा भर्ती दिई प्रथम विश्वयुद्ध सन् १९१४-१८ -मा संसारका विभिन्न क्षेत्रमा युद्ध लड्न लगाए। पछि त्यही युद्धबाट फर्कनमा सफल भएकाहरूले *गोर्खाली* (सन् १९१५), *गोर्खासंसार* (सन् १९२६), *तरुण गोर्खा* (सन् १९२९) आदि पत्रिकाका माध्यमद्वारा राणाशासनका अन्याय र अत्याचार विरूद्ध आवाज उठाए। नेपाली साहित्यमा राजनीतिक

---

[11] शरदचन्द्र शर्मा (भट्टराई), (सन् १९८१), **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल), त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र, पृ.सं. ३८।
[12] पूर्ववत, पृ.सं. ३९।

पृष्ठभूमिअन्तर्गतका कृतिहरूमा गेहेन्द्रशमशेरको *गेहेन्द्र काण्ड* (सन् १९१९) र कृष्णलाल अधिकारीको *मकैपर्व* अर्थात् मकैखेती (सन् १९२०)-लाई पनि मुख्य रूपमा लिन सकिन्छ। मकैपर्व पुस्तकसम्बन्धी यस्तो भनाइ छः

> *वस्तुतः उक्त पुस्तक विशुद्ध प्राविधिक र अनुदित रचना थियो तर यसमा परेका केही शब्द तथा पदावली राणाशासनप्रति व्यङ्ग्यात्मक भएको आरोप लगाइएको थियो। एक हजारप्रति छापिएको उक्त पुस्तक सबका सब जलाइनु र एक प्रति नपाइँदा लेखकलाई तीन वर्ष थप कैदको सजाय सुनाइनु अत्याचारको चरम पागलपन मान्न सकिन्छ। राणाशासनमा लेखनकार्य त्यसै व्यवधानपूर्व त छँदै थियो अझ मकैपर्वले त फुकी-फुकी लेख्ने कवि-लेखकलाई पनि विचलित तुल्यायो।*[13]

*मकैपर्व* -मा अराजनीतिक कुराहरू भए तापनि यसका केही शब्द तथा वाक्यहरूले राणाशासनप्रति व्यङ्ग्य प्रहार गरेका हुनाले यसका रचयिता कृष्णलाल अधिकारीले जेलमा थुनिएर आफ्नो ज्यान गुमाउनु परेको र अन्य लेखकहरुले पनि लेख्न छाडेको कुरा उल्लेख गरिएको छ।

नेपाली साहित्यमा राणाशासन बिरूद्ध लेखहरू भने मोतीराम भट्टले सम्वत १९३८ देखि १९४१ -का बीचमा रामायणको बालकाण्ड बनारसबाट छपाएपछि नै छाप्न थालेका हुन्। तर त्यस सम्बन्धमा खासै कुनै कृतिहरूको नाम दिन सकिँदैन। अतः नेपाली साहित्यको राजनीतिक पृष्ठभूमि खोज्ने क्रममा ठोस कुनै कृति भने त्यसबेला नपाए तापनि पछि पाइएका कृतिहरूको नामलाई हेर्न सकिन्छ। यसै क्रममा *सुक्तिसिन्धु* (सन् १९१७) को नाम लिन सकिन्छ। हुनत *सुक्तिसिन्धु* –ले कुनै पनि राजनीतिक तत्त्व बोकेको पाइँदैन, तरै पनि *सुक्तिसिन्धु*- का सम्पादकले त्यसबेला नेपालबाट भारतमा सहायतास्वरूप

[13] चूडामणि बन्धु (प्र. सम्पा.), पूर्ववत्, पृ.सं. ३१८।

पठाइने पल्टनलाई यसका रचनाले प्रभाव पारेर यस कृतिमाथि रोक लागेको कुरा प्रकाश पारेका थिए। उदाहरणार्थः

> *"सुक्तिसिन्धु" जस्तो श्रृङ्गारी कविताहरूको सङ्ग्रहबाट तत्कालीन सरकाकलाई कुनै खतरा पर्ने कुरा थिएन। तर त्यतिखेर नेपालबाट भारतमा सहायतास्वरूप पठाइने भएको पल्टन (महेन्द्रदल)को तालीम इन्चार्जमा रहेको ज. रामशमशेरलाई र पल्टनका जवानहरूसमेतलाई "सुक्तिसिन्धु"का श्रृङ्गारी रचनाले बिगार्न थालेको एवं दरबार र जनता भँडने, अशान्ति मच्चाउने गरेको कुराको झुठो चुक्ली पर्न गई तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेर रिसाउन गएका र उनीबाट रामशमशेरको खप्की खानुपरेको, शयामजीप्रसादका निम्ति दरवारका द्वार बन्द हुन गएको, अरू संग्रह निकाल्ने जोश ठण्डा पर्न गएको अनि तत्कालीन कविहरूका मनमा डरको झस्का पर्न गएको आदि कुरामाथि स्वयं "सुक्तिसिन्धु"का संपादकले प्रकाश पारेका छन्।*[14]

यसर्थ यो कृति राणाशासनसँग जोडिएको हुनाले यस कृतिको नाम यहाँ उल्लेख गर्न सकिन्छ।

वि. सं. २००६ (१९४९) -मा ईश्वर बरालको सम्पादनमा *झ्यालबाट* शीर्षक नेपाली कथाहरूको सङ्कलन पुस्तक प्रकाशित भयो। यसमा कथा र कथाकारहरूका प्रवृत्तिगत परिचयका साथै साहित्यिक विधाको रूपमा कथाको उद्भव तथा विकास अनि नेपाली साहित्यमा कथाको विकासक्रममाथि प्रकाश पारिएको छ। नेपालबाट भारतीय नेपाली साहित्य जगतमा पनि राजनीतिको प्रभाव पर्न गएको देखिन्छ। विशेषतः भारतेली नेपाली साहित्यमा राजनीतिक चेतनामूलक कथाको थालनी भने सन् १९१४-१९२६ -को कालावधिमै छापिएको पाइन्छ। यस सम्बन्धमा ईश्वर बरालको भनाई यस्तो छ-

[14] शरदचन्द्र शर्मा (भट्टराई), पूर्ववत्, पृ. सं. ७५-७६।

*१९७१ मा बनारसबाट प्रकाशित गोर्खाली राजनीतिप्रधान पत्रिका थियो। एसका प्रकाशनले गर्दा प्रधानमन्त्री चन्द्रशमशेरलाई आफ्नो सिंहासन हल्लने त्रास भयो र तिनकै चालले दुई वर्ष जतिपछि यो बन्द भयो हो।*[15]

अतः *गोर्खाली* पत्रिकालाई त्यस समयको राजनीतिक चेतनामूलक लेख लेखिने पत्रिका मान्न सकिन्छ। त्यसपछि सन् १९२६- मा देहरादुनबाट प्रकाशित हुने *गोर्खासंसार* र *तरूण गोर्खा* मासिक पत्रिकाले पनि राजनीतिक स्वरूपका रचनाहरू प्रशस्त मात्रमा छाप्न थालेका थिए। भारतीय नेपाली साहित्यमा सन् १९४४ -मा कालेबुङबाट राजनीतिक दल गोर्खालीगको मुखपत्रका रूपमा प्रकाशित हुनथालेको *गोर्खा* सप्ताहिक पत्रिकामा पनि राजनीतिक चेतनायुक्त रचनाहरू छापिएको पाइन्छ, जस्तै - अच्छा राई रसिकका *पुलिस (गोर्खा, २/२३-२४, सन् १९४६), चपरासी (गोर्खा, ५/२४, सन् १९४९)* आदि। तर त्यस साहित्यिक पत्रिकाले साहित्यिक रचनाहरूलाई राजनीतिको प्रचार-प्रसारको निम्ति मात्र प्रयोग गरेकोले त्यहाँ कुनै खास राजनीति चेतनायुक्त कथाहरू लेखिएनन्, जे लेखिए ती केवल गोर्खालीगको राजनीतिक क्रियाकलापको प्रचार-प्रसार मात्र थियो। नेपाली साहित्यमा कथालेखनको परम्परालाई हेर्दा शक्तिवल्लभ अर्यालको *महाभारतविराट्पर्व* (वि. स. १८२७), भानुदत्तको *हितोपदेश मित्रलाभ* (वि.सं. १८३३)आदि अनूदित आख्यानात्मक कृतिहरूबाट नेपाली आख्यान परम्परा प्राम्भ भएको मान्न सकिन्छ। भारतीय कथा क्षेत्रमा अनूदित कथाहरूको क्रमलाई छोडेर मौलिक कथाहरूको थालनी सन् १९२६ –को *गोर्खा संसार* पत्रिकामा प्रकाशित लाहुरे (सूर्यविक्रम ज्ञवाली)-को कथा *देवीकोबलि* शीर्षक कथालाई मान्न सकिन्छ।[16]

[15] ईश्वर बराल, वि.सं. २०५३, **झ्यालबाट**, ललितपुर, नेपाल : साझा प्रकाशन, पृ.सं- ९०।

[16] प्रतापचन्द्र प्रधान, (सन् १९८३), **नेपाली कथावलोकन**, दार्जीलिङ : दिपा प्रकाशन, पृ.सं. १५।

भारतीय नेपाली गद्याख्यानको परम्मपरामा *मुन्सीको तीन आहान* (वि. सं. १८१९), विलियम क्यारीको धर्मपुस्तकः *सुसमाचार मातिउरचा* (वि. सं. १८२१) र *सेरामपुर बाइबल* (वि. सं. १८२९) आख्यानहरूलाई मुख्य रूपमा लिन सकिन्छ।

> *यी तीनैवटा आख्यान भारतमा अङ्ग्रेज शासनको स्थापना र इसाई मतको प्रतारको क्रममा नेपालीमा प्रस्तुत गरिएका कृति हुनाले यिनको निर्माणिका पछिल्तिर उपनिवेशवादी राजनैतिक लक्ष्य त छँदैछ भाषाको दृष्टिले पनि यी तीनैवटा आख्यान यिनका समकालीन नेपाली लेखकहरू कृतिभन्दा बेग्लै छन्।*[17]

*सेरामपुर बाइबल* -लाई भारतीय गद्याख्यानको क्षेत्रमा दोस्रो कृतिको रूपमा लिन सकिन्छ। आख्यानात्मक गद्यकृतिको क्षेत्रमा देखापरेका अन्य कृतिहरू हुन् - कृष्णलाल नेवारको *लक्ष्मीधर्म संवाद, तुलसी भक्ति र बुद्धि चानाक्य ग्रन्थहरू* आदि। यसरी भारतमा गद्याख्यानको शुरूवात र थालनी भएको पाइन्छ। यसरी गद्याख्यान लेखनको थालनी पछि साहित्यका अरू विद्या-उपविद्यामा पनि कलमहरू चल्दै गए। विभिन्न युगले आ-आफ्नै काल र समयको साहित्यलाई दर्शाएका छन्। यही सन्दर्भमा समयको मांग र सामाजिक क्रियाकलापहरूको प्रभावले साहित्यमा विभिन्न प्रभाव, विशेषता, चेतना आदि पर्न गएको पाइन्छ। ती विभिन्न प्रभाव र चेतनामा धार्मिक, सामाजिक, आर्थिक, राजनीतिक चेतना पनि पर्न जान्छन्। विशेषत् सन् १९४७- मा भारतमा ब्रिटिष बिरुद्ध लडिएको स्वतन्त्रता सङ्ग्रामले राष्ट्रमा साथै साहित्यमा पनि परिवर्तन ल्याएको पाइन्छ। त्यही राजनीतिक परिवर्तनको प्रभाव लेखकहरूमा विशे, रूपले पर्दै गएको हुनाले साहित्यमा पनि राजनीतिक लेकादि भित्रिनु थाल्यो। घनश्याम नेपालको *नेपाली साहित्यको परिचयात्मक इतिहास* शीर्षक पुस्तकमा १९३४ देखि १९६० सम्मको अवधिलाई रोमान्टिक कालको नाम

[17] घनश्याम नेपाल, सन् २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास** संशोधित र परिवर्द्धित संस्करण, सिलगढी :एकता बुक्स हाउस प्रा. लि., पृ. सं. १२२।

दिइएको छ। यिनै पुस्तकको आधारमा भारतमा राजनीतिक लेखादिहरूको शुरूवात् रोमान्टिक कालमा भएको मान्न सकिन्छ। यस सम्बन्धमा समालोचक घनश्याम नेपाल लेख्छन्-

> *परिणामस्वरूप मार्क्सेली चिन्तनको अत्यन्त सतही र प्रायः किबदन्तीबाट प्राप्त जानकारीका भरमा सामाजिक वर्गभेद र आर्थिक विषमताको तीव्र एवम् भावुकतापूर्ण आलोचना गर्दै कथा लेख्ने कथाकारहरू यसै युगको मध्यतिर देखा परे।*[18]

यसरी प्रथम चरणमा देखापरेका राजनीतिक कृतिहरू यसप्रकार देखिन्छन्- गोविन्दप्रसद लोहनीको *नेतृत्वको भोक*, तेजबहादुर प्रसाईंको *२००७ साल* (१९५५), चैनपुरे जन सांस्कृतिक सभाद्वारा सम्पादित *को अटेरी* (१९५५), भवानीप्रसाद घिमिरेको *आत्मज्वाला* (१९५२), तथा *नभाग* (१९५४), *गाउँको सन्देश* (१९५३), *कामरेड जाने होइन ?*(१९५२), दुर्गाप्रसाद राईको *एक सर्वहाराको धुकधुकी* (१९६९) आदि।

यसरी विभिन्न कालहरूको कालक्रमिक युगबाट बढ्दै कथामा धार्मिक र  नैतिक परम्पराबाट ग्रामीण परिवेशको चित्रण हुँदै सामाजिक, राजनीतिक, यथार्थवादी प्रवृत्तिमूलक कथाहरू प्रकाशनमा आउन थाले। भारतीय गद्याख्यानमा नेपाली कथामा राजनीतिक चेतनामूलक कथाहरू त्यति धेर पाइँदैन। सुरूदेखि यस प्रवृत्तिको कथा लेखिए तापनि त्यसमा राजनीतिभन्दा नीति, सामाजिक यथार्थजस्ता प्रवृत्ति पाइएकोले ती रचनादिलाई राजनीति चेतनामूलक कथा भन्न सकिँदैन। तर पछि आएर यस क्षेत्रमा पनि धेरै कथाकारहरूका कृतिहरू उल्लेख गर्न सकिन्छ। जस्तैः *मुन्सीको तीन आहान, नेतृत्वको भोक, २००७ साल, आत्मज्वाला* आदि। यसका साथ-साथै राजनीतिक चेतनामूलक कथा लेखनमा रोमान्टिककालदेखि आएका स्रष्टाहरूमा गोविन्दप्रसाद लोहनी, भवानीप्रसाद घिमिरे,

[18] पूर्ववत, पृ.सं. १९४।

दुर्गाप्रसाद राई आदिलाई लिन सकिन्छ। यस अवधिपछि धेरैपछिका कथाकारहरूमा रूपनारायण सिंह, शिवकुमार राई, अच्छा राई, इन्द्रबहादुर राई, गुप्त प्रधान, सानु लामा, शरद् छेत्री, प्रदीप गुरुङ, भीम दाहाल, थिरूप्रसाद नेपाल, सञ्जय विष्ट, धन 'निर्दोष' सुब्बा, प्रवीन राई जुमेली, कालूसिंह रनपहेंली, उदय थुलुङ, आदिको नाम लिन सकिन्छ। रूपनारायण सिंह, शिवकुमार राई, इन्द्रबहादुर राई, गुप्त प्रधान आदि अघिल्लो पुस्ताका कथाकारहरूका रूपमा चिरपरिचित छन् भने बीसौं शताब्दीको अन्ततिर नयाँ कथाकारहरू राजनीति चेतनमूलक कथाहरू लिएर देखापरेका छन् ,जसमा भीम दाहाल, थिरूप्रसाद नेपाल, सञ्जय विष्ट, उदय थुलुङ, धन निर्दोष सुब्बा, प्रवीन राई जुमेली, कालूसिंह रनपहेंली, आदि पर्न आउँछन्।

## २.६ उपसंहार

साहित्य एउटा कला हो र राजनीति त्यसभित्र अन्तर्हित एउटा प्रवृत्ति हो। साहित्य लेखिएर सम्भव हुन्छ भने राजनीतिलाई प्रभावकारी बनाउन विभिन्न थरीको नीति अपनाउनु पर्ने हुन्छ। विद्वानहरूले साहित्यलाई समाजको दर्पण भनेर आ-आफ्नो मत प्रकट गरेका छन्। मानिस विवेकशील प्राणी हुनका साथै चिन्तनशील प्राणी पनि हो। मानिस समाजभित्र रहनु आवश्यक ठहर्दछ। त्यही समाजका विभिन्न क्रियाकलाप तथा संरचनालाई व्यवस्थित रूपमा राजनीतिले हेर्दछ। साहित्य र समाज एकार्काका सम्पूरक भए तापनि साहित्य र राजनीतिको छुट्टाछुट्टै अस्तित्व छ। विद्वानहरूले राजनीतिलाई आफ्ना-आफ्ना विचारअनुसार परिभाषित गरेका छन्। राजनीति एउटा गतिविधि हो जसको मुख्य कार्य समाज, देश अथवा कुनै एउटा जनसमुहको कल्याण गर्नु, उन्नति एवम् प्रगति ल्याउनलाई के-के गर्न सकिन्छ सो अनुरूप व्यवस्थित रूपले काम गर्नु हो। पुरातन युगमा राजनीतिको अर्थ समाज, समुह वा देशको आर्थिक, सामाजिक, व्यवस्थित रूपमा उन्नति, प्रगति वा गठन गर्नु भन्ने बुझिन्थ्यो। समय सापेक्षतामा राजनीतिले आफ्नो

वास्तविक परिभाषालाई हराएर गएको पाइन्छ। अहिले राजनीति मानिसको हितको निम्ति नभएर राजनीतिक नेताहरूको हितको निम्ति गरिन थालियो। अहिले राजनीति सत्ता तथा शक्तिको निम्ति मात्र गरिन्छ।

राजनीतिक चेतनाले विशेषगरी राजनीतिक गतिविधिहरूको बोध गराउँछ। मानिसले राजनीतिक गतिविधिहरू बोध गर्नुलाई मानिसमा जागरूकता आएको मान्न सकिन्छ। राजनीति गर्नलाई व्यक्ति विशेष राजनीतिज्ञता नै हुनुपर्छ भन्ने छैन। राजनीति गर्नलाई शिक्षा-दीक्षा अब्बल हुनु पर्छ भन्ने होइन, तर राजनीति गर्नलाई मानिसमा राजनीतिक चेतना र जागरूकता हुन आवश्यक छ। समाज र देशबारे असचेत अथवा अनुभवबिहिन व्यक्तिले गरेको राजनीति सफल हुन सक्तैन। साहित्यमा राजनीतिक चेतनाको छुट्टै विशेषता छ। त्यो विशेषता राम्रा र नराम्रा दुवै छन्। कतिले राजनीतिक क्रियाकलापलाई प्रचार-प्रसारमा ल्याउन साहित्यलाई माध्यम बनाएका हुन्छन् भने कतिले पैँसाको लालसाले कृतिहरू लेखी राजनीति गर्छन्। यी कुराहरू राजनीतिका नराम्रा कुराहरूमा पर्न जान्छन्। वास्तविक नेताले जनताको हितको निम्ति राजनीति गर्छ। जनता र देशको उन्नतिको लागि राजनीति गर्छ। वास्तविक लेखकले साहित्यको साधना गरेर साहित्य गर्छ। समाजमा घटिरहेको कुरालाई साहित्यको माध्यमबाट पाठकको समक्ष राखी वास्तविकतालाई देखाउने प्रयत्न गर्छ। साहित्यले कहिले सामाजिक यथार्थलाई ल्याएर पाठकअघि राख्दछ त कहिले जातीय अस्तित्वमाथि आइपरेको समस्यालाई। सञ्जय विष्टले आफ्ना कथाहरूमा आफू बसेको समाजको यथार्थ र आफूले भोगेको जातिमाथि आइपरेको समस्यालाई पाठकहरूसमक्ष राखेका छन्। समाजमा भइरहेको कुराहरूलाई आफ्ना कथाहरूमा उतारी पाठकसमक्ष यथार्थ पस्कने कोशिष गरिरहेका एकजना कुशल कथाकारका रूपमा सञ्जय विष्टलाई चिन्न सकिन्छ। भारतीय नेपाली साहित्यमा राजनीतिक चेतनामूलक कथा लेख्न सन् १९१४-१९२६ –मा भएको पाइन्छ। सोही क्रममा अघि बढ्दै गएर समकालीन साहित्यमा सञ्जय विष्ट जस्ता कुशल

कथाकारले आफूले भोगेका कुराहरूलाई कथाको रूपमा पेस गरेका छन्। उनको राजनीतिक चेतनामूलक कथाहरूले दार्जिलिङको नेपाली कथा साहित्यलाई मात्र नभएर सिङ्गो भारतीय नेपाली कथा साहित्यलाई पनि धेरै ठूलो टेवा पुऱ्याउने काम गरेका छन्।

# तेस्रो अध्याय

## ३. कथाकार सञ्जय विष्टः संक्षिप्त जीवनी, कृतित्व र व्यक्तित्व

### ३.१ जन्म र पारिवारिक पृष्ठभूमि

#### ३.१.१ जन्म

सञ्जय विष्टको जन्म २२ अगस्त, १९६८ -मा दार्जिलिङको मङ्पूस्थित लाब्दा बस्तीमा भएको हो। उनका पिताको नाम श्री डिल्लिराम छेत्री र माताको नाम श्रीमती पार्वती छेत्री हुन्।

#### ३.१.२ शिक्षा-दीक्षा

सञ्जय विष्टको शैक्षिक जीवन अलिक बेग्लै किसिमको छ। उनले अरू सामान्य विद्यार्थीहरूले जस्तै क्रमैले पाठशाला पढेनन्। उनले प्राथमिक शिक्षा स्थानीय लाब्दा निम्न बुनियादी पाठशालाबाट ग्रहण गरे भने पाँचौं अनि छैटौं कक्षाको शिक्षा दार्जिलिङको टर्नुबुल हाई स्कुलमा ग्रहण गरे। उनी फेरि सोही स्कुलमा क्रमैले भने पढेनन्। उनको उच्च माध्यमिक र स्नातक तहको पढाई दार्जिलिङ सरकारी महाविद्यालयबाट नेपालीमा सम्मान (सन् १९८६-१९९१) सहित पूर्ण भयो साथै सन् १९९२ देखि १९९४ को अवधिमा उनले काशी हिन्दू विश्वविद्यालयबाट स्नातकोत्तरको पढाई सके। यस अतिरिक्त विष्टले सन् १९९४ -मा रामकृष्म बी. एड कलेज, दार्जिलिङबाट बी. एडको परीक्षा पनि सफलतापूर्वक उतीर्ण गरे।

## ३.२ पेसा र व्यवसाय

पेसागत अध्ययन समाप्तिपछि विष्टले सन् १९९५- देखि जीविका आर्जनका लागि शिक्षण पेसालाई अपनाए। त्यस सालदेखि उनले दार्जिलिङ सरकारी महाविद्यालयमा अनि सन्त जोसेफ महाविद्यालयमा अंशकालीक सहायक प्रध्यापकका रूपमा अध्यापन गर्न थाले। त्यसपछि केही समयको लागि त्यति बेलाको लरेटो (अहिलेको साउथ फिल्ड) कलेज अनि सलेसियन कलेजमा पनि छोटो अवधिको निम्ति अध्यापन गरे। सन् २००४ -को जनवरीमा कालेबुङ महाविद्यालयमा स्थायी रूपमा सहायक प्राध्यापकको नियुक्ति पाएपछि उनको अंशकालीक प्राध्यापन पेसा भने टुङ्गियो। यसर्थ कालेबुङ महाविद्यालयमा स्थायी रूपमा नियुक्ति पाएपछि उनको खास पेसा शिक्षण अथवा प्राध्यापन नै हुन पुग्यो।

## ३.३ कथाकार सञ्जय विष्टका साहित्यिक यात्रा र कृतित्वको विकास

### ३.३.१ लेखनको प्रारम्भः परिवेश, प्रेरणा र प्रभाव

समकालीन कथालेखन क्षेत्रमा देखापरेका एकजना सशक्त कथाकारको रूपमा सञ्जय विष्टलाई लिन सकिन्छ। उनी जहिले सुकै कथा लेख्दैनन्। यस कुरालाई उनले स्वीकारेका छन्। उनी आफै भन्छन् - *कथाहरू म एकोहोरो लेख्न सक्दिन*।[19] कम्ति लेख्छन् तर समाज र जातिप्रति चिन्तनशील भएर लेख्छन्। उनको कथालेखनको प्रारम्भलाई नियाल्दा उनमा लेख्ने क्षमता साहित्यकै संसर्गले ल्यायो भन्ने बुझिन्छ। उनी सानो छँदा पिता श्री डिल्लीराम छेत्रीले अलिअलि साहित्य लेख्नुहुन्थ्यो। उहाँको केही कथाहरू *पश्चिम बङ्गाल* पत्रिकामा प्रकाशित भएको थियो। विष्ट सानो छँदा उनको घरमा पुस्तक सङ्ग्रह गर्ने संस्कार थियो। विष्टका स्कूलका साथीहरू केही मात्रामा लेखनतिर रूचि राख्थे र लेख्थे पनि, तर लेख्ने प्रेरणा र प्रोत्साहन विष्टले स्कूल र घरको वातावरणबाट पाएका हुन् भनेर भन्न सकिँदैन। उनी आफै पनि यस कुरालाई

[19] सञ्जय विष्ट, (सन् १९९३), **शब्दान्त**, दार्जिलिङ : युवा साहित्यिक मंच, पृ.सं. ढ।

स्विकार्दैनन्। सन् १९८६ सालमा विष्ट एघारौं कक्षाका विद्यार्थी छँदा दार्जिलिङ सरकारी महाविद्यालयमा युवा साहित्य मञ्चको स्थापना भएको थियो। त्यही युवा साहित्यिक मञ्चका साथीहरूको संसर्ग र सामीप्यले विष्टलाई साहित्यलेखनमा अल्प प्रेरित गरे तापनि पूर्ण रूपमा प्रेरित गरेको भनेर भन्न सकिन्न। तर यस कुराले विष्टमाथि धेरै प्रभाव पार्न गयो। उनी साहित्यको पठन-पाठनबाट प्रेरित भएर नै आफ्नो लेखन कार्यलाई हालसम्म अघि बढाउदै लगिरहेका छन्।

### ३.३.२ साहित्यिक यात्रा र कृतित्त्वको विकास

दार्जिलिङको नेपाली समाजलाई छर्लङ्ग पार्ने विष्टको साहित्यिक यात्रा सुरूमा नै कथालेखनदेखि प्रारम्भ भएको भने होइन। उनले सबैभन्दा पहिले साहित्यिक यात्राको सुरूवात कविता विधाबाट गरे। एउटा कविता लेखेर छपाएपछि उनले फेरि-फेरि जीवनमा कविता लेखेनन्। उनले त्यस एउटै मात्र कविता छपाएपछि समयमै आफूले कविता लेख्नु हुँदैन भन्ने बोध गरे। त्यसपछि उनले कविताबाट टाडिएर कथालेखनमा आफ्नो ध्यान केन्द्रित गरी कथालेखनतिर लागे। उक्त कविताबारे कुनै स्रोत फेला नपरेकोले यहाँ सो कविताको नाम उल्लेख गर्न सकिएन। उनको कथालेखन क्रममा पहिलो कथा यही हो भनेर ठोकेर भन्न सकिँदैन। सुरू-सुरूमा *हिमालचुली* दैनिकमा उनले केही कथाहरू प्रकाशित गरे, तर कथालेखनको सुरूमा उनको निम्ति कथालेखन कर्तव्य बन्न पुग्ने कुराको आशय नगरी उनले सुरूको पहिलो प्रति कतै सुरक्षित नराखेको पाइन्छ। उनले हिमालचुली दैनिकमा छपाएका कथाहरू कुन-कुन थिए भनेर आहिले निन्क्योल गर्न सकिँदैन। यसर्थ उनको कथालेखनको अनुमानित सुरूवात सन् १९८८ लाई मान्न सकिन्छ।

यसरी सन् १९८८ देखि कथालेखनतिर अग्रसर भएका विष्टको प्रथम प्रकाशित कथासङ्ग्रहको रूपमा *शब्दान्त* (१९९३) कथासङ्ग्रहलाई लिन सकिन्छ। उक्त

कथासङ्ग्रह दार्जिलिङको युवा साहित्यिक मञ्चले प्रकाश गरेको थियो। उक्त *शब्दान्त* (१९९३) कथासङ्ग्रहमा ११ वटा कथाहरू समाविष्ट छन्। यसै गरी उनको दोस्रो कथासङ्ग्रह *अस्ताचलतिर* (सन् २००७) हो, जसमा १३ वटा कथाहरू समाविष्ट छन्। यसको प्रकाशन सिक्किमको नाम्चीस्थित निर्माण प्रकाशनबाट भएको हो। सन् २०१५ सालमा उनको १० वटा कथाहरूको संकलनको रूपमा तेस्रो कथासङ्ग्रह *जुनजस्तै घाम* प्रकाशित भयो, जसको प्रकाशन कालेबुङस्थित उपमा प्रकाशनले गरेको छ। हालसम्म उनको तीनवटा कथासङ्ग्रहहरू मात्र प्रकाशनमा आएका छन्। यिनै कथासङ्ग्रहहरूको आधारमा उनको कृतित्त्वलाई नियालिने काम गरिएको छ। उनको प्रकाशित कृतिहरू यसप्रकार छन् -

१. शब्दान्त कथासङ्ग्रह (सन् १९९३),

२. अस्ताचलतिर कथासङ्ग्रह (सन् २००७),

३. जुनजस्तै घाम कथासङ्ग्रह (सन् २०१५)।

### ३.४ कथाकार व्यक्तित्वका रूपमा सञ्जय विष्ट

भारतीय नेपाली कथालेखन साहित्यमा सञ्जय विष्ट एकजना चिरपरिचित नाम हो। उनी समकालीन कथालेखनमा एक सशक्त कथाकारका रूपमा देखिन्छन्। सूरूमा उनले कविता विधामा कलम चलाए तापनि कविता लेख्नु हुँदैन भन्ने बोध समयमै गरे पश्चात कथा विधामा आफ्नो लेखन कार्यलाई अघि बढाएका हुन्। सन् १९८८ देखि कथालेखनमा सम्पूर्ण रूपमा अग्रसर भएका विष्टका हालसम्म तीनवटा कथासङ्ग्रह प्रकाशित भएका छन्, जो क्रमैले १) *शब्दान्त* (१९९३), २) *अस्ताचलतिर* (सन् २००७) र ३) *जुनजस्तै घाम* (सन् २०१५)। उक्त तीनवटा कथासङ्ग्रहको आधारमा विष्टको कथाकारितालाई हेर्दा सञ्जय विष्टको कथालेखन नौलो किसिमको रहेको छ। उनको

कथालेखन शैलीमा आयमेली कथाकार इन्द्रबहादुर राईको झलक पाइन्छ भन्ने कतिको भनाई छ। तर उक्त कथासङग्रहको आधारमा विष्टको कथाकारिता राईकोभन्दा भिन्नै रहेको पाइन्छ। विष्टको लेखन शैलीमा इन्द्रबहादुर राईको लेखन शैली पाइन्छ भन्ने मतसाई खण्डन गर्दै सुमन बान्तवा लेख्छन्-

> *तथापि श्री इन्द्रबहादुर राईको आयमिक शैलीकरणले सम्पूर्ण नेपाली साहित्यमा एउटा ठूलो घँचेट दिएपछि नै भने श्री सhञ्य विष्टको लेखक मान्छेले ठूलो हिकमत राख्न सकेको हो। तर श्री विष्टलाई इन्द्रहबहादुर राईसित भने जोख्न सकिन्न कदाचित। यसै आधारमा इन्द्रबहादुर राईलाई प्रेरकको रूपमा भने मान्न सक्छौं हामी विष्टको।* [20]

बौद्धिकता उनको कथामा पाइन्छ तर उनले त्यस बौद्धिकतालाई आफ्नै शिल्प-शैलीद्वारा आफ्नो कथामा उतारेका छन्। उनले पुराना रूढिवादी प्रथालाई नअङगालेर सामाजिक यथार्थवादलाई कथाका विषय बनाएका छन्। मुख्यतः उनका कथाहरूमा जातीयता झल्किन्छ। सुमन बान्तवा भन्छन्- *सञ्जय विष्ट सांस्कृतिक तथा जातीय चेतनाको कथा लेख्ने नयाँ पुस्ताका सशक्त कथाकार हुन्।*[21] विशेषतः उनका कथाहरू सामाजिक यथार्थवादी, राजनीतिक, साईबर संस्कृति आदि विषयप्रति लेखिएको हुन्छन्।

सञ्जय विष्टले आफ्नै कथाहरूमा जतीयताको प्रश्न टड्कारो रूपमा उठाएका छन्। जातीय चिन्हारीको सङ्घर्ष र सङ्कटबारे उनले आफ्ना कथाहरूमा अधिक मात्रामा जोड दिएका छन्। तर उनलाई जातीयतावादी कथाकार भनेर भन्न

---

[20] सुमन बान्तवा, (सन् २०००), *"विष्टको लेखन कला"*, **सम्भरण** (रागिनी थापा, सम्पा.), सुनदह महाविद्यालयको मुखपत्र (२/२), सुनदह : सुनदह महाविद्यालय, पृ.सं. १।

[21] सञ्जय बान्तवा, *"उच्चाधुनिक नेपाली कथा र सञ्जय विष्टको कथा शिल्प"*, (सन् २०१४), **साहित्य सङ्केत** (४८/३४), कुमार छेत्री (प्र. सम्पा.), कालेबुङ : नेपाली अध्ययन समिति, पृ.सं. ३९।

सकिँदैन। उनले आफ्ना कथामा समाजमा भएको वास्तविकताको विश्लेषण गरेका छन्। उनको कथामा सामाजिक यथार्थवाद पाइन्छ। राजनीति, साइबर संस्कृति, आधुनिकीरणले समाजमा पर्न गएको प्रभावलाई उनले आफ्नो कथामा प्रस्तुत गरेका छन्। यसै सन्दर्भमा सुमन बान्तवाले आफ्नो स्पष्ट भनाई राखेका छन्-

> *उनको जातीय चिन्ता यथार्थ, वास्तवता र इतिहाससिद्ध छ। रोमान्टिक प्रवृत्तिको द्वन्द्वबाट उठेको जाती.तावादी निहुँको ऐँठन मात्र होइन- विष्टको कथामा भौगोलिक, राजनैतिक र आर्थिक सङ्कटको जातीय अवस्थान साथै त्यसको सश्लेषण छ।*[22]

विष्टको कथाशिल्पलाई निहार्दा उनका कथाहरूमा बदलँदो समाज र समयमा घटिरहेका कुराहरूलाई गम्भीरतापूर्वक उतारिएको पाइन्छ। विष्टका कथामा सामाजिक विश्लेषण प्रचुर मात्रामा पाइन्छ। उनी आफू बाँचेको समाजप्रति धेरै सचेत छन्। उनका कथाहरूले समाजका विभिन्न पाटाहरूलाई समेटेका छन्। तर यति हुँदाहुँदै पनि विष्टका लेखनमा सामाजिक यथार्थवादी दृष्टिकोणबाहेक उनका समकालीन कथाकार सरह स्वच्छन्दतावादी प्रवृत्ति भने अर्कै किसिमको पाइन्छ। उनका कथाहरूमा स्वच्छन्दतावादलाई जाति, सुरक्षा, अस्तित्वमाथि केन्द्रित गरिएको छ। यसबाहेक विष्टको कथामा समसामायिक सन्दर्भ, मनोवैज्ञानिक पक्ष, अस्तित्ववादी चेतना, विसङ्गतिबोध, नारीवादी चिन्तन, जीवनवादी धारणा पनि पाइन्छन्। उनको कथाको मुख्य विशेषता र प्रवृत्ति पनि यी नै हुन्।

---

[22] पूर्ववत्, पृ. सं. ४१।

## ३.५ सम्पादक व्यक्तित्व

सञ्जय विष्ट कथालेखनमा देखा परेका एकजना सशक्त हस्ताक्षर हुँदाहुँदै पनि उनको व्यक्तित्व कथालेखनमा मात्र सिमित नभएर उनी एक कुशल सम्पादक पनि हुन्। उनले सम्पादन गरेका पत्र-पत्रिकाहरूमा निम्नलिखित प्रमुख छन्-

१. स्थापना (त्रयमासिक साहित्यिक पत्रिका, सन् १९८८)

२. दिपिका (त्रयमासिक साहित्यिक पत्रिका, सन् १९८९)

३. पाइन्स र केमेलियास (वार्षिक पत्रिका, दार्जिलिङ सरकारी महाविद्यालय, सन् १९८९)

४. संक्रमन (त्रयमासिक साहित्यिक पत्रिका, भारतीय भाषा विभाग, बनारस हिन्दु विश्वविद्यालय, सन् १९९३-१९९४)

५. रीडस् (व्रिषक पत्रिका, कालिम्पोङ कलेज, सन् २००४-२०१०, २०१४-२०१६)

६. साहित्य सङ्केत (त्रयमासिक पत्रिका, नेपाली साहित्य अध्ययन समिति, कालिम्पोङ, सन् २०११ देखि हालसम्म)

## ३.६ पुरस्कार

कथाकार विष्टको अबिराम कथालेखन र कथा साहित्यप्रतिको योगहानको सम्मान खातिर उनी दुईवटा पुरस्कारहरू- **दियोलो पुरस्कार** (सन् २००३) र **पूर्ण राई पुरस्कार** (सन् २००५) द्वारा सम्मानित भइसकेका छन्।

## ३.७ ठेगाना

नेपाली विभाग,

कालेबुङ सरकारी महाविद्यालय,

ऋषि बन्किमचन्द्र पार्क,

हुलाक- कालेबुङ, जिल्ला- दार्जिलिङ,

पश्चिम बङ्गाल – ७३४३०१

फोन नं. +९१ ८१४५७४९८९७

ईमेल- sanjaybista68@yahoo.in

# चौथौ अध्याय

# ४. सञ्जय विष्टपूर्व र समकालीन केही भारतीय नेपाली कथामा पाइने राजनीतिक चेतना

## ४.१ केही प्रतिनिधि भारतीय नेपाली कथामा पाइने राजनीतिक चेतना

भारतीय कथा साहित्यमा राजनीति एउटा चर्चाको विषय बनेको छ। त्यसर्थ भारतीय कथा साहित्यमा सञ्जय विष्टभन्दा अघि पनि राजनीतिक चेतनामूलक कथाहरू लेखिँदै आएको छ। यस अध्यायमा सञ्जय विष्टपूर्व र समकालीन कथाकारहरूमा अभिव्यक्त राजनीति चेतनामूलक कथाहरूको संक्षिप्त अध्ययन प्रस्तुत गरिएको छ। सञ्जय विष्टभन्दा अघिका कथाकारहरूका रूपमा रूपनारायण सिंह, शिवकुमार राई, हरिप्रसाद गोर्खा राई, एम.एम. गुरुङ, अच्छा राई रसिक, परशुराम रोका, हाइमनदास राई किरात, इन्द्रबहादुर राई, वीर विक्रम गुरूङ, गुप्त प्रधान, एडोन रोगोंग, प्रदीप गुरुङ, समीरण छेत्री प्रियदर्शी, सानु लामा, पूर्ण राई, सलोन कार्थक, उदय थुलुङ, धुव्र चौहान आदि हुन्। यीमध्ये केही कथाकारहरूमा पाइने राजनीति चेतनामूलक कथाहरूको अध्ययन यहाँ गरिएको छ।

**क. रूपनारायण सिंह र उनको 'आमा' शीर्षक कथा :** भारतीय कथा साहित्यमा *कथानवरत्न* -जस्ता कथाहरूको संगालोलाई सर्वश्रेष्ठ कोशेली दिने बहुप्रतिभाका धनी रूपनारायण सिंहको कथालेखनको थालनी सन् १९२७ -मा देहरादुनको 'गोर्खा संसार' पत्रिकामा छापिएको *अन्नपूर्ण* शीर्षक कथालाई मानिन्छ। रूपनारायण सिंहका भाषा, शैली र कथा शिल्पमा पाठकवर्गलाई मन्त्रमुग्ध पार्ने विशिष्ट क्षमता छ। सामान्य रूपमा भन्ने हो भने उनको कथाशिल्प धेरै प्रभावकारी छ। दार्जिलिङको सिपाईधुरामा जन्मेका रूपनारायण सिंह युवावस्थादेखि नै सामाजिक तथा राजनीतिक क्रियाकलापमा सलङ्गन

भएकोले उनका कथाहरूमा पनि विशेष यिनै कुराहरूको प्रभाव परेको देखिन्छ। उनी क्रान्तिकारी थिए, उनले साहित्यबाट समाजलाई विद्रोह गर्न सिकाए औ समाजको थोत्रो नियमको खिल्ली उडाए। उनी दुई विश्व-युद्धको चेपारोमा हुर्केका एक अदभुत प्रतिभा थिए। यसर्थ, सिंहले आफ्नो कथालेखनमा स्वच्छन्दतावादी, सामाजिक यथार्थ, राजनीतिक कुराहरूलाई कथाको मूल विषय बनाएका छन्। अघि-अघि कथाहरू प्रायः जस्तो तिलस्मी, जादु, टुना-मुना, जासुसी, धार्मिक र नैतिक विषयका कथाहरू लेखिन्थ्यो, जसमा नयाँ शैली नभएका कारणले नयाँ कुरा पनि पाइँदैन थियो। उदाहरणको निम्ति शक्तिवल्लभ अर्यालको रूपान्तरित *महाभारतविराट्पर्व* (वि. स. १८२७), भानुदत्तको *हितोपदेश मित्रलाभ* (वि.सं. १८३३) आदिलाई लिन सकिन्छ।

> *टि. एस. एलिएटका अनुसार 'परम्परा' शब्द एक विशेष अनि जटिल चरित्रद्वारा प्रभावित छ। यसले एक काल वा समकालीन क्रमको प्रतिनिधित्व गर्दछ जसको अर्थ हुन्छ-ऐतिहासिक कालद्वारा अप्रभावित – अतीत र वर्तमानको मिलन र साथसाथै वर्तमानको अस्थायीताको भाव।*[23]

रूपनारायण सिंहले आफ्ना परम्पराहरूलाई भुलेका छैनन्। कुनै एउटा साहित्यिक क्रियाको निर्माण एउटा ऐतिहासिक घटना विशेषमा सम्पादित हुँदछ र त्यो विस्तारै एउटा अतित बन्दछ तर त्यस कृतिको साहित्यिकता साश्वत/ सदैव समकालीन रहने हुँदा त्यो कृति वर्तमानको पनि हुन्छ। उनले आफ्ना रचनाहरूमा धार्मिक, तिलस्मी विषयलाई त्यागेर सामाजिक यथार्थलाई आफ्नो कथाको विषय बनाएका छन्। रूपनारायण सिंहको *आमा* शीर्षक कथा प्रकाशित हुनु नेपाली कथा साहित्यको परम्परामा एउटा ऐतिहासिक घटना हो, तर आज पनि आमा कथा पढ्ने नयाँ पाठकको निम्ति त्यो कथा त्यतिकै समकालीन कथा लाग्ने गर्दछ। रूपनारायण सिंहको कथाशिल्पको विशिष्ट उदाहरण उनका

[23] https://en.wikipedia.org/wiki/Tradition_and_the_Individual_Talent, 6th Dec, 2016, 4:55

कथाहरूबाट दिन सकिन्छ। *अन्नपूर्णा* (सन् १९२७) उनको पहिलो कथा भए तापनि सन् १९४० मा *खोजी* -मासिक पत्रिकाको प्रकाशनपछि मात्र उनका कथाहरूले निरन्तरता पाएको छ। सिंहले धेरै कथा लेखेनन्। उनी थोरै कथा लेखेर प्रसिद्धि कमाउने बहुप्रतिभाशाली व्यक्तित्वका धनी हुन्। उनका नौंवटा कथाहरूको छापिएको छ जसलाई सङ्ग्रह *कथानवरत्न* (१९५०) भित्रका अन्य कथाहरूमा सामाजिक चित्रण पाइन्छ भने *आमा* कथा राजनीतिक चेतनामूलक कथा हो। उनको राजनीतिक दलको प्रसंग लिएर लेखिएको कथा *आमा* त्यस प्रकारको सर्वप्रथम प्रयोग हो भनी ईश्वर बरालले पनि स्वीकारेका छन्।[24]

रूपनारायण सिंहको *आमा* कथाले आजको समाजमा भइरहेको राजनीतिक गतिविधिको यथार्थ चित्रण प्रस्तुत गरेको छ। सिंहको *आमा* कथा स्थानीय युवाहरूको राजनीतिक दलको गतिविधिसँग सम्बन्धित कथा हो। यसका साथै यस कथामा राजनीतिक व्यवस्था परिवर्तनमूलक चेतना पाइन्छ। आजका नवयुवक-युवतीहरूमा परेको राजनीतिको प्रभावलाई देखाउनका साथै उक्त कथाले 'आमा' पात्रको सङ्घर्षमय जीवनको पाटोलाई पनि देखाएको छ। सुख सम्पन्न भएकी चेली, बिहेपछि पारिवारिक गृहस्थीमा छोराछोरीको जन्म, आर्थिक स्थितिको चपेटा, रक्सीजस्तो कुलतमा लागेको लोग्ने पारिवारिक जीवनदेखि पलायन भएर पछि सुटुक्कै सेनामा भर्ती भएर जानु अनि घर फर्कँदा क्षयरोगको शिकार भएर आउनु र मृत्यु हुनुजस्ता घटनाहरूको वर्णन कथामा रोमाञ्चक ढङ्गमा गरिएको छ। बढेकी छोरीले काम पाएपछि बुढी आमालाई केही पत्तो नदिई भागेर विवहा गर्छे। छोरो अमर कलेज पढ्न छोडेर राजनीतिक दलतिर सामेल हुन्छ र धनी घरकी नयनतारा नामक पात्रसंग प्रेम-विवहा गर्छ।

[24] रूपनारायण सिंह, सन् २०१३, **कथानवरत्न,** , वाराणसी : विश्व-बन्धु प्रकाशन, पृ. सं. ८।

उक्त कथामा कम्युनिष्टहरूको परिवेशलाई यस प्रकारले दर्शाइएको छ - *भित्तामा ठुलो रातो झण्डा। झण्डामा हँसिया र मार्तोलको नक्सा। फोहोर कोठा-भँईभरि बीढी र सिग्रेटका टुक्रा। कम्युनिष्टरूको अड्डा-कमरेडहरूको अफिस।*[25] आजका युवा-युवतीहरू धेरै मात्रामा पढे-लेखेका हुन्छन्। तर कतिपय सन्दर्भमा अरूको कुरा सुनेर भविष्य नविचारी पढाई छोडेर राजनीतितर्फ अग्रसर हुन्छन्। दार्जिलिङको परिवेशमा यी घटनाहरू सामान्य हुनपुगेका छन्। नयनतारा पात्रले हाम्रो समाजको पढे-लेखेकी धनी घरकी छोरीहरूको प्रतिनिधित्व गरेकी छिन्, जो पर्याप्त सम्पतिका धनी हुनका साथै खुल्ला विचारकी हुन्छन्। उसले समाजका नियम-कानुन आदिलाई गम्भीरतापूर्वक लिँदैन। प्रेम, विवहा, परिवार र पारिवारिक कर्त्तव्यजस्ता कुराहरूलाई गम्भीरतापूर्वक नलिएको कारण नै उनीहरू आफ्नो भविष्यलाई अन्धकारमय बनाउँदै गइरहेको र साथै कर्त्तव्यदेखि पलायन बन्दै गइरहेका हुन्छन्। कथाकी आमा पात्रले छोरो अमरको विवहा पश्चात् दुलहीबाट सासूले पाउनु पर्ने इज्जत र मान पाउन नसके पनि कुनै गुँनासो हुँदैन। तर छोरा-बुहारीको आमाप्रतिको बेवास्ताले आमा पात्रको मनोबल टुटेको छ। यी आमा पात्रहरू दार्जिलिङे कमानबस्तीका वास्तविक आमाका प्रतिविम्बहरू हुन्। कथाको अन्तमा, कम्युनिष्ट पार्टीअन्तर्गत अमर त्यस समय राजनीतिक क्रियाकलापमा औधी सक्रिय रहेकोले तीन महिनाको निम्ति जेलमा थुनुवा परेको हुन्छ र त्यस अवधिमा उसकी पत्नी नयनतारा आफ्नै कम्युनिष्ट पार्टीको अर्कै एकजना कमरेडसंग भागेर जान्छे। जेलमा आमा भेट्न आउँदैपछि अमर नयनताराको हालखबर सोध्छ, तर आमाले बहना बनाएर ढाट्ने गर्छिन्। सङ्घर्षपूर्ण जीवन भोगिरहेकी बूढी आमाले अन्तमा छोरो जेलबाट छुटेको दिन आफ्नो बाँकी एकमुठी सासलाई पनि छोरोको छातीमा समर्पण गरेर संसारबाट बिदा लिन्छिन्।

सन् १९४८ सालमा नै रूपनारायण सिंहलेआमा शीर्षक कथामा प्रकाशित गरे तापनि यो कथाले आजको समाजको प्रतिबिम्बलाई पनि दर्शाएको छ। सिंहको यस

[25] पूर्ववत्, पृ. सं. ६०।

कथाले आजको समयसान्दर्भिक कुराहरूलाई प्रस्तुत गरेको छ। लगभग सात दशक अघि प्रकाशित यस कथाले अहिलेको समकालीन युगमा पनि त्यतिकै प्रभाव पारेको छ। यसबाट सिंहको कथालेखन शिल्प कतिको श्रेष्ठ र उच्च छ भन्ने कुराको पुष्टि गर्न सकिछ। अतः सिंहले नेपाली कथा लेखनको थालनी हुदाँ जस्तो किसिमको कथा लेखिन्थ्यो, त्यसलाई नअपनाएर नौलो शैलीको प्रयोग गरी कथाको रूपमा परिवर्तन ल्याउने चेष्टा गरेका छन्।

निष्कर्षमा, सिंहको उक्त कथाले आजको जल्दोबल्दो समाजको पाटोको प्रस्तुतिकरण दिएको छ। सिंहले उक्त कथामा आजका युवावर्ग पढाइ छोडेर राजनीतितर्फ लाग्दा दिशाहीन बनेका र बेइमान नेताहरूले युवा-युवतीहरूलाई पार्टीको माध्यमबाट समाजमा सुधार ल्याउनु पर्ने झुठो पाठ पढाएर उनीहरूबाट पैंसा ठगी गरिएको कुरालाई प्रस्तुत गरेका छन्। नयनताराको प्रेममा परेर छोराको कर्त्तव्य पालन गर्नदेखि टाडिँदै गएर उल्टा बूढी र कमजोर आमाले दुःख गरेर कमाएको पैंसा जबरदस्ती पार्टी कार्यकर्ताहरूलाई बुझाउन लानेआदि घटनाले आमाको मन पिरोलेको व्यथालाई कथामा सिंहले मार्मिक ढङ्गमा प्रस्तुत गरेका छन्। हाम्रो समाजमा अमरजस्ता थुप्रै युवाहरू छन्, जो स्वार्थी र नक्कली नेताहरूको जालमा फँसेर आफ्नो परिवारलाई त्यागी जाति र समाजको निम्ति केही गर्ने आशयमा राजनीतिक दलहरूसंग सलङ्गन हुन्छन् र आफ्नो जिन्दगी बर्बाद पारिरहेका हुन्छन्। *आमा* कथाका आमा पात्रझैं धैर्य राखेर आफ्ना छोराछोरीको निम्ति भई-नभई, सकी-नसकी उनीहरूका इच्छा पुऱ्याउनका लागि दुःख गर्ने आमाजस्ता पात्रहरू पनि हाम्रो समाजमा छन्। अतः सिंहका *आमा* कथामा पाइने मुख्य राजनीतिक चेतना समाजमा सचेतता ल्याउन खोजेको छ। उक्त कथाले दार्जिलिङ समाजको घटनाहरूलाई लिएर सामाजिक यथार्थवादका साथ साथै राजनीतिक चेतनाको प्रखर अभिव्यक्ति पाठकसमक्ष प्रस्तुत गरेको छ।

**ख. इन्द्रबहादुर राई र उनको 'ब्ल्याक आउट, काजू बदाम, छोरा' शीर्षक कथा :** भारतीय नेपाली साहित्यका एकजना विशिष्ट व्यक्तित्वको नाम हो इन्द्रबहादुर राई। उनी बहुप्रतिभाशाली व्यक्तित्व हुन्। उनले कथा, उपन्यास, समालोचना, निबन्ध, नाटक आदि विधाहरूमा कलम चलाएका छन्। उनको कथालेखनको थालनी भने सन् १९५९ -मा प्रकाशित *रातभरि हुरी चल्यो* शीर्षक कथादेखि भएको हो। नेपाली साहित्यमा धेरै किताबहरू लेख्ने लेखकका रूपमा इन्द्रबहादुर राईको नाम पनि अग्र पंक्तिमा आउँछ। राईले रातभरि हुरी चल्यो जस्ता कथा लेखेर सुरूमै स्थापित कथाकार बनिसकेका छन्। उनका कथाहरूमा दुर्बोध्य भाषाशैली पनि देखिन्छ। विशेषगरी यिनी आयमेली धाराका तीन मुख्य प्रवर्तकहरू- वैरागी काइला, इश्वर वल्लभ- मध्येका एक हुन्। आयमेलीलेखनले नयाँ कुरालाई अँगाल्छ र साथै पुराना कुरालाई पनि बिर्सनु हुँदैन भन्छ। इन्द्रबहादुर राईले नेपाल र भारतका दुवै नेपाली साहित्यमा विभिन्न प्रयोग गरेका छन्। मुख्य रूपमा उनले मिथकको प्रयोग गरेका छन्। पुराना पात्रहरू उनलाई प्रिय छन्। यिनको कथामा पाठमुखी दृष्टिकोण पनि देखिन्छ। विशेष उनको आयमेली कथालेखनलाई उनको लेखनकलाको विशेष प्राप्ति मानिन्छ। उनको कथालेखनको विशेषता पनि यही हो।

इन्द्रबहादुर राई भारत र नेपाल दुवैतिरका बहुप्रतिभाशाली साहित्यिक धरोहर हुन्। उनले लेखनको थालनी *रातभरि हुरी चल्यो* (सन् १९५९) शीर्षक कथादेखि कथा लेख्न थालेका हुन्। उनको *ब्ल्याक आउट, काजू बदाम, छोरा* शीर्षक कथाले दार्जिलिङमा आन्दोलनको समयमा एउटा गरीब पिताले छोराको काजू बदाम खाने इच्छापूर्ण गर्न सकेको खुशी व्यक्त गरेको छ। यस कथामा पाइने मुख्य राजनीतिक चेतना भनेको जनक्रान्ति वा जनआन्दोलन भए तापनि यसमा आर्थिक र राजनीतिक दुवै पक्षलाई देखाइएको छ। कथाको घटना बढो सचेतपूर्ण ढङ्गले चयन गरिएको छ। कथाको पात्र राजमान बल्याक आउटको अँध्यारो बाटोमा अफिसबाट घर फर्कंदा मनमा अनेक कुरा

खेल्दै बिमारी छोरोको निम्ति गोजीमा एक पाकेट काजुलिएर खुसी हुँदै ऊ घरतर्फ लागिरहेको हुन्छ। कति रहर र मन हुँदा पनि उसले आफ्नो बाल्यकालमा एक पोका काजू खानु पाएको हुँदैन। इच्छा अभिलाषालाई मन-मनमा दबाउँदा-दबाउँदै ऊ हुर्किएको, तर भर्खर टाइफड रोगबाट बँचाएर ल्याएको छोराको इच्छालाई पात्र राजमानले दब्न दिन चाँहदैन। त्यसर्थ ऊ एक पोका काजू बदाम छोराको निम्ति लिएर घर फर्कंदैछ। कथालेखनको शिल्पशैली आयमेली भएको यो कथा उनको पहिलो आयमेली कथा पनि हो। कथामा राजमानले आफ्नो आर्थिक अवस्थाको चित्रण गरेको छ, तर उसलाई आफ्नो सहकर्मीहरू जस्तै पैसा मासेर हिड्नु भन्दा घर परिवारको दायित्व प्यारो छ। त्यसैले ऊ आफ्नो कर्त्तब्यबाट पलायन हुन चाहँदैन। उसले आफ्नो मार्मिक समस्यालाई पर सारेर छोरोले इच्छा गरेको काजू बदामको एक पोको बोकेर घर जानमा ठूलो खुशी अनुभव गरेको छ। यसका साथ-साथै कथामा राजनीतिक क्रियाकलापद्वारा मान्छेको घर जलाएको कुरा पनि पाइन्छ। राईले चतुरतापूर्वक एउटा साधारण घटना तत्त्वलाई टिपेर त्यसमा राजनीतिक गतिविधिहरूको चर्चा गरेका छन्। राजमान घरजान लाग्दा बाटोमा उसले छेवैको घरमा भीषण आगलागी भएको गवाही पनि बन्न पुग्छ। ऊ घर पुगेर छोरो कमलले उसलाई पर्खिरहेको दृश्य सम्झँदै उसलाई काजूबदाम नल्याएको ढोङ्ग गरेर केही बेरसम्म उसलाई सताएर मात्र काजुबदाम दिने र काजुबदामको पोको पाएपछि उसको छोरोको इच्छापूर्ण हुँदाको खुशीको झझल्को उसलाई भइरहेको थियो। यहाँ राईले राजमानको माध्यमबाट एउटा सामान्य पिताको दुःख र उसको कमजोर आर्थिक स्थितिलाई देखाउन खोजेका छन्। पात्र राजमानको माध्यमबाट यहाँ राईले पारिवारिक, सामाजिक र राजनीतिक विसङगतिलाई पनि देखाएका छन्।

अतः इन्द्रबहादुर राईका कथामा सामाजिक विसङ्गति र विकृतिको उदघाटन, जीवनबोध इत्यादि भएको पाइन्छ। उनले *ब्ल्याक आउट, काजू बदाम, छोरा* शीर्षक कथामा यथार्थवादी चित्रण प्रस्तुत गरेका छन्। यस यथार्थवादी चित्रणलाई प्रस्तुत गर्ने

क्रममा उनले स्थानीय रङ्गको चित्रण, दार्जिलिङको नेपाली जन-जीवनको आर्थिक समस्या र राजनीतिक विसङ्गति आदिलाई चित्रित गरेका छन्। यसर्थ उनको यस कथामा बौद्धिकता, विसङ्गतिबोध, सामाजिक यथार्थ आदिलाई समावेश गरी लेखिएको छ।

**ग. गुप्त प्रधान र उनको 'पराकाष्ट चिन्हारीको' शीर्षक कथा :** ७० –को दशकदेखि साहित्यमा कलम चलाउदै आउनु भएका गुप्त प्रधानको नाम भारतीय नेपाली कथा साहित्यमा अग्र पङ्क्तिमा आउँछ। कथा साहित्यमा यिनको देन सन् १९८० -मा छापिएको पहिलो कथा सङ्कलन *मान्छे मान्छेकै बस्ती भित्र* -देखि सुरू भएको हो। *धुमिल पृष्ठहरू* शीर्षक शोधग्रन्थमा हराउँदै गइरहेको भारतीय नेपाली साहित्यको प्राथमिककालीन इतिहासलाई प्रस्तुत गरिएको हुनाले उनलाई नेपाली साहित्यका इतिहासकारको रूपमा पनि लिन सकिन्छ। कथा क्षेत्रमा प्रधानका कथामा सोझो कथन अलिक कम नै हुन्छ। यथार्थिक सोझो कथनको अभाव रहनु र अलङ्कृत, भावात्मक तथा रोमान्टिक शैलीको प्रयोग गर्नु प्रधानको भाषिक वैशिष्ट्य देखिन्छ। उनको कथामा विचारको प्रस्तुति हुनालेकेही न केही बौद्धिक प्रयोग भटिन्छ, तर सोउद्देश्य भन्ने होइन। यसर्थ उनका कथाहरूलाई विचारप्रधान कथाको श्रेणीमा राख्न सकिन्छ। वैचारिकताबाट प्रेरित भएर लेख्ने हुँदा उनको कथागत शैलीको योजना बाधित हुन्छ। उनी भावप्रबल लेखक हुन्। द्वेष, घृणा, ईर्ष्या, प्रेम, पीडा इत्यादि मनोभावका प्रस्तुतिले उनका कथाहरू भावप्रबल हुन्छन्। हिंसा, प्रतिहिंसा, क्रुरता, स्वार्थी मनोवृत्ति, व्यक्तिवादको केन्द्रियता जस्ता कुराको प्रस्तुति र आलोचना उनको कथामा पाइन्छ। यसका साथै अरूले नदेखेका नछोएका विषयलाई निकालेर पाठकसमक्ष राख्नु उनको कथाको अर्को वैशिष्टय हो।

उनको *पराकाष्ट चिन्हारीको* -शीर्षक कथा सन् १९८६ मा दार्जिलिङमा नेपालीहरूको जातीय चिन्हारीको निम्ति भएको आन्दोलन चर्किएको बेला लेखिएको कथा हो। कथामा गुप्त प्रधानले दार्जिलिङ समाजमा आन्दोलनको समय मानिस कुन हदसम्म

गिरेको छ, सो कुरोलाई देखाइएको छ। यस कथामा जाति र अस्तित्वको माग गर्दै सरकार विरूद्ध गरिएको जुलुस, नारा, बन्द आदिको वर्णन पाइन्छ। त्यति मात्र नभएर कथामा अरूभन्दा पनि आफ्नै दाजु-भाइ, गाउँलेहरूमा मतभेद र दुश्मनी भएर हत्या समेत गरिएको कुरालाई यथार्थ ढङ्गमा प्रस्तुत गरिएको छ। यस कथामा कथाकार लेख्छन्- *वीरता प्रदर्शन भइरहेछ घरिघरि हाम्रो मुलुकमा एउटाको खुकुरीले अर्काको घाँटी पार गरेर। चिन्हारीको खोजमा लागेकाहरू यसरी चिन्हारी प्रकट गर्न उत्सुक छन् वरपर सबैतिर नै।*[26]

आन्दोलनले चर्को रूप लिएको बेला चोर पनि साधु भएझैं ठगीहरू पनि पैसा र बल कमाउने उद्देश्यले इमान्दार भई नारा लगाउँदै मिटिङ आदिहरू डाक्छन्, तर जातिको भलो र अस्तित्वको सुरक्षा भने अहिलेसम्म पनि पुरा नभएको विवरण कथामा छ। सन् १९८६- को आन्दोलनलाई ध्यानमा राखेर लेखिएको यो कथाले आन्दोलनको समयमा चर्किएको नारा, बन्द, कटाक्षबाहेक एउटा गरीब परिवारमा घटेको भावप्रबल कथाको विस्तृत चर्चा पनि गरेको छ। जस्तै : *हात चुठिसकेपछि फेरि मैले भने, "लौं अब मेरा छोरासित भेटाइदेउ न।" "तिम्रो छोरासित ?" अब केको छोरासित भेटाइदिनु, खाएर डम्म भइसकेपछि.. ।"*[27]

उपर्युक्त वाक्यमा कथाकार प्रधानले मानिस आफ्नो दुश्मनीको बदला लिनलाई कतिसम्म निच काम गर्न सक्दो रहेछ भन्ने कुरालाई यस कथामा देखाइएको छ। कथामा त्यो बूढो बाजे आफ्नो बुढेसकालको सहारा एउटै भएको छोरोलाई खोज्न जाँदा बाटोमा छोरोका दुश्मनहरूले उसलाई आफ्नो छोरोसँग भेट गराइदिने झुठो आश्वासनका साथ उसलाई आफ्नो छोरोको मासु पकाएर खुवाएको कुरा छ। मनिसहरू यति बिघ्न नीच

[26] गुप्त प्रधान, (सन् २०११), **समयका प्रतिबिम्बहरू**, दार्जिलिङ : गामा प्रकाशन, पृ. सं. ५१।
[27] पूर्ववत्, पृ. सं. ५८।

हुन सक्छन्, मानवता भन्ने मानिसमा मरिसकेको रहेछ भन्ने कुराको पुष्टि उक्त कथाले दिएको छ।

अन्तमा यस कथामा जातीय चिन्हारीको सन्दर्भमा देखिएको राजनीतिक चेतना पाइन्छ। आन्दोलनको समयमा आफ्नाहरू नै आफ्नो शत्रु बनिन्छ भन्ने कुराको पुस्टि पाइन्छ। यस कथाले सन् १९८६ सालमा पहाडमा चर्केको जनआन्दोलनलाई प्रतिबिम्बित गरेको छ, जहाँ मानिसहरू आफ्नो स्वार्थका लागि आफ्नैहरूलाई गोट्टी सरह प्रयोग गर्दोरहेछन् भन्ने कुराको वर्णन पनि पाइन्छ।

**घ. उदय थुलुङ र उनको 'त्यो रामकृष्णे' कथा** : सञ्जय विष्टका समकालीन कथाकारहरूमा देखापरेका अर्को नाम हो उदय थुलुङ। उनी समकालीन भारतीय नेपाली कथा साहित्यका एक विशिष्ट कथाकार हुन्। उनको जन्म दार्जिलिङ जिल्लाअन्तर्गत मङ्पुमा सन् १९७६ -मा भएको हो। हालसम्म उनले भारतीय नेपाली साहित्यलाई कथा र कविता दुवै क्षेत्रमा योगदान पुऱ्याइसकेका छन्। उनको भाषाशैली आफ्नै किसिमको छ। यिनको कथामा समसामयिकता, वैचारिकता हुनका साथै राजनीतिक, सामाजिक स्थितिबोध र यथार्थवाद पनि पाइन्छ। जीवनको ग्राह्यता उदय थुलुङको कथाको एउटा वैशिष्टय हो। दुःखको स्वीकृति छ उनको कथामा। उनले राजनीतिक चेतनामूलक कथा लेख्नुको मूल उद्देश्य विसङ्गतिपूर्ण समाज र अव्यवस्तित राजनीतिक व्यवस्थाको चित्रण गर्नु पनि हो। उदाहरणार्थ यिनका *त्यो रामकृष्णे* शीर्षक कथालाई लिन सकिन्छ। कथाको जीवन दृष्टि सकरात्मक छ। उनको कथाको मूलभूत वैशिष्टय समसमायिक राजनीतिप्रतिको दृष्टिकोण पनि हो।

कथा कुनै एउटा समाज र व्यवस्थासँग मात्र परस्पर भएर बाँचेको हुँदैन। कथा हरेक मान्छेको देश, काल र वातावरणसँग गाँसिएर बसेको हुन्छ। *त्यो रामकृष्णे* शीर्षक कथामा उदय थुलुङले दार्जिलिङका रैशानेहरू मात्र नभएर नेपालबाट भारतमा केही गर्ने,

केही बन्ने उद्देश्यले दुःख गर्न पसेका निम्नवर्गीय मानिसहरूको कथालाई पनि प्रस्तुत गरेका छन्। दार्जिलिङमा जतिको मात्रामा रैथानैहरू छन्, त्यतिकै मात्रामा गैररैथानेहरू पनि थपिँदै गएको अवस्था छ। रामकृष्णेजस्ता अनेक पात्र आफ्नो देश छोडी अन्य देशमा रोजीरोटीको समस्या सुल्झाउन पर्देशिनु परेको छ। अहिलेको समयमा मान्छे हरेक कुरामा सुख र सुविधा खोज्छन्। त्यही सुखको सपना बोकेर रामकृष्ण पनि दार्जिलिङ पसेको छ। तर आफू नेपालबाट आएको भए तापनि भारतकै नेपालीलाई पनि भरिया, ढाकरे आदि काम गरेर जीवन धान्नु पर्ने स्थिति देखेपछि कसैले पनि सही ढङ्गमा जीनव जिउनु नजानेको भान रामकृष्णलाई ज्ञात भएको छ। हरेक जीवन जहाँ पनि एकै किसिमको रहेको उसले बुझ्दछ। कथाको शुरूवातमा थुलुङले रामकृष्णेको माध्यमबाट मान्छेले जही गए पनि जीवन धान्न सङ्घर्ष गर्नु पर्दो रहेछ र सुख केवल कल्पना मात्र हुन जान्छ भन्ने कुरालाई व्यक्त गरेका छन्। कथाको पात्र रामकृष्णेको माध्यमबाट कथाकार भन्छन्- *मान्छेको जिन्दगी यता पनि यस्तै, उता पनि त्यस्तै रहेछ। कसैको जिन्दगी पनि श्रेष्ठ छैन रहेछ।*[28]

यहाँ रामकृष्णेको आफ्नै आर्थिक अवस्था नराम्रो छ, तर पनि आफू जस्तै कमाई गरेर पेट भर्ने काम गरेको अरूलाई देख्दा उसलाई अरूको देशमा काम गरेर खानु भन्दा आफ्नै देशमा गएर केही गर्नु उचित ठान्छ। यहाँ रामकृष्णेको देश र मानिसप्रतिको सचेततालाई देखाउने प्रयास गरिएको छ। रामकृष्णेले भारतमा आएर गोर्खा समाजबाट आत्मियता खोज्ने प्रयास गरेको छ, तर भारतमा पनि गोर्खाहरूको त्यही किसिमले भरिया, ढाकरे आदि तल्लो स्तरको काम गरेर जीवन जिउनु बाध्य रहेछ भन्ने कुराको आशय

[28] उदय थुलुङ, (सन् २००८), **एकान्तवास**, दार्जिलिङ : श्याम ब्रदर्स, प्रकाशन, पृ.सं. ५७।

रामकृष्णेको माध्यमबाट उदय थुलुङले यसरी दिएका छन्- *क्यै मिलेको छैन, भित्र-बाहिर। सबैतिर सबैको हालत एकै छ।*[29]

नेपालमा बसो-बास गरिरहेका नेपालीहरू जस्तै भारतमा गोर्खाहरूको आफ्नै अस्तित्व सङ्घर्षलाई बाधा नपुऱ्याउने रामकृष्णेले सोचेको छ। मानिसले जहाँ गए पनि गर्नु पर्ने सङ्घर्ष नै रहेछ भन्ने कुरालाई कथाकार थुलुङले रामकृष्णको माध्यमबाट प्रस्तुत गरेका छन्। कथाको घटना तत्त्व सजीव छ। कथाले सोझै नेपाली जातिको निम्नवर्गीय मानिसहरूले भोग्नु परेको दुःख र सङ्घर्षको प्रस्तुतिकरण दिइएको छ।

**ङ. छुदेन काविमो र उनको '१९८६' कथा :** २८ मार्च, १९८९ -मा मलबुङ, कालेबुङमा जन्मेका छुदेन काविमो भारतीय नेपाली साहित्यमा देखापरेका एक उम्दा लेखक हुन्। उनले कालेबुङ महाविद्यालयबाट २०१० सालमा स्नातक उतीर्ण गरेका हुन्। उत्तर बङ्ग विश्वविद्यालयबाट २०१३ सालमा राजनीतिशास्त्रमा एम.ए उतीर्ण गरेका हुन्। अहिले उनी संवाद कालेबुङ च्यानल, मध्यमार्ग, खबरम्यागजिनलगायत अन्य पत्र-पत्रिकामा संलग्न छन्। काविमो सन् २००६ देखि नै साहित्यतिर अग्रसर रहेको भए तापनि २००९ सालमा उनको *केही घाउ केही मलम* शीर्षक गजलसङ्ग्रह प्रकाशित भएको पाइन्छ, जसलाई उनको पहिलो साहित्यिक कृतिको रूपमा लिन सकिन्छ। काविमोका कथाहरूले समाजमा भइरहेको घटनाहरूको वर्णन गरेको पाइन्छ। उनका कथाहरू सरल छन् - बौद्धिकता पाइँदैन। उनका कथाहरू सचेत रूपमा प्रयोग भएको पाइन्छ। यसका साथै उनका कथाहरू विशेष विचारप्रधान हुन्छन्. उनले आफ्ना कथाहरूमा सोझो भाषा (कथनको) प्रयोग गरेका छन्। उनको कथाहरूमा मान्छेका भोगाइसँगै विचार र दर्शनहरूको सम्मिश्रण पाइन्छ। मान्छेको व्यक्ति स्वतन्त्रता, मानव हुनको बोधसँगै लुटिएको अधिकारप्रति काविमोको लेखन सचेत छ।

---

[29] पूर्ववत्, पृ.सं.६१।

अब दन्त्ये कथा भन्ने र सुन्ने समय छैन। कथा त्यही लेखिन्छ, जसमा समाजले भोगिरहेको व्यथा हुन्छ। काविमोले त्यही लेख्ने कोशिष गरेका छन्, जसलाई हेरेर अरूले हाम्रो समाजबारे जान्न सकोस्। हाम्रो समाजले भोगेको पीड़ा बुझ्न सकोस्। *१९८६* कथा पनि उस्तै एउटा कथा हो, जो समाजको एउटा साधारण वर्गले आन्दोलन *१९८६* कथा अवधि भोग्न परेको कथा थियो। एउटा साधारण गाउँ, जसले आन्दोलन बुझ्दैन पनि, एउटा साधारण परिवार जसले आन्दोलनको नाममा हल्लाको पछि दगुर्न पर्छ। राजा पुनियानी काविमोका *१९८६* कथाको सम्बन्धमा यसो भन्छन्-

> *यही सदाविस्मृत भुईंले केही जमीनी सन्देश दिएर गएको हो। तीमध्ये सबैभन्दा पारदर्शी एउटा सन्देश हो -भुइँलाई कहिल्यै थोरै आँक्नु हुँदैन। र सबभन्दा खरो सत्य हो - भुइँलाई पनि बेला-बेला रिस उठ्छ। जब-जब भुइँलाई रिस उठेको हो, तब-तब ऊ काँपेको हो रिसले थर्थर। सारा संसार काप्छ जब भुइँ काँप्छ।*[30]

यो एउटा समाजको साधारण वर्गको कथा हो, जसमा सन् १९८६ सालको जनआन्दोलनले समाजमा पारेको प्रभावलाई नै काविमोले कथामा लेख्ने कोशिष गरेका छन्। यो समान्य मान्छेको कथा हो। हाम्रो समाजमाथि थोपेको राजनीतिको एउटा कथा हो। समाज राजनीतिदेखि भाग्ने थोक होइन। हामीले बाँचेको समाजलाई राजनीतिले चारतिरबाट घेरा लगाएको छ। हामी जुन दिन जन्मिन्छौं, त्यही दिनदेखि हामीसंग समाजले राजनीति गर्न शुरू गरेको हुन्छ। हामीले फेरेको पहिलो स्वासमा हामीले भोग्ने पहिलो राजनीति हुन्छ। यसैले मान्छेको कथा समाजदेखि अलग हुँदैन। समाजको कथा राजनीतिदेखि अलग हुँदैन। यो कथामार्फत् राजनीतिले समाजलाई पारेको प्रभाव नै देखाउन खोजेको छ। एउटा समान्य मान्छेलाई, एउटा समान्य नाबालकको सोंचलाई,

---

[30] छुदेन काविमो, (सन् २०१५), **१९८६**, डुवर्स : लीलाबहादुर छेत्री, पृ. सं. १०५-१०६।

एउटा कलिलो दिमागलाई राजनीतिले के दिइरहेको छ ? काविमोले त्यही लेख्ने कोशिष गरेका छन्। यो कथा समाजमाथि भइरहेएको राजनीतिको कथा हो।

अतः मान्छेको युगौंदेखिको त्रासदी के हो भने ऊ जुन भुइँमा उभिन्छ, त्यसैलाई सधैं बिर्सिदिएको हुन्छ। '८० -को दशकपछि दार्जिलिङमा सिस्टमभन्दा धेर भावनामा चलिरहेको छ। हो, भावना छैन भने मान्छे रोबोर्ट बन्छ। तर व्यावहारिकता छैन भने जे बन्छ, त्यो दार्जिलिङको कथा बन्छ। उनका कथाले भन्न चाहेको कुरा यति हो।

## ४.२ उपसंहार

यस लघुशोधकार्यको चौथौ अध्यायमा सञ्जय विष्टपूर्वका र समकालीन कथाहरूमा पाइने राजनीति चेतनामूलक कथाको अध्ययन गरिएको छ। कथाको आफ्नै छुट्टै वैशिष्टय छ। कथाले साहित्यमा सबभन्दा विशेष स्थान ओगटेको छ। कथाबाट संसारलाई नै चियाइन्छ। नेपाल र भारतमा दुवैमा नेपाली साहित्यमा कथा धेरै अघिदेखि लेखिँदै आएको हो। पुराना रूढिवादी मान्यतादेखि अघि बढ्दै स्वच्छन्दतावादी हुँदै बौद्धिक, यथार्थवादी प्रवृत्तिलाई आत्मसात गर्दै अघि बढिरहेको छ। यिनै प्रवृत्तिलाई आफ्नो कथाहरूमा समेट्न सफल भएका भारतीय कथाकारहरू रूपनारायण सिंह, शिवकुमार राई, अच्छा राई रसिक, हरिप्रसाद गोर्खा राई, इन्द्रबहादुर राई, गुप्त प्रधान, एडोन रोगोंग, एम.एम. गुरुङ, परशुराम रोका, हाइमनदास राई किरात, वीर विक्रम गुरूङ, सलोन कार्थक आदि अघिल्ला पुस्ताका सूचीमा पर्न जान्छन् भने समीरण छेत्री प्रियदर्शी, सानु लामा, पूर्ण राई प्रदीप गुरुङ, सञ्जय विष्ट, उदय थुलुङ, धुव्र चौहान आदि समकालीन युगका कथाकारका सूचीमा पर्न जान्छन्। विशेषगरी यस अध्यायमा भारतीय कथा साहित्यमा देखापरेका सञ्जय विष्टपूर्व र समकालीन कथाकारहरूका केही कथाहरूमा पाइने राजनीतिक चेतनाको संक्षिप्त अध्ययन गरिएको छ, जसमा मुख्यतः रूपनारायण सिंहको *आमा,* इन्द्रबहादुर राईको *ब्लयाक आउट काजू, बदाम, छोरा,* गुप्त प्रधानको *पराकाष्ट*

*चिन्हारीको,* उदय थुलुङको *त्यो रामकृष्णे,* छोदेन काविमोको *१९८६* रहेका छन्। समावेश गरिएको कथाहरूमा जातीय अस्तित्व, राजनीतिक व्यवस्था परिवर्तन, किनारीकृत जस्ता राजनीतिक चेतना पर्न गएका छन्। रूपनारायण सिंहद्वारा लिखित *आमा* शीर्षक कथा आजका युवावर्ग राजनीतिक क्रियाकलापमा संलग्न भएर कसरी दिशाहीन भएका छन् भन्ने तथ्यलाई देखाइएको छ। विशेषतः यस कथामा राजनीतिक व्यवस्था परिवर्तनमूलक राजनीतिक चेतना पाइन्छ। त्यसैगरी इन्द्रबहादुर राईको ब्लयाक आउट काजू, बदाम, छोरा शीर्षक कथामा दार्जिलिङमा आन्दोलनको समयमा पर्न गएको प्रभाव र राजनीतिको कुप्रभावलाई देखाइको छ। यस कथामा पनि राजनीतिक व्यवस्थाको परिवर्तनमूलक चेतना नै पाइन्छ। गुप्त प्रधानको पराकाष्टको चिन्हारी शीर्षक कथामा पनि आन्दोलनको समयमा मानिसले आफ्नो तुच्छ रूप देखाएको कथा छ। गाँउमा राजनीतिको चपेटमा परेको पितालाई कसरी आफ्नै मानिसहरूले उसलाई आफ्नो छोरालाई मारेर त्यस सोझो पितालाई छोराको मासु खान लाएको छ सो घटनाको वर्णन यस कथामा पाइन्छ। जातीय अस्मिताको प्रश्न टड्कारो रूपमा देखा परेको यो कथा साच्चै मार्मिक छ। उदय थुलुङले आफ्नो कथा *त्यो रामकृष्णे* -को सहायताबाट नेपालीले भारत र नेपाल जहाँ जीवन व्यापन गरे पनि सुख भनेको कल्पना मात्र हो भन्ने कुराको पुष्टि गरेका छन्। यस कथामा जातीय अस्तित्व र सङ्घर्षको वर्णन पाइएको हुनाले उक्त कथामा किनारीकृत राजनीतिक चेतना पाइन्छ। एउटा साधारण गाँउ र समाजले आन्दोलन नबुझेको कुरालाई छुदेन काविमोले आफ्नो कथा *१९८६* -मा प्रस्तुत गरेका छन्। उनले यस कथामा १९८६ सालको आन्दोलनको समयमा भोगेको अनुभवलाई उतारेका छन्। प्रस्तुत कथामा मुख्य रूपमा जातीय चिन्हारीको सन्दर्भमा लेखिएको कथा हो भनेर भन् सकिन्छ।

अतः भिन्न-भिन्न लेखकहरूले आ-आफ्नो कालखण्डमा दार्जिलिङमा घटेका घटनाहरूलाई आफ्नो कथालेखनको विशय बनाई कथामा उतारेका छन्। कथामा एकै

किसिमको राजनीतिक चेतना पाइए तापनि कथाको तत्त्व र घटना भिन्न-भिन्नै छन्। सबैले आ-आफ्नै कथाशिल्पको प्रयोग गरेका छन्। कथाको यही पृष्ठभूमिमा कथाकार विष्टले पनि आफ्नो राजनीतिक प्रवृत्तिका कथाहरू लेख्ने प्रेरणा पाएका भए तापनि उनको लेखनशैली र कथा प्रस्तुति भने बेग्लै किसिमको छ भन्न सकिन्छ।

## पाँचौ अध्याय

# ५. सञ्जय विष्टका कथामा पाइने राजनीतिक चेतनाको अध्ययन

### ५.१ सञ्जय विष्टका राजनीतिक चेतनायुक्त कथाहरूको वर्गीकरण

सञ्जय विष्टका कथाहरूमा पाइने वैचारिक धरातल र प्रवृत्तिहरूमध्ये राजनीतिक धरातल र प्रवृत्ति पनि एक हो। उनका प्रकाशित तीनवटा कथासङ्ग्रह पुस्तकहरू- *शब्दान्त* (सन् १९९३), *अस्ताचलतिर* (सन् २००७) र *जुनजस्तै घाम* (सन् २०१५) -मा सङ्गृहीत जम्मा ४२ वटा कथाहरूमध्ये छवटा कथाहरूबाहेक सबै कथाहरूमा राजनीतिक चेतना प्रकट भएको पाइँदैन। कुल ४२ वटा कथाहरूमध्ये छवटा कथाहरू अर्थात् २.५% कथाहरूमा मात्र राजनीतिक चेतना झल्किएको पाइन्छ। अझ तिनमा पनि पाँचवटा कथाहरूमा पूर्ण राजनीतिक चेतना पाइन्छ भने एउटा कथा *अन्ट्रेन्ड ब्युटिसियनहरू* -मा आंशिक रूपमा मात्र राजनीतिक चेतना प्रतिबिम्बित छ। तिनै पूर्ण र आंशिक राजनीतिक चेतना प्रतिबिम्बित भएका कथाहरूको वर्गीकरण गरेर हेर्दा निम्नलिखित कथाहरूलाई पूर्ण र आंशिक राजनीतिक चेतनामूलक कथाको श्रेणीमा राखेर हेर्न सकिन्छ।

**क. पूर्ण राजनीतिक भएका कथाहरू**

१. भविष्यवाणी (शब्दान्त)

२. पुल (अस्ताचलतिर)

३. कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस (अस्ताचलतिर)

४. थुक्क ! तैंले पनि घर बनाइहाल्नु परोस् (अस्ताचलतिर)

५. राजयोग नपरेका युवराजहरू (जुनजस्तै घाम)

**ख. आंशिक राजनीतिक भएका कथाहरू**

१. अन्ट्रेन्ड ब्युटिसियनहरू (शब्दान्त)

विष्टका पूर्ण र आंशिक राजनीतिक चेतनायुक्त कथाहरूको अध्ययन गरेर हेर्दा उनका त्यस प्रवृत्तिका कथाहरूले समाज र जनतामा कलरी राजनीतिक चेतना जराई सचेतता ल्याउन खोजेको छन् भन्ने यथार्थ कुरा बुझ्न सकिन्छ-

### ५.१.१ पूर्ण राजनीतिक चेतना भएका कथाहरूको अध्ययन

**क. भविष्यवाणी** : सन् १९९३ मा प्रकाशनमा आएको *शब्दान्त* कथासङ्ग्रह सञ्जय विष्टको पहिलो कथासङ्ग्रह हो। यस कथासङ्ग्रहभित्र १८ वटा कथाहरू सङ्गृहीत छन्। शब्दान्त कथासङ्ग्रहभित्र सङ्गृहीत *भविष्यवाणी, मान्छे र मान्छेकै तस्वीर, प्रकाशज्यू, यो तपाईको कथा, अविवाहित लाटी र अपरेशन, उषादेवीलाई भेट्न गएकै छैन गौरव* आदि कथाहरूमध्ये जातीय सङ्कटमाथि लेखिएको *भविष्यवाणी* शीर्षक कथा राजनीतिक चेतना प्रभावित सबैभन्दा प्रमुख कथा हो। विष्टको *भविष्यवाणी* शीर्षक कथामा जातीय स्वार्थको चिन्ता रहेको प्रस्ट देखिएको छ। प्रस्तुत कथा प्रथम पुरुष दृष्टिबिन्दु शैलीमा आधारित कथा हो। कथा पुरै दार्जिलिङको वातावरणको परिदृश्यलाई समेटेर लेखिएको छ। विशेष गरी यस कथाले दार्जिलिङमा भएको गैररैथानेहरूको जगजगी र त्यहाँका नेपालीहरूको अस्तित्वमाथि प्रश्न तेर्साएको छ। वस्तुतः *भविष्यवाणी* कथा जातीय सङ्कटप्रति सचेत भई लेखिएको कथा हो।

यस कथामा दार्जिलिङे बिहारी मुसलमानको दोकानअघि लेखक उभिरहँदा त्यहाँ एउटा तन्नेरी नेपाली केटोले सिग्रेट किनेर सल्काएको दृश्य प्रस्तुत छ। ७ रूपैँयामा

नेभिकट सिग्रेट किन्न गएको त्यो केटोले ५० पैंसा नपुग्दा गोल रिजेन्ट किनेर सल्काउँछ। कथाको शुरूवात् सरल छ, तर कथाको सुरूवात्मा नै लेखकले पाठकको मानसिकतामाथि प्रहार गरेका छन्। दार्जिलिङमा मारवाड़ी, मुसलमान, बिहारी र बङ्गाली आदि जातिले स-साना दोकानदेखि लिएर ठुलाठुला दोकान, सोरूम खोलेर बसेका छन्। कथामा प्रथम दृश्यमा नेपाली केटो गोल रिजेन्ट सिग्रेट किन्न गएको दोकान पनि मुसलमानकै हो। कथा अघि बढ़दै जाँदा लेखक र उनको पुरानो कलेजको साथीसँग एक्कासी भेट भएर वार्तालाप भएको दृश्य छ। यहाँ साथीसँग लेखक बजारमा सब्जी किन्न गएको र टिबेटियनको रेस्टुँरामा गएर खाएको कुरा उल्लेख छ : *गरीब छ कोइ? दार्जीलिङमा यिनारू? सोध्यो मलाई। म चुपचाप हिँडिरहें।'मातेर हिँडेको देखेको छौं कहिल्यै? तर कहिले ? तर उत्तर नपर्खी फेरी भन्न थाल्यो, 'बेच्छ, खाँदैन। खुवाउँछ। सबको बिल्डिङ छ।*[31]

उक्त भनाइमा दार्जिलिङमा बसेका तिब्बतीहरूको उल्लेख गरिएको छ। नोकरी नभए तापनि रेस्टुराँ चलाएर बिल्डिङहरू ठडाएर बसेका कुराको प्रसङ्ग उठाइएको छ। उक्त भनाइबाट अर्को कुरा के स्पस्ट हुन आउँछ भने दार्जिलिङमा नेपालीहरूभन्दा अन्य जातिहरूले नै प्रगति गरेका छन् भन्ने कुराको पुस्टि यहाँ पाइन्छ। आफ्नो देश र ठाउँ अन्यतिर भए तापनि उनीहरू दार्जिलिङमा नै मिलेर बसेको प्रसङ्गमा विरोध गरेको विषयको बारेमा यहाँ उल्लेख गरिएको छ। यस कुराको पुस्टि लेखक र उनका साथीले दार्जिलिङको बस स्टाण्डतिर, दार्जिलिङमा बसोबास गर्ने तिब्बतीहरू चीनलाई तिब्बत छोड्नु पर्ने मागमा नारा लगाउँदै जुलुस गरिरहेको कुराबाट थाहा पाउन सकिन्छ। उनीहरूको जुलुसमा आफ्नो समुदायको प्रत्येक घरबाट एक-एकजना व्यक्ति भए पनि आउनै पर्छ भन्ने देखा पर्दैन। तिब्बतीहरू आफ्नो जन्मथलोलाई बचाउन समस्त रूपमा एकाग्र भएर लागि परेको

[31] सञ्जय विष्ट, (सन् १९९३), **शब्दान्त**, दार्जीलिङ : युवा साहित्य मंच, पृ सं. ३।

देखिन्छ। तिब्बतलाई चीनको अधिनबाट मुक्त गर्नलाई तिब्बतीहरू दार्जिलिङमा जुलुस आदि गर्छन्, तर दार्जिलिङका रैथानेहरू भने आफ्नै लागि एक टुक्रा जमीन माग्न समेत एकता नभएको यथार्थ कथामा प्रस्तुत छ। शराणार्थी  तिब्बतीहरू दार्जिलिङमा आएर घर बिल्डिङ निर्माण गरेर बसेका छन्, त्यहीँका नेपालीहरू भने तिब्बतीहरूले बनाएको घर र बिल्डिङहरूमा कोठाको किराया तिरेर बस्नु परेका छन्। तिब्बतीहरू मदिरा आदि बेच्छन्, तर नेपालीहरू जस्तै मातेर हिँडदैनन्। मात्तु स्वाभाविक कुरा हो, तर त्यही मदिराको कुलतमा परेर दार्जिलिङका रैथानेहरूले आफ्नो इज्जत र बुद्धि भ्रष्ट गरिरहेका छन्। यसका साथसाथै चौरस्तामा निर्मित नेपाली जातिका आदिकवि भानुभक्तको सालिगको कुरा पनि कथामा उल्लेख गरिएको पाइन्छ। नेपाल र भारत दुवैतिरका नेपालीहरूका आदारनीय आदिकवि भानुभक्तको सालिग चौरस्तमा निर्मित गरिनु नेपालीहरूको लागि गर्वको कुरा हुनका साथै दार्जिलिङमा आउने पर्यटकहरूको निम्ति पनि एउटा आकर्षित वस्तु नै हो। तर त्यही आदिकविको परिचय समेत बङ्गला अक्षरमा *"नेपाली जातीय कवि रामायणेर रचयिता . . . ।"*[32] भनेर लेखिएको उक्त कथामा दर्शाएको छ। बङ्गालमा बङ्गला भाषी धेर छन्, त्यसैले बङ्गाल सरकारमा राज पनि बङ्गालीकै छ। यही बङ्गाल सरकारको अधिनभित्र दार्जिलिङ र दार्जिलिङको जनता बाँचेको छ। भारत स्वाधिन भएको दशक बितेर गए पनि अझ भारतीय नेपालीहरूको जातीयतामाथि प्रश्न उठेकै छ। बङ्गाल सरकार दार्जिलिङका नेपालीहरूलाई नेपालबाट आएको शरणार्थी भन्न पनि चुक्दैनन् जुन दार्जिलिङका नेपालीहरूको निम्ति सबभन्दा ठुलो जातीयताप्रतिको प्रहार हो। भारतमै बसेर दशपुर्खा बिताएका दार्जिलिङे नेपाली जनतालाई यसरी अस्तित्वको प्रहार र प्रश्न भइरहन्छ। कथामा सञ्जय विष्टले यिनै कुराहरूलाई अघि सारेर जातीयता र अस्तित्वमाथि चिन्तित दृष्टि पुऱ्याएका छन्। भानुभक्तको सालिग

[32] पूर्ववत्, पृ. सं. ४।

वरिपरि साङलो लगाएको र यदि त्यस सालिगमा साङलो नलगाइएको भए भानुभक्त त्यहाँबाट भागिसकेको व्यङ्ग्यात्मक कुरा पनि कथामा यसरी गरिएको छ- *'किन लाएको होला यो साङली ?पस्नदेखि के रोक्थियो केटा-केटीहरूलाई।' भनें। 'भाग्छ भनेर।' भन्यो साथीले। नबुझ्दा 'को ?' सोधें। ' भानुभक्त।' पो भन्यो।"* [33]

जातीयताको प्रश्न सधैं दार्जिलिङका नेपालीहरू बीच टड्कारो भएर देखा परेको छ। बङ्गालमा बसेका नेपाली जनतामाथि सदैव नै अस्तित्वमाथि प्रश्न उठेको छ। भारतीय नेपाली जनताको मुख्य थलो दार्जिलिङमा निर्मित गरिएको आदिकविको निर्जिव सालिगसमेत आफ्नो भाषिक अस्तित्व हराएर बसेको छ भने यहाँका जीवित नेपाली रैथानेहरू र जनता भने आफ्नै गाँस र बाँसको निम्ति, अस्तित्व र जातीयताको निम्ति सङ्घर्ष गर्नु परेको कुरालाई लेखकले व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन्। जातीयताको कुरा मात्र होइन यहाँ नेपालीहरू हरेक दृष्टिकोणमा नै असक्षम भएका छन्। लेखकका साथी आफ्नो प्रेम सम्बन्धमा पनि फेल खाएका छन्। कलेज पढ्दा आफ्नी प्रेमिका प्रिया उनीसँगै मात्र विवहा गर्ने कुरा गर्थिन्, उनको कुनै कामदाम नभएको कारणले प्रियाले उनलाई छोडेर अर्कै धनी बङ्गाली केटासँग भागेर विवहा गरेकी छिन्। युवावर्गमा नोकरीको समस्या सोचनीय छ। दार्जिलिङमा नौकरी गर्नेभन्दा धेर पढेर पनि काम-दाम नभएको कारणले घरमै बस्नेहरूको सङ्ख्या धेर मात्रामा छ। ठुलो जातको भएकोले गर्दा सरकारको रिजरभेसन सिस्टमले गर्दा पनि लेखकका साथीले मात खाएको छ। यसै सन्दर्भमा नेपालतिर टिचर काम गर्न जान परेको यथार्थ चित्रण प्रस्तुत गरिएको छ। छुट्टिने बेलामा लेखकका साथीले लेखकलाई आफ्नो घरमा निम्ताउछन्। साथी बसेको घर पनि साथीको आफ्नो घर नभएर तिब्बतीहरूले निर्माण गरेको बिल्डिङ भनेर साथीसँगको अन्तिम दृश्यमा देखाइएको छ।

[33]पूर्ववत्, पृष्ठ-४।

*'तर घर पो चिन्छौं के ?' सम्झेर होला झट्ट सोध्यो मलाई। 'चिन्छु नि। त्यै मारवाड़ीको बिल्डिङ होइन?' भनें। ' होइन नि।' छिट्टो भनिहालेर ' त्यहादेखि अलि तल पहेंलो बिल्डिङ छ टिबेटियनको। त्याँ आएर मेरो नाम भन्यौ भने जसले पनि चिनाइदिई हाल्छ नि।' बिस्तारो भन्यो।"* [34]

दार्जीलिङका नेपालीहरू दार्जीलिङमा नै जन्मिएर पनि त्यही ठाउँमा एक मुठि माटोलाई आफ्नो भन्न नसकि गैररैथानेहरू जस्तैः तिब्बती, मारवाड़ी, बङ्गाली आदिले बनाएका बिल्डिङहरूतिर प्रत्येक महिना किराया तिर्दै बस्नु परेको मर्माहत दृश्य उक्त कथाले प्रस्तुत गरेको छ। तिब्बती, मारवाड़ी, बङ्गाली आदि दार्जिलिङमा बिजिनेस गरेर ठूलाठूला होटल र बिल्डिङहरूका मालिक भएर बसेका छन्, तर दार्जिलिङका रैथानैहरू आफ्नै ठाउँमा हेलित र शोषितभएर बाँचेका छन्। रासिन दिने, जुत्ता सिलाउने, रेस्टुराँका मालिक, सरकारी कार्यालयका ठुलाठुला अहोदामा सबै नै गैररैथाने छन् भनेर भन्न खोजिएको छ। कथाको अन्त्यतिर लेखकले प्रतीकात्मक ढङ्गमा आफ्नो चेतनालाई सुक्दै गरेको गुरासँको फूलको रूखसँग तुलना गरेका छन्। फुल्दै गरेको गुरासँको रूख ज्यादा बुढ़ो नभई सुक्दै गएको र मर्ने अवस्थामा पुगेको कुरालाई लेखकले प्रतीकात्मक ढङ्गमा प्रस्तुत गरेका छन्। यसबाट दार्जिलिङले गैररैथाने र जातीय अस्मिताका पीड़ा भोग्नु परेको कुराको पुष्टि गरिएको छ।

निष्कर्षमा विष्टले *भविष्यवाणी* शीर्षक कथामा दार्जिलिङे नेपालीहरूको अस्तित्वमाथि आइपरेको सङ्कटमाथि प्रश्न उठाएका छन्। बाहिरबाट आएका गैररैथानेहरूले प्रगति गरी सबथोक कमाइसकेका छन्, तर आफ्नै जन्मथलोमा दार्जिलिङका नेपालीहरू प्रगति र जातीयताको सुरक्षा गर्न सकेका छैनन्। दार्जिलिङ बङ्गाल राज्यभित्र परेको हुनाले घरिघरि जातीय प्रमाण र नागरिकताको प्रश्न टडकारो

[34] पूर्ववत्, पृ. सं. ६।

रूपमा उठेको छ। यिनै तत्त्वहरूलाई सञ्जय विष्टले कथाको रूप दिई पाठक र जनतासमक्ष प्रस्तुत गरेका छन्।

**ख. पुल :** सञ्जय विष्टको *अस्ताचलतिर* नामक कथासङ्ग्रहभित्र सङ्गृहीत चौधवटा कथाहरूमध्ये राजनीतिक चेतनायुक्त प्रमुख कथाहरूमा पुल, *कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस, थुक्क! तैँले पनि घर बनाइहाल्नु परोस्* जस्ता कथाहरू रहेका छन्। *पुल* कथाले पार्टीगत वैचारिक विभेद र शत्रुताले गर्दा एक-अर्काको हत्या गर्ने, घर-भवन आदि जलाउने आदि विध्वंशकारी घटनालाई प्रस्तुत गरेको छ। कविता लामाले यसबारे *चरित्र समालोचना विशेषाङ्क* -मा छापिएको आफ्नो लेख समसामयिक नेपाली कथामा लिवाङ र विष्ट-मा छर्लङ्ग प्रस्तुतिकरण दिएकी छिन्-

> *गोर्खल्यान्ड आन्दोलनकै एउटा पृष्ठभूमिमा आधारित विष्टको कथा छ 'पुल'।यस कथाले एक साँचो घटनालाई हामीअघि उभ्याएको छ। कुनै विवेक नपुऱ्याई, रिस, आवेशमा आएर हामीले संवेदनहीन भई शत्रुताको भावना राखी आफ्नै दाजुभाइको हत्या गऱ्यौं, ज्यान लियौं, रगत बगायौं। फाइदा कसलाई भयो ? अरूलाई। यही वास्तविकता र कटु सत्यतालाई अनुभव गर्छौं हामी 'पुल' कथामा।*[35]

यति मात्र नभएर अस्ताचलतिर कथासङ्ग्रहको यथार्थहरू र लेखन शीर्षक भूमिकामा इन्द्रबहादुर राईको मन्तब्य यस्तो छ - *ऐतिहासिक साहित्यिक एक प्रलेख (डोक्युमेन्ट) बन्न पुगेको छ यो कथा।* [36] राईको यस भनाईबाट गोर्खाल्यान्ड आन्दोलनको समयमा दार्जिलिङका नेपालीहरूले भोग्नु परेको यथार्थलाई विष्टले उक्त कथामा कुशलतापूर्वक उतारेको कुरा स्पष्ट हुन्छ।

---

[35] कविता लामा, (सन् २०१०), *" समसमायिक नेपाली कथामा लिवाङ अनि विष्ट",* **चरित्र कथा विशेषाङ्क** (सहदेव एस. गिरी, प्र. सम्पा.), वर्षः२५, पूर्णा. १२, कालेबुङ : चरित्र प्रकाशन, पृ. सं. ५६।
[36] सञ्जय विष्ट, (सन् २००७), **अस्ताचलतिर,** निर्माण प्रकाशन, नाम्ची : सिक्किम, पृ. सं. ज।

यस कथाको शीर्षक *पुल*-ले प्रतीकात्मक अर्थ बोकेको छ। कथाको शुरूवात गाउँको प्राकृतिक परिवेशको चित्रणबाट भएको छ र त्यसपछि गाउँको हल्लने पुलबाट खोला तरेर गएपछि पारिको गाउँको चिन्हारीबाट भएको छ।

यसरी प्राकृतिक वर्णनपछि कथामा हल्लने पुलको प्रसङ्ग आउँछ। पुलबाट खोला तरेपछि एक-दुई गर्दै भेटिएका घरहरूसितै लेखकले सिङ्गो गाउँको चित्रण गरेका छन्। पुलवारि र पुलपारिका गाउँका मानिसहरू एक-अर्काका जन्ती र मलामी भएर बसेका छन्। अर्थात् दुई गाउँका मानिसहरू एक-अर्काका असल छिमेकी भएर बसेका छन्।

प्रस्तुत कथामा प्राकृतिक चित्रणका साथै गाउँ-घर आदिको चित्रवत् वर्णनले जीवन्तता पाएको छ। यस कथामा पुलले अल्लो र पल्लो दुवै गाउँलाई जोड्ने मात्र होइन, तर छुटयाउने काम पनि गरेको छ। कथाका उपस्थित अथवा मञ्चीय पात्रका रूपमा रत्नमान, रत्नमानको छोरो उपेन्द्र, रत्नमानका छोरी-ज्वाई, पारि गाउँका बूढो व्यक्ति शमशेर, ललित, बी.बी. सर, जसवीर तामाङलगायत अन्य पात्रहरू रहेका छन्। रत्नमानकी छोरीले पल्लो गाउँको केटोसँग भागेर गई  बिहे गर्छे। त्यसबेला दुवैतिरका गाउँको सम्बन्ध राम्रो थियो।बिहेको समयमा बिहे घरमा काम सघाउन छर-छिमेकी र गाउँका केटाहरू जसरी भेला भएर आउने गर्छन्, त्यो जीवन्त परिवेश र दृश्यलाई लेखकले कथामा चित्रवत् रूपमा प्रस्तुत गरेका छन्। जस्तैः *गाउँका स्वास्नीमान्छेहरू आफ्नो-आफ्नो घरबाट एउटा-एउटा नाङ्लो चेपेर आउन थाले। कम्मरमा खुकुरी भिरेर आए समाजका केटाहरू।*[37] रत्नमानकी छोरीको बिहे हुँदा उसको छोरो उपेन्द्र सानै उमेरको हुन्छ। छोरीको बिहेपश्चात् पुलपारिको गाउँमा रत्नमानको कौटुम्बिक सम्बन्ध गाँसिएको छ। दिदीको बिहे भएदेखि उपेन्द्र पनि वारि-पारिको गाउँमा आउजाउ गर्न थाल्छ। उसका मित्रहरूको सङ्ख्या पारितिर पनि त्यतिकै बढेको छ। यसरी पुलका माध्यमबाट

[37] पूर्ववत्, पृ. सं. २४।

मानिसहरूको समय-समयमा यता र उताको गाउँ आउने-जाने यातायातको क्रम बढदै जान्छ। समयसगँ-सगैं उपेन्द्र ठुलो हुँदछ र भानिजको धनी पनि भएको छ। गाउँको रमाइलोपन उपेन्द्रको उमेरसगँ-सगैं फेरिँदै गएको छ। उसका सानोका दौतरीहरू पनि ठुल्ठुला भएका छन्। जसोजसो बालककाल बितेर दुवैतिरका गाउँका केटाहरू युवा हुनथाल्छन् । त्यसैका साथ-साथै गाउँमा राजनीतिक परिवेश भित्रिन्दै जान्छ र राजनीतिक भेद-भावका कारणले दुवै गाँउ एकार्काका शत्रु बन्न पुग्छन्। विशेषगरी दुवै गाउँको प्रगति भने केही भएको छैन, तर राजनीतिक हस्तक्षेप भने अवश्य बढेको छ।कुनै घर वा व्यक्तिले पार्टीको सदस्यता नलिए उसलाई गाउँ र दल विरोधी भन्न समेत पार्टीका सदस्यहरू चुक्दैनन्। उदाहरणका लागि विक्रम नामक पात्रलाई लिन सकिन्छ। राजनीतिक क्रियाकलापप्रति उसको रूची नहुँदा नहुँदै पनि गाउँका राजनीतिक दलले उसलाई सदस्यता ग्रहण गर्न, चन्दा दिन र पार्टीको झण्डा किन्न कर लगाउँछ। त्यस पश्चात् मात्र विक्रमले पार्टीका डर, धम्की र आरोपबाट छुटकारा पाउँछ। राजनीतिक कारणले दुवै गाउँकाहरू एकार्काका परस्पर विरोधीको रूपमा खडा भएका छन्। दुवै गाउँकाहरूले नै पुल तरेर अर्को गाउँमा पस्नेको हत्या समेत गर्न थालेको घटनाको वर्णन यस कथामा पत्यारिलो र यथार्थमुखी छ।

उपेन्द्र पारि गाउँमा दिदी-भेनाजु र भानिजलाई भेट्न नगएको धेरै दिन भएको छ। उसले माया गरेकी शान्तिलाई नभेटेको पनि धेरै दिन भएको छ। एकदिन कसैसँग केही सल्लाह नगरी ऊ पुल तरेर दिदीको घर पारि गाउँतिर जान्छ, तर ऊ कहिल्यै फर्किएर आउँदैन। पारितिरका गाउँका केटाहरूले उसलाई प्राणघातक रूपमा कुटेर मार्छन् र पुलको बिचमा ल्याएर खोलामा फ्याकिदिन्छन्। रत्नमानले आफ्नो एक मात्र जवान छोरोको लाश घर भित्र्याउनु परेको मर्माहत दृश्य कथामा प्रस्तुत छ। हिजोसम्म दुवै गाउँमा मेल-मिलाप, माया र मैत्रिक सम्बन्ध थियो, त्यो पहिलेको वातावरण अब त्यहाँ छैन। प्रकृतिमा जस्तै व्यक्तिको मानसिकता र व्यवहारमा पनि परिवर्तन आउँदो रहेछ

भन्ने बोध कथामा गराइएको छ। छोरो उपेन्द्रको मृत्युपश्चात रत्नमानले छोरी पनि पुलपारि नै मरी भन्ने सम्झेका छन्। समाजमा कसरी राजनीतिको नकरात्मक प्रभाव परेको छ भन्ने यथार्थलाई यस कथाले प्रस्तुत गरेको छ। सोही राजनीतिको नकरात्मक प्रभावले गर्दा रत्नमानले आफ्नो छोरो गुमाउनु परेको छ। पुलपारितिर आफ्ना छोरी-ज्वाई र नातिप्रतिको अघोर मायालाई पनि उसले सम्झानाको भरमा मात्र साचेर राख्नुपरेको छ। तर बिस्तारै दुवै गाँउमा समय र परिस्थितिसँगै सबै कुरा सामान्य हुँदै जान्छन्। केही समयको अन्तरालमै सबै सामान्य हुँदै गएपछि पुलपारिको गाउँबाट वीरवहादुर वारितिरको गाउँमा आफन्त भेट्नु भनेर आइपुग्छ। एक प्रकारको अशान्तिपूर्ण वातावरणमा वीरवहादुरको आगमनले सबैलाई चकित बनाउँछ। पात्र वीरबहादुर भन्छ- *पुलको धर्म जोड्ने भनेर भूलेर ठूलै भूल गरेछौं हामीले। पुलले छुटयायो यत्रो वर्ष हामीलाई। छुटयायो के छुटयाउने बनायौं हामीले नै यसलाई।*[38]

उपरोक्त कुरामा पुल एउटा बिम्बको रूपमा उपस्थित छ, जसको माध्यमबाट कथाकारले व्यङ्ग्यात्मक राजनीतिक चिन्तन प्रस्तुत गरेका छन्। अतः पल्लो गाउँबाट वीरबहादुरको आगमन भएपछि रत्नमानले पनि आफ्ना छोरी-ज्वाई र नातिलाई भेट्न पुलमा हल्लँदै खोला तरेर पुलपारिको गाउँमा पाइला टेक्न पुग्छन्।

सञ्जय विष्टको *पुल* कथा सामाजिक यथार्थ घटनाहरूमाथि आधारित कथा हो। उनले *पुल* कथाको थालनी प्राकृतिक चित्रणदेखि थालेका छन्- *खोलाका दुवैतिरको कालो भित्तामा कटुस, महुवा, पिप्ली, काउँलोहरूको ठुला-ठुला छायाँगार रूखहरू उभिएको छ, कहिल्यैदेखि। घाम लागेको मध्य दिनको उज्यालोमा पनि साझँको जस्तो अध्याँरो उज्यालो हुन्छ त्यहाँ।*[39]

[38] पूर्ववत्, पृ.सं. ३९।
[39] पूर्ववत्, पृ.सं. २२।

यसरी प्राकृतिक चित्रण गर्ने क्रममा उनको कथामा धेर मात्रामा बिम्ब प्रयोग भएको देखिन्छ। उनले कथामा बिम्ब प्रयोगका माध्यमबाट कथामा नवीन लेखन प्रविधि भित्र्याएका छन्। प्रस्तुत कथामा रीति-रिवाज, मान्यता र लोक व्यवहारको पनि उल्लेख गरिएको छ। विष्टले कथामा सामाजिक-सांस्कृतिक व्यवहारको यथार्थ चित्रण गर्नमा कुनै कसर छोडेका छैनन्। उनले यथार्थिक कुराहरूलाई आफ्नो कथाको विशेष अङ्गको रूपमा लिएका छन्। बिहेको दिनमा गाउँ-घरमा जुन किसिमको रौनकता र रमाइलोपन, जमघट र वातावरण हुन्छ त्यसलाई पनि विष्टले चित्रात्मक-ध्वन्यात्मक शैलीमा प्रस्तुत गरेका छन्। विशेषतः कथामा राजनीतिको नकरात्मक प्रभावलाई पनि छर्लङ्ग देखाइएको छ। राजनीतिक वातावरण र त्यसको कुप्रभावले घर-बङ्लो जलाएको, आफ्नैहरूसित भएको झैं-झगडा, हत्यासमेत भएको विध्वंशकारी वातावरणयुक्त समाजको चित्रण यस कथाले स्वाभाविक ढङ्गमा गरेको छ।

उपरोक्त कुराहरूबाट आजको हाम्रो समाजमा चलिरहेको घातक राजनीतिलाई स्पष्ट रूपमा यस कथामा प्रस्तुत गरिएको छ। पुलवारि-पारिका दुवै गाउँमा आ-आफ्ना सन्तान र मित्रहरू छरिएर बसेका छन्, तर पहाडको राजनीतिक क्रियाकलाप र वातावरणले गर्दा दुवै गाउँका मानिसहरू एक-अर्काका शत्रु बनेका छन्। गाउँका साधारण मानिसहरू प्राणभन्दा ठुलो केही होइन भन्ने सम्झेर पुललाई नाघेर जाने आँटसम्म गर्न चहाँदैनन्। गाउँका राजनीतिमा सलङ्गन युवाहरू पुल तरेर कसैलाई पनि आ-आफ्नो गाउँमा पाइलासमेत टेक्न दिन चाहँदैनन्। युवावर्गमाथि राजनीतिको नकरात्मक प्रभावले समाज ग्रसित भएको यथार्थलाई कथामा देखाइएको छ। राजनीतिक मन मुटाउको डरले गाउँलेहरूभित्र घृणा, रिस, प्रतिशोध आदि जीवित छन्, जसले गर्दा उनीहरू पुललाई मनको किलो बनाएर छुट्टेर बसेका छन्।

निष्कर्षमा गाउँका त्यस हल्लने पुललाई एउटा छुट्याउने कारकको रूपमा मानिएको छ, तर त्यो निर्जीव पुलले दुई गाउँका मानिसहरूलाई नछुट्याएर दूषित राजनीतिक परिवेशको कारणले गर्दा मानिसहरूको आफ्नै नकरात्मक सोच र व्यवहारले एकार्कालाई छुट्याएको हो भन्ने कुराको पुष्टि यस कथामा पाइन्छ। यी सब कुराको सोच ती गाउँलेहरूमा राजनीतिक चपेटको विसङ्गतिले ल्याएको दुष्परिणामपछिको पश्चातापबोध हो। जात र जातिको आड र नाममा, छुट्टै चिन्हारीको नाममा युवावर्गलाई अघि ल्याएर आजका नेताहरूले आफ्नो व्यक्तिगत स्वार्थपूर्ति गर्न हेतु गाउँलेहरूलाई भित्र-भित्रैबाट छुट्याउने काम गरेका छन् भन्ने यथार्थ कुरोको चित्रण कथामा प्रस्तुत छ। यसरी समग्रमा हेर्दा *पुल* कथामा सञ्जय विष्टले पहाडको राजनीति कस्तो किसिमको छ र समाजमा यसको दुष्प्रभाव कस्तो प्रकारले भइरहेको छ भन्ने यथार्थ प्रस्तुत गरेका छन्। पुल कथामा पाइने राजनीतिक चेतना आजको समाज र पहाडमा भइरहेको राजनीतिको जल्दोबल्दो उदाहरणस्वरूप पाठकवर्ग समक्ष प्रस्तुत गरिएको छ।

**ग. कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस् :** सञ्जय विष्टको *अस्ताचालतिर* कथासङग्रहभित्र सङ्गृहीत चौधवटा कथाहरूमध्येको कथामा *कृष्णप्रसाद उर्फ प्रमिथस्* शीर्षक कथामा दार्जिलिङ पहाडको राजनीतिक दृश्यलाई छर्लङ्ग पारिएको छ। उक्त कथा प्रथम दृष्टिबिन्दुमा आधारित छ।

यस कथामा लेखकले प्राचीन ग्रीकको पौराणिक पात्र प्रमिथसका माध्यमबाट आफ्नो मन्तव्य प्रस्तुत गरेका छन्। प्रस्तुत कथा जात, जाति र जातीयता, संस्कार र संस्कृति आदिको सापेक्षतामा महत्त्वपूर्ण रहेको छ। प्रमिथस् उर्फ कृष्णप्रसाद दार्जिलिङे नेपाली जनताको आवाज भएर बोलेको छ। यस कथामा जातीयतासगँसगैं राजनीतिक क्रियाकलाप कतिको विकसित छ र कुन ढङ्गमा विकसित छ भन्ने कुरो देखाइएको छ। कथाकारले आफ्नो पात्रलाई हप्काएर, कराएर अघिदेखि चलिआएको शासनको विरोधी

नहुने भन्ने सुझाव दिन्छन्, तर पात्र कृष्णप्रसादलाई भने स्वतन्त्रता चाहिएको छ। दार्जिलिङको प्रत्येक गैरनेपालीबाट उसलाई स्वतन्त्रता चाहिएको छ। उसले ठूल्ठूला बिल्डिङहरू निर्माण गरेर बसेका ती गैरनेपालीहरूको साटो आफ्नै दाजु-भाइले नै प्रगति गरेको हेर्न चाहन्छ, किनकि कृष्णप्रसाद नेपालीहरूको असल भविष्यको सोच राख्ने पात्रको रूपमा देखा परेको छ। यही कुराको पक्षमा उसले लेखकलाई समेत दार्जिलिङको वास्तविक अवस्थाको बारेमा सचेत गराउँदै स्थानीय राजनीतिक चेतनाको उल्लेख आफ्ना कृतिहरूमा गर्ने बारे सुझाव दिन्छ। तर लेखकबाट यस्तो विषयमा केही लेख्न नसक्ने प्रतिक्रिया पाउँदा कृष्णप्रसादले रिस र आक्रोशमा आएर लेखकलाई एक निष्क्रिय र निमुखा पात्रको रूपमा हेर्छ।

समाजभित्र ओझेलमा परेका र पछौटे परेका आफ्नो जातिलाई उद्धार गर्नमा कृष्णप्रसाद मर्न पनि तत्पर रहेको कुरा गर्छ। लेखक कृष्णप्रसादको यस कुरासँगसहमत नभएर उल्टो उसलाई यस्तो सोच-विचार अघि ल्याएमा कथाको मुख्य पात्रको भूमिकाबाटैहटाउने चेतावनी दिन्छन्। तर लेखक आफै पनि कृष्णप्रसादको भूमिकालाई समाप्त गर्न सक्दैनन् किनकि सांस्कृतिक र जातीय चिन्हारी गुमाउनु आटेको आजको दार्जिलिङ र साथै त्यहाँको अस्तव्यस्त राजनीतिक क्रियाकलाप विरूद्ध आवाज उठाउनु लेखक असमर्थ छन्। त्यसैले कथाकारले कृष्णप्रसादजस्ता पात्रको सृजना गरेका हुन्। यस कथामा कृष्णप्रसाद कथाकारको मुख पात्र हो, जसको माध्यमबाट कथाकारले आफ्नो मनभित्र दमित आक्रोस, विचार र वर्तमान विसङ्गति व्यक्त गरिरहेका छन्। कथाकारमा राजनीतिक चेतना भएकै कारण उनलाई आफ्नो भावना, विशेषता र जातीय अस्तित्वको बारेमा ज्ञान हुनका साथैयी सब कुरा बुझ्नमा उनी सक्षम पनि देखिन्छन्। वास्तवमा चेतनाले व्यक्तिको राजनीतिक भावनालाई व्यक्त गर्छ भने त्यो चेतना हामी कथाकार विष्टमा पाउँछौं।

**घ. थुक्क ! तैंले पनि घर बनाईहाल्नु परोस् :** *थुक्क ! तैंले पनि घर बनाइहाल्नुपरोस्* शीर्षक कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो। यस कथामा विष्टले नरेन्द्रले घर निर्माण गर्ने क्रममा झेल्नु परेका सामाजिक र राजनीतिक झमेला र अढचनहरूको वस्तुपरक चित्रण गरेका छन्। मान्छे सामाजिक प्राणी हो र मान्छे सामाजिक गठबन्धनमा धुलमिल भएर बस्नु पर्छ भन्ने कुरालाई कथामा दर्शाइएको छ। उक्त कथामा साधारण मान्छे नरेन्द्रले आफ्नो घर बनाउने सपनालाई पूर्णता दिन सामाजिक र राजनीतिक झमेलाहरूलई बेहोर्नु परेको तथ्यलाई एकदमै खुलस्त र सजिव ढङ्गमा प्रस्तुत गरिएको छ। विशेषतः विष्टले अहिलेको समयमा घर बनाउनलाई घरको निम्ति जमिन र सर-समान जुटाउनका लागि रूपिया-पैंसाको मात्र समस्या नरहेर त्योभन्दा पनि अझ ठूलो समस्या समाजका सचिव, नेता आदिलाई पनि चन्दाको रूपमा पैंसा बुझाउनु पर्ने विद्यमान कुसंस्कृतिको वर्णन गरेका छन्। साधारण मानिसलाई घर बनाउने कुरा एउटा सपना जस्तै हो। घर बनाउने सर-समानको निम्ति पैंसा जम्मा गरेर मात्र पनि हुँदैन रहेछ, यसका साथ-साथै हामीले चुनेका नेताहरू र समाजका ठेकेदारहरूका लागि पनिभाग छुट्टाएर बेग्लै चन्दाको रूपमा पैंसा बुझाउनु पर्ने बाध्यता आदिलाई कथाले प्रस्तुत गरेको छ। जमीन किनेर घर बनाउने इच्छा पूरा गर्ने नरेन्द्रको सपनामा समाजका सचिव, प्रेसिडेन्ट, पार्टीका नेता आदिले बाधा पुऱ्याउँदा घर बनाउने काम पुरा होला कि नहोला भन्ने चिन्ता र शङ्कामा परेको नरेन्द्रको मानसिक अवस्थालाई मनोवैज्ञानिक ढङ्गले र साथै आजको समाज र राजनीतिक पार्टीको वास्तविक क्रियाकलापलाई यथार्थ रूपमालेखकले प्रष्ट देखाएका छन्। यस सम्बन्धमा के भन्न सकिन्छ भने प्रस्तुत कथामा सामाजिक चित्रणको सन्दर्भमा स्थानीय राजनीतिक परिवेशलाई पनि देखाइएको छ, जसद्वारा राजनीतिक दलहरूले समाजलाई कसरी शोषण गरिरहेको छ भन्ने यथार्थ यस कथामा प्रस्तुत छ।

सञ्जय विष्टका कथाहरूमा आधुनिकता र सामाजिक यथार्थता धेर पाइन्छ। उनको कथालेखन शैली त्यति सहज र सरल छैन, तर उनले कथालाई नयाँ ऊचाईमा पुऱ्याएका छन्। सञ्जय विष्टका कथाहरूको सम्बन्धमा राजनीतिले समाजको एक पाटालाई नै देखाउने काम गरेको छ। उनका कथाहरूले आजको नेपाली समाजमा विद्यमान राजनीतिक परिवेशलाई प्रतिबिम्बित गरेका छन्। घुसखोरी, कमिसनखोर राजनीतिक दलका नेताहरूको चलखेल र स्वार्थी मनोभावले गर्दा जनता दिग्भ्रमित भएको र त्यस्ता जनतालाई राजनीतिक चेतनाद्वारा सचेत गराउनमा विष्ट आफ्ना कथामा सचेत देखिन्छन्। विशेषगरी उनका कथाहरूमा भिन्न-भिन्न घटना र विषयवस्तु समावेश भएको पाइन्छ। उनले *थुक्क ! तैंले पनि घर बनाइहाल्नु परोस्* शीर्षक कथामा पनि सामाजिक यथार्थतालाई आफ्नो कथाको मूल विषय बनाएका छन्। नारीवादी राजनीतिक चेतना, परिवर्तनकारी राजनीतिक चेतना, सत्तामूलक राजनीतिक चेतना, व्यवस्थामूलक राजनीति चेतना इत्यादि राजनीतिक चेतनाहरूमध्ये सामाजिक राजनीतिक चेतना पनि एक हो, जुन सञ्जय विष्टको उक्त कथा *थुक्क ! तैंले पनि घर बनाइहाल्नु परोस्* कथामा अभिव्यक्ति भएको पाइन्छ।

समाजमा जनता त्यति धेरै शिक्षित र सचेत नभएकै कारणले राजनीतिको माध्यमबाट जनतामा जागरूकता ल्याउनका लागि कथालाई एउटा सशक्त माध्यम बनाइएको कुरो विष्टको कथाहरूबाट थाहf लाग्छ। समाजका विभिन्न पत्रहरूमध्ये राजनीतिक पक्ष पनि एउटा पक्ष हो र विष्टका कथामा यो पक्ष पनि एउटा विशेष रूचिको क्षेत्र देखिएको छ। उनले यस क्षेत्रलाई कथामा सचेत रूपमा भित्र्याएका छन्।

**ङ. राजयोग नपरेका युवराजहरू :** प्रस्तुत कथा *जुनजस्तै घाम* कथासङ्ग्रहभित्रका सङ्गृहीत कथाहरूमध्ये एक हो। राजनीतिक पृष्ठभूमिमा आधारित आलोच्य कथा राजनीतिक चेतनाप्रधान कथा हो। *जुनजस्तै घाम* -को *'वैशिष्ट्यहरूमा विष्टका कथाहरू'* शीर्षक लेखमा सुधीर छेत्रीले उक्त कथाको बारेमा भनेका छन्-

*राजयोग नपरेका युवाराजहरू १९८६ को पृष्ठभूमिमाथि आधारित कथा भए तापनि यसले वर्तमान समय र परिस्थितिलाई अझ प्रखरतासित समेटेको छ। युवाहरू दार्जिलिङमा कसरी राजनैतिक रूपमा प्रायोगिक वस्तु बन्दै दिक्शून्य हुँदै गएका छन्ः अशिक्षा, राजनीतिक महत्त्वाकाङ्क्षा, हत्या, सत्ता र शक्तिको समीकरण कसरी तयार हुँदछ – त्यसको वस्तुतात्मक चित्र प्रस्तुत गरिएकोछ।*[40]

अतः यस कथाले १९८६ सालको आन्दोलनको प्रतीकात्मक चित्रण गरेको छ। यसका साथ-साथै दार्जिलिङका युवाहरूलाई केन्द्र गरी उनीहरूको राजनीतिक चेतनाबारे पनिवर्णन गरेका छन्। कथामा सञ्जय विष्टले दार्जिलिङका युवाहरूको यथार्थ चित्र प्रस्तुत गरेका छन्। कथामा मुख्य पात्रको रूपमा गणेश साम्पाङलाई राखिएको छ। गणेश स्कुल पढ्ने केटा हो। कथामा राम्रै पढ्दैजाने गणेश छैटौं कक्षामा प्रथमचोटि फेल भएको हुनाले उसलाई पढनमा चासो नरहेको देखाइएको छ। कथाको पात्र गणेश छैटौं कक्षामा पहिलोचोटि फेल भएपछि त्यसैगरी कक्षा नौसम्ममा पनि असफल हुँदै गएको उक्त कुराबाट पात्र गणेशलाई पहिले-पहिले असफल हुनुको तितो आभास भएको, तर निरन्तर असफलता हात लागेपछि असफलताको तितो आभास हुन छोडेको भन्नेकुरो तलको उद्धरणबाट स्पष्ट हुन्छः

*'नौंको ठुलो इक्जाम दियो त्यसले।इक्जाम सकिना साथै पूर्वानुमान गरिसकेको थियो।नौमा पनि त्यसको अनुमानलाई रिजल्टले धोका दिएन।रिजल्ट थापेर मानसिक अनि हार्दिक रूपमा खासै परिवर्तित भएन*

[40] सञ्जय विष्ट, (सन् २०१५), **जुनजस्तै घाम**, कालेबुङ : उपमा प्रकाशन, पृ सं. १४।

*त्यो। घरिघरिको असफलतामा असफल हुनु सामान्य कुरो भइसकेको थियो त्यसलाई।'*[41]

फेल हुनुको मुख्यकारण पढनमा उसको चासो हराउँदै गएको र अन्य बाह्य कुरा जस्तै स्कुलमा एसेम्बली नगएर कक्षाबाहिर भद्रासे बेच्नु, साथीहरूसँग पोस्टर, सिनेमा, लडाईं परेको हेर्न गएको आदि थियो। सातौं, आठौं र नवौंमा पनि छैटौं कक्षामा जस्तै फेल भएकोले पढाईबाट उसको रूचि घटिसकेको कथामा प्रस्तुत गरिएको छ। यसरी घरिघरि फेल भएपछि गणेश पार्टीका मानिसहरूसँग चिरपरिचित हुन पुग्छ। ऊ पाल्देन नामक पात्रको सङ्गतमा लाग्छ। सागर उक्त कथाको अर्को पात्र हो, जो गणेशको साथीको रूपमा देखिएको छ। गणेशले स्कुल छोडे पनि सागरले स्कुल छोडेको हुँदैन। गणेशले स्कुल छोडेदेखि सागरसँग लागि उसले खुब खर्च गरेको हुन्छ साथै उसले पाल्देन दाको पनि खुबै बढिबढाई गर्छ। जुलुस आदिमा नारा लगाउनुदेखि लिएर हरेक कार्यमा नै प्रायः जसो जान थालेकोले गणेश पनि राजनीतिक क्रियाकलापमा सक्रिय देखिन्छ। यसरी ऊ जुलुस आदिमा पाल्देन दा नामक पात्रसँगको मेलमिलापबाट पसेको हुन्छ। पाल्देन सिलगढी रेलवे स्टेसनमा आएका टुरिस्टहरूलाई हुटेल पुऱ्याउने ब्रोकर काम गर्दादेखि नै पार्टीको जुलुस र मिटिङहरूतिर गइरहने हुँदा नेताहरूको नजिक भएको हुन्छ। पाल्देन दा राजनीतिक क्षेत्रमा कसरी सलंग्नभयो भन्ने बारेकथामा उसको पनि छुट्टै घटना छ। सर नामक अर्को पात्रको उल्लेख पनि यहाँ गरिएको छ, जसको लागि पाल्देन दा काम गर्ने हुन्छ। कथामा सरको विरोधी नेताले सरको विरूद्धमा भोटमा नामाङ्कन गरेर सरको विरूद्धमा उम्मेदवारको रूपमा उठ्ने कोशिष गरेको हुन्छ। पछि भोटको नामाङ्कन फिर्ता लिने समयसम्ममा पनि नाम फिर्ता नलिएर सरको विरूद्धमा उभिन्दा विरोधी नेताको निर्मम हत्या भएको र त्यसको दोष पाल्देन दामाथि आएर तीन महिना जेलमा पसेको कुरा कथामा प्रस्तुत छ। यसबाट राजनीतिक परिबन्धभित्र परेर

[41] पूर्ववत्, पृ. सं- ६८।

यहाँ विरोधी नेताको हत्या भएको छ। आजका युवाहरू राजनीतिको भुँवरीमा परेर जेल जान परेको र आफु इमान्दार रहेर आफ्नो नेताको साथ दिएको कुरा बुझ्न सकिन्छ। पाल्देन दा पक्रा परेको दिन ९० दिनभित्र नै जेलबाट छुटेर देखाउछु भन्ने कुरालाई उसले साबित गरेको हुनाले पाल्देन दा त्यस ठाउँको अघोषित युवराज हुने क्रममा सफल भएको छ। यस्ता अघोषित युवराजहरूले राजनीतिको परिबन्धमा परेर आफ्नो भविष्य बिग्रेको पनि देख्दैनन्। पाल्देन दा जेलमा हुँदा गणेश बारम्बार भेट्न गएको हुनाले जेलमा बसेर नै पाल्देन दाले गणेशको माध्यमबाट आफ्नो काम गरेको हुन्छ र पाल्देन दा सरको विश्वासको पात्रभएझैं गणेश पनि पाल्देनको विश्वासको पात्र बन्न पुगेको छ। कथाकार विष्टले गणेश र पाल्देन दालाई उस्ताउस्तै पात्रको रूपमा देखाएका छन्। आफूभन्दा शक्तिशाली सत्ताधारीको अधिनमा रहेर गणेश र पाल्देन दाजस्ता युवाहरू माथिबाट जे गर भन्यो त्यही गर्ने र पछि त्यसको परिणाम कस्तो हुने हो ती कुराहरू विचार नगरी पार्टीसँग विश्वासी भएर काम गर्छन्। राजनीतिक क्रियाकलापमा संलग्न भएर धन-सम्पति पनि कमाएकै हुन्छन्, तर पछि गएर भविष्य के हुने हो त्यो भने सोच्दैनन्। यतिमात्र नभएर आफु पनि सत्ताधारी र शक्तिशाली भएर राज गर्ने कुराको पुष्टि पनि विष्टले पाल्देनको माध्यमबाट अघि सारेका छन्। युवराज सधैं युवराज रहँदैन, प्रत्येक युवराज भोलिको राजा हो भन्ने त्यसलाई थाहै थिएन। त्यो कुरा त्यसलाई संसर्गले बतायो। राजाहरूको सत्तासुख देख्ने त्यसको दृष्टिले राजाहरूको सत्तासुख भोग्ने सपना दियो त्यसलाई  उक्त कुरामा विष्टले पाल्देन दाको मनोभावप्रति दृष्टि पुऱ्याएका छन्। जुन ओहोदामा पाल्देन दा बसेको हुन्छ,  त्योभन्दा माथि जाने इच्छा उसमा पलाएको हुन्छ र उसले सर पात्र झैं शक्तिशाली भएर राज गर्ने सपना देख्न थाल्दछ। यही क्रममा पाल्देन दाले गणेशलाई आफ्नो हातको पुतला बनाएर गणेशको हातबाट हत्या गर्नेजस्तो कुकाम हुन पुगेको छ, तर गणेशलाई कुनै पश्चाताप भने छैन। कथाको अन्तमा गणेशलाई पुलिसले पक्राउ गरेपछि सागर पनि सरकोतिर लागि परेको देखाइएको छ।

यसैगरी पहाडे राजनीतिले युवाहरूलाई पैसा र शक्तिको लोभ देखाएर युवाहरूको भविष्य बर्बाद गरेको कटु सत्य यस कथामा प्रस्तुत छ। पाल्देन दा, गणेश, सागर, दिपेन्द्रजस्ता पात्रका माध्यमबाट दार्जिलिङका युवाहरू राजनीतिक चपेटमा परेर नेताहरूलाई देवता सरह मानी हत्या समेत गर्न नचुक्ने जस्ता सथार्थ घटनाहरू कथामा देखाइएको छ। पाल्देन दा राजनीतिक पार्टीको सत्ताधारी सरको ढाल भएर सरको विरोधमा उठ्नेको हत्याको अभियोगमा जेल पसेर दार्जिलिङको अघोषित युवराजको सिहांसनमा पुग्नलाई सिँढी चढेंझैं गणेश पनि त्यसरी नै हत्याको अभियोगमा पक्रा परेर खराब राजनीतिको चपेटमा परी राजयोग नपरेका अघोषित युवराज हुने क्रममा सफलता प्राप्त गरेको छ। तर कथा यतिमै सिद्धिँदैन। गणेश पक्राउपरेपछि सागर पनि अर्को साथी दिपेन्द्रसित त्यही क्रममा सरको अफिस जान लागेको अन्तिम दृश्य कथामा प्रस्तुत छ।

कथाकार विष्टले कथालाई सुरू र अन्त दुवैमा नै रोचकता थपेका छन्। राजनीतिक चेतनामूलक घटनाहरूलाई एकबद्ध गरी कथाको रूप दिनमा विष्टले बढो सचेतता र श्रेष्ठतासँग आफ्नो कला प्रस्तुत गरेका छन्।

### ५.१.२ आंशिक राजनीतिक चेतना भएका कथाहरूको अध्ययन

**क. अन्ट्रेन्ड ब्युटिसियनहरू :** *शब्दान्त* कथासङ्ग्रहको *सञ्जय विष्टका कथाहरू, एक परिचायिक* शीर्षकको भूमिकामा सञ्जय बान्तवा लेख्छन्-

> *सञ्जय विष्ट, विषयका कथाकार होइनन्, जीवनका कथा लेखक हुन्। उनी पनि कथाका प्लटहरू जतासुकै पाउँछन्, देख्न सक्छन् तर टिपेर छाँस्तै लैजाँदा त्यहाँ 'जीवन' भर्न खोज्छन्।'प्राण' भरेर नै पनि वैविध्य, अलग अस्तित्व नबनाउन अर्को 'दृष्टि' आनन्द मान्छ।'जीवन' सार्वभौम शब्द छ, 'प्राण'*

*प्रतिनिधि। सञ्जस विष्टले ज्यादा जस्तो आफ्नो कथालाई 'प्रतीक' बनाएका छन्।* [42]

उक्त भनाईबाट सञ्जय बान्तवाले विष्टले जुनसुकै प्लटलाई समाती कथाको रूप दिन सक्छन् साथै त्यसमा प्राण भरी कथालाई जिवन्त बनाउँछन् भन्ने तथ्य बुझ्न सकिन्छ। सञ्जय विष्टले कथालेखनलाई नयाँ शैली र ढङ्गमा प्रस्तुत गरेका छन्। उनका कथाहरूले भारतीय नेपालीहरू विशेषगरी दार्जिलिङको नेपाली समाजको प्रत्येक कोणलाई दर्शाउने चेष्टा गरेका छन्। विष्टले आफ्ना कथाहरूमा सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, समस्याहरूलाई प्रतीकको सहायताद्वारा पाठकसमक्ष राख्ने गर्छन्। यस्तै सामाजिक समस्या र यथार्थ उनको *अन्ट्रेन्ड ब्युटिसियनहरू* शीर्षक कथामा पाइन्छ। सामाजिकसँगै आर्थिक विसङ्गतिले ग्रस्त भएको परिवेशको चर्चा यस कथामा गरिएको छ। यसै सन्दर्भमा जय क्याक्टस लेख्छन्- *राजनैतिक व्यवस्था, सभ्यताको रङ्गीचङ्गी र आर्थिक विसङ्गतिले ग्रस्त हाम्रो परिवेशको लथालिङ्ग सामाजिक शृङ्खलाको अर्को प्रक्षेपलाईउदाङ्गो पार्ने वर्तमानकै अर्को कड़ी (Episode) हो कथा अन्ट्रेन्ड ब्युटिसियनहरू।* [43]

समालोचक जय क्याक्टसका यस भनाईबाट नै कथाका उद्देश्य, समस्या र कथनबारे बुझ्न सकिन्छ। *अन्ट्रेन्ड ब्युटिसियनहरू* शीर्षक कथामा विष्टले नेपालीहरूको महान चाँडपर्व दशैं तिहारको रौनकता र रमाइलोपन आदिलाई चित्रवत् द्रिगदर्शन गराएर नेपाली संस्कृतिलाई पनि कथामा समावेश गरेका छन्। तर त्यो संस्कार र संस्कृति हाम्रो अङ्ग्रेजहरूले जस्तै रमाइलोसँग नमनाएर शहरीया वातावरण, त्यसमाथि पनि अनेक राजनीतिक दलहरूको आदेश बमोजिम चाँडपर्व मनाउन निशेध गरिएको यहाँ उल्लेख गरिएको छ। यसैले आफ्नो सभ्यता र संस्कृतिलाई कतिले निडर भएर पालन गरे त

---

[42] सञ्जय विष्ट, (सन् १९९३), पूर्ववत्, पृ. सं. छ।

[43] जय क्याक्टस, (सन् २०१४), *कथालेखनको नयाँ प्रवाहमा कथाकार सञ्जय विष्टको अस्ताचलतिरका कथाहरू,* **चरित्र समालोचना विशेषाङ्क**, (सहदेव एस. गिरी, सम्पा), वर्ष- २८, पूर्णा. १३, कालेबुङ : चरित्र प्रकाशन, पृ. सं. १३०।

कतिले राजनीतिक दलका नेताहरूको डरका कारण नमनाएको कुराहरूको चर्चा यहाँ गरिएको छ। विशेषगरी पार्टी र समुदायगत विभेदको कारणले दशैं-तिहार मनाइएको खण्डमा जरिमाना दिने आदेश पारित गरिएको हुनाले कथामा दशैं राम्रोसँग नमनाए पनि तिहार भने नमनाई बस्न नसकिएको कुराको उल्लेख गरेर लेखकले दार्जिलिङे समाजमा राजनीतिक व्यवस्था र प्रभावको कुरालाई प्रस्तुत गरेका छन्। प्रस्तुत कथाको एउटा प्रवृत्ति नारीवादी दृष्टिकोण पनि रहेको छ।

> *अन्ट्रेन्ड ब्युटिसियनहरू नारी विवेचनालाई केन्द्रमा राखेर लेखिएको कथा हो जसमा सञ्जय विष्टले वर्तमान नारी त्रासदीको साथसाथै सम्पूर्ण समाजको वर्तमान बुनियादी स्वरूपली प्रस्तुत गर्नुभएको छ। वास्तवमा पुरानो समयमा नारी दमनको पारम्परिकढाँचा थियो, आजको अत्याधुनिक समयमा पनि यस दमनको प्रक्रिया चलिरहेको छ तर यसको रूप बेग्लैछ।*[44]

प्रस्तुत भनाई रेमिका थापाको *अन्ट्रेन्ड ब्युटिसियनहरू बनाम नक्शाको पुरुष* शीर्षक लेखबाट लिइएको हो र यस भनाईबाट *अन्ट्रेन्ड ब्युटिसियनहरू* कथामा नारीवादी चिन्तन पनि पाइन्छ भन्ने कुरो स्पष्ट हुन आउँछ।

पात्र अर्जुनकुमारले छोराको जन्मपश्चात छोरीको आशा राखु तर वर्षैपछि आर्थिक समस्याको कारणले गाउँको चेलीबेटीहरू जस्तै अमृता, डाँडाघरे काइँलाकी छोरी, सूर्यमानकी छोरी र उसको आफ्नै बहिनी लक्ष्मी बङ्गलोर, दिल्ली, केरेला, गोवा आदि शहरहरूतिर पार्लरमा केश बनाउने काम गर्न गाउँ-घर छोडेर जान पर्ने परम्परा बसेको देख्दा छोरीको आशा मारेको तथ्यले अर्जुनकुमारजस्ता पात्र आउने पिढ़ीको निम्ति सचेत रहेको कुराको पुस्टि यस कथाले गरेको छ। ममता लामाले *सञ्जय विष्ट र उनको अस्ताचलतिर कथासङ्ग्रह, प्रवृत्तिगत अध्ययन* शीर्षक आफ्नो लेखमा उल्लेख गरेका यस

---

[44] मनप्रसाद सुब्बा, रेमिका थापा, (सन् २०११) **किनारा विमर्श**, दार्जिलिङ : गामा प्रकाशन, पृ. सं. १८५।

भनाईलाई लिन सकिन्छ : *प्रशिक्षणविहीन ब्युटिसियन काम गरेर पैसा आर्जन गर्न सहरहरूतिर प्रस्थान हुने युवतीहरूका भौतिकवादी मानसिकता र प्रचलनतो यथार्थ चित्राङ्कन अन्ट्रेन्ड ब्युटियिनहरू कथामा पाइन्छ।*[45]

अतः गाँउ छोडेर गएका सबै नै उचित काम पाएर उज्जवल भविष्य बनाउँछन् भन्ने छैन। अर्काको भरोसामा गाँउघर छोडेर हिँडदा छोरीचेलीहरू बेचबिखान आदिमा पनि फसेर उनीहरूको जीवन बर्बाद भएको छ। शैक्षिक योग्यताको अभावले उनीहरूले भनेको जस्तो काम नपाएर निम्न स्तरको काम गर्न बाध्य पनि हुन्छन्। हाम्रो समाजमा चेलीहरू काम गर्न भनी बाहिरिन्छन्, तर त्यो केवल आर्थिक विसङ्गतिको कारणले मात्र होइन। गाउँ-घरमा गर्न लायकका कामहरू पनि हुन्छन् तर समाजका ठुलाठुला ओहोदामा बसेका मानिसहरूसँग चिनजान नभएसम्म र उनीहरूको आफन्तको लिस्टमा आफू नपरेसम्म आई.सि.डि.एस आदि कामतिर पनि रोजगारी पाइँदैन। कथाकी पात्र अमृता पनि त्यस्तै आई.सि.डि.एसमा काम गर्नलाई सक्षम भए पनि पञ्चायतको चयनकर्ताले अमृताको बदलीमा आफनो भान्जीलाई काममा लगाएको हुन्छ। साधारण परिवारमा हुर्केकी, स्कुल छोडेर गाँउकै आई.सि.डि.एसमा काम पाउने कोशिश गरिरहेकी केटीलाई आफुले पाउन लागेको काम अर्काले पाउने कुरा साधारण नै भए तापनि ती साधारण र सरल जीवन यापन गरिरहेकी भावनामा चोट लागेको मनोवैज्ञानिक कुरा कथाले प्रस्तुत गरेको छ। उदारहणार्थ रेमिका थापाको भनाईलाई लिन सकिन्छ : *आफ्नो जन्मथलो छोडेर गाउँका अबोध र अन्जान नारीहरूको अन्यत्रतिरको स्थानान्तरण (माइग्रेसन) अन्ट्रेन्ड ब्युटिसियनहरू कथाको केन्द्रीय कथ्य हो।*[46] विष्टको यस कथाले कथामा मात्र भनेको छैन तर हाम्रो समाजमा छोरीचेलीहरू देशभित्र वा बाहिर किनारीकृत हुनु परेको राजनीतिक-सामाजिक यथार्थलाई प्रस्तुत गरेको छ।

---

[45] ममता लामा, (सन् २०१५), **दृष्टि र आधार**, कालेबुङ : उपमा प्रकाशन, पृ. सं. १०८-१०९।
[46] मनप्रसाद सुब्बा, रेमिका थापा, पूर्ववत्, पृ. सं. १८५।

निष्कर्षमा, *अन्ट्रेन्ड ब्युटिसियनहरू* शीर्षकले तालिम नपाएका ब्युटिसियनहरू वा पार्लरमा काम गर्ने महिलाहरूको विसङ्गत जीवनलाई औंल्याएको छ। तर तालिम र प्रशिक्षण नपाई कसरी ब्युटिसियनहरू हुन जान्छन् भन्ने रहस्यमय कुरो पनि यसकथाले बताउने चेष्टा गरेको छ। कथामा आर्थिक विसङ्गति, राजनीतिक व्यवस्थाले गर्दा प्रभावित र ग्रसित भएको समाज र सभ्यता, छोरीचेली किनारीकृत हुनु परेको कारणको व्याख्या गरिएको छ। विष्टका कथाहरूमा राजनीतिक छलफलको छाप सूक्ष्म रूपमा पाइन्छ। सम्पूर्ण रूपमा नभए तापनि आंशिक रूपमा प्रस्तुत कथामा पनि राजनीतिक व्यवस्थाको कुरा गरिएको छ। यसका साथै प्रस्तुत कथामा देखापरेको मुख्य विशेषता छोरीचेली किनारीकृत हुनु परेको तथ्य नै हो।

## ५.२ उपसंहार

समकालीन युगमा दन्त्येकथा, जादु, टुना-मुना, तिलस्मजस्ता कथाहरूले स्थान पाउन छोडिसकेको छ। त्यस्ता कथाहरू लोक साहित्य र बाल साहित्यसम्म मात्र सीमित भएर बसेका छन्। आजका लेखकहरू कथामा रूढिवादी परम्परालाई त्यागेर अस्तित्व, जातीयता, घनत्व, यथार्थवाद, सामाजिक, बौद्धिक प्रवृत्तिलाई आफ्ना कथाहरूमा प्रयोग गर्छन्।सोही अनुरूप समाजमा घटेका कटु यथार्थहरूलाई साहित्यको माध्यमद्वारा पाठकसमक्ष ल्याएर राख्छन्। सञ्जय विष्ट तिनै कथाकारहरूमध्येका एक हुन्, जसको कथाकारिता यस क्षेत्रमा प्रसंशनीय छ। उनको कथाकारिताको उदाहरण उनको कथाहरूलाई नै लिन सकिन्छ। उनले आफ्ना कथाहरूमा समाजमा भइरहेका कुराहरूलाई कथाको रूप दिन्छन्। यस लघु शोधप्रबन्धको पाँचौ अध्यायमा विष्टका कथाहरूमा पाइने राजनीतिक चेतनाको अध्ययन गरिएको छ।

*शब्दान्त* (सन् १९९३), *अस्ताचलतिर* (सन् २००७) र *जुनजस्तै घाम* (सन् २०१५) अहिलेसम्मको विष्टका तीनवटा प्रकाशित कथासङ्ग्रहहरू हुन्। यी तीनैवटा

कथासङ्ग्रहरूमा उनको सामाजिक यथार्थवाद, नारीवाद, विज्ञान र प्रविधि तथा राजनीतिs चेतनामूलक कथाहरू पाइन्छन्। अतः यस शोधकार्यमा उनका राजनीति चेतनामूलक कथाहरूको अध्ययन गर्नु पर्ने औचित्य देखिएको हुँदा तीनैवटा कथासङ्ग्रहमा फेला परेका जम्मा पाँचवटा पूर्ण राजनीतिक चेतनामूलक र एउटा आंशिक चेतनामूलक कथा गरी जम्मा 6 वटा कथाहरूको अध्ययन गरिएको छ। पूर्ण रूपमा राजनीतिक चेतना भएका कथाहरूमा पहिलो कथासङ्ग्रह *शब्दान्त* (सन् १९९३)- मा सङ्गृहीत *भविष्यवाणी,* दोस्रो कथासङ्ग्रह *अस्ताचलतिर* (सन् २००७) –मा सङ्गृहीत *पुल, कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस, थुक्क! तैंले पनि घर बनाइहाल्नु परोस्,* र तेस्रो कथासङ्ग्रह *जुनजस्तै घाम* (सन् २०१५) -मा सङ्गृहीत *राजयोग नपरेका युवराजहरू* शीर्षक कथा हुन्। आंशिक राजनीतिक चेतनामूलक कथाको रूपमा दोस्रो कथासङ्ग्रह *अस्ताचलतिर* (सन् २००७) -मा सङ्गृहीत *अन्ट्रेन्ड ब्युटिसियनहरू* शीर्षक कथालाई लिइएको छ।

विष्टको *भविश्यवाणी* शीर्षक कथाले जातीय स्वार्थको चिन्ता रहेको प्रस्ट देखाउने खोजेको छ। उक्त कथाले दार्जिलिङमा रैथानै नेपालीहरूभन्दा गैररैथानेहरू अधिक मात्रामा भएकोले रैथानेहरूको अस्तित्वमाथि प्रश्न तेर्साइएको छ। यसर्थ यो कथा जातीय सङ्कटप्रति सचेत भएर लेखिएको कथा हो। उनको अर्को विशिष्ट कथा *पुल* हो। *अस्ताचलतिर* कथासङ्ग्रहमा सङ्गृहीत यस कथाको अरू कथाहरूकोभन्दा भिन्दै वैशिष्टय छ। सन् १९८६ -मा गोर्खाल्याण्ड आन्दोलनको बेलामा आफ्नै जातिहरूमा बढेको हिंसा, मतभेद, राजनीतिक द्वन्द्व र त्यसले पुऱ्याएको नकरात्मक हिंसाको वर्णन यस कथामा पाइन्छ। अस्ताचलतिर कथासङ्ग्रहमा सङ्गृहीत अर्को कथाको *कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस* हो । यस कथाले सञ्जय विष्टलाई कथाकार विष्ट बनाउनमा धेरै ठूलो भूमिका निर्वाह गरेको छ। प्रथम पुरुष दृष्टिविन्दूमा आधारित यस कथाले पहाडमा भएको राजनीतिक गतिविधिहरूको कुप्रभाव, जातीय अस्मिताको निम्ति गरेको सङ्घर्षलाई प्रस्तुत गरेको छ। *थुक्क ! तैंले पनि घर बनाइहाल्नु परोस्* शीर्षक कथा अर्को यस्तो कथा हो

जसले सामाजिक यथार्थवादी दृष्टिकोण प्रस्तुत गरेको छ। साधारण व्यक्तिले घर बनाउँदा सामाजिक र राजनीतिक झमेलाहरू बेहोर्नु परेको तथ्यलाई विष्टले उक्त कथामा प्रस्तुत गरेका छन्। समाजका विभिन्न पक्षहरूमा राजनीति एउटा यस्तो पक्ष हो, जसले समाजलाई व्यवस्थित रूपमा चलाउने कार्य गर्दछ र समाजमा यसको राम्रा-नराम्रा दुवै किसिमको प्रभाव परेको हुन्छ। विष्टले यस राजनीतिक पक्षलाई आफ्नो कथामा छुट्टै स्थान दिएर सजीवता साथ आफ्ना कथाहरूमा भित्र्याएका छन्। सन् २०१५ -मा प्रकाशित *जुनजस्तै घाम* कथासङ्ग्रहमा सङ्गृहीत *राजयोग नपरेका युवराजहरू* शीर्षक कथालाई यस कथासङ्ग्रहको उत्कृष्ट राजनीति चेतनामूलक कथाको रूपमा लिन सकिन्छ। यस कथामा दार्जिलिङमा युवावर्गमाथि परेको राजनीतिको कुप्रभावले भविष्य अन्धकारमय हुनका साथै राजनीतिको भूँवरीमा युवाहरू भासिँदै गएको कुराको प्रस्तुतिकरण पाइन्छ।

अतः आंशिक राजनीतिक चेतनामूलक कथाको रूपमा विष्टको *अस्ताचलतिर* कथासङ्ग्रहभित्रको *अन्ट्रेन्ड ब्युटिसियनहरू* कथालाई हेर्न सकिन्छ। उक्त कथा सामाजिकसँगसँगै आर्थिक विसङ्गतिले ग्रस्त भएको समाजले गर्दा छोरीचेलीहरू प्रशिक्षणबिना अन्य शहरतिर गई किनारीकृत हुनु परेको घटनालाई यस कथामा प्रस्तुत गरिएको छ। यस कथाले हाम्रो समाजमा छोरीचेलीहरू देशभित्र वा बाहिर किनारीकृत हुनु परेको राजनीतिक-सामाजिक यथार्थलाई प्रस्तुत गरेको छ। विष्टले समाजको हरेक पक्षलाई टिपेर कथामा उतार्न खोजेका छन्। उनका उपर्युक्त कथाहरूले राजनीति र समाजमाझको अन्तरद्वन्द्वलाई प्रस्टै देखाएका छन्।

# छैटौं अध्याय

# उपसंहार एवम् समष्टि निष्कर्ष

## ६. शोधकार्यका उपसंहार तथा निष्कर्ष

यस अन्तिम अथवा छैटौं अध्यायमा शोधकार्यका अध्यायगत उपसंहारको साथ समष्टि निष्कर्ष प्रस्तुत गरिएको छ।

## ६.१ अध्यायगत उपसंहार

*सञ्जय विष्टका कथामा राजनीतिक चेतना* शीर्षकको यस लघुशोधप्रबन्धमा जम्मा छवटा अध्याय रहेको छ र प्रत्येक अध्यायमा प्रस्तुत गरिएको तथ्य विश्लेषणलाई यहाँ प्रस्तुत गरिएको छ।

*सञ्जय विष्टका कथामा राजनीतिक चेतना* शीर्षक रहेको शोधको पहिलो अध्यायमा शोधको परिचय रहेको छ। यसअन्तर्गत शोधशीर्षकको प्रस्तुतिका साथै शोधक्षेत्रको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ। यस लघुशोधप्रबन्धमा सञ्जय विश्टका कथामा राजनीतिक चेतनाको के-कस्तो प्रभाव परेको छ भन्ने समस्याका साथ तीनवटा प्रश्नहरूलाई राखिएको छ- (क) राजनीतिक चेतना भन्नाले के बुझिन्छ ? र नेपाली कथा साहित्यमा यसको निरूपण कसरी भएको छ ?, (ख) सञ्जय विष्टका कथामा कस्ता राजनीतिक चेतना पाइन्छ ?, (ग) भारतीय नेपाली कथा साहित्यमा सञ्जय विष्टका कथामा प्रतिबिम्बित राजनीतिक चेतना कस्तो रहेको छ ?

यिनै प्राज्ञिक समस्याहरूको समाधानार्थ निष्कर्षमा पुग्न हेतु यस सन्बन्धी शोधका निम्नलिखित उद्देश्यहरू प्रस्तुत शोधकार्य केन्द्रित छ, ती हुन्- (क) राजनीतिक चेतनाको

अवधारणाबारे स्पष्ट पार्दै नेपाली कथा साहित्यमा यसको निरूपण माथि प्रकाश पार्नु, (ख) सञ्जय विष्टका कथामा पाइने राजनीतिक चेतनाको विभिन्न पक्षहरूलाई केलाएर हेर्नु, (ग) भारतीय नेपाली कथा साहित्यमा सञ्जय विष्टका कथामा प्रतिबिम्बित राजनीतिक चेतनालाई विशेष रूपले अध्ययन गर्नु।

माथि उल्लेख गरिएका तीनवटा उद्देश्यहरूको माध्यमबाट निष्कर्ष प्राप्तिका लागि शोधसँग सम्बद्ध प्रकाशित पुस्तक, पत्र-पत्रिका आदिमा प्रकाशित लेखहरू तथा विद्युतीय स्रोतबाट प्राप्त सामग्रीहरूलाई मूल आधार बनाइएको छ। सामग्री सङ्कलनविधिअन्तर्गत मुख्यतः द्वितीय सामग्रीस्रोत, तृतीय सामग्रीस्रोत (वेब माध्यम)-लाई प्रयोग गरिएको छ। द्वितीय सामग्रीस्रोतअन्तर्गत पुस्तक, पत्र-पत्रिकाबाट सामग्री सङ्कलन गरिएको छ। तृतीय सामग्रीस्रोतअन्तर्गत विद्युतीय सामग्रीस्रोत (वेब माध्यम)-बाट प्राप्त राजनीति र राजनीतिक चेतनासम्बन्धी स्रोतहरूलाई प्रयोग गरिएको छ।

शोधकार्यको पूर्वकार्यको विवरणमा सञ्जय विष्टका कथाहरू सम्बन्धित विभिन्न पुस्तक एवम् पत्र-पत्रिकाहरूमा प्रकाशित लेखहरूको विवरण प्रस्तुत गरिएको छ। अन्तमा *सञ्जय विष्टका कथामा राजनीतिक चेतना* शीर्षक रहेको यस लघुशोधप्रबन्धमा प्रयुक्त सन्दर्भग्रन्थ र पत्र-पत्रिकाहरूलाई सन्दर्भसूचीमा वर्णानुक्रमअनुसार राखिएको छ।

प्रस्तुत लघुशोधप्रबन्ध निगमनात्मक पद्धतिको आधारमा विष्टका कथामा रहेका राजनीतिक चेतनासँग सम्बन्धित सैद्धान्तिक आधारहरू प्रस्तुत गर्दै उनका कथाहरूको अध्ययन गरिएको छ। यस शोधलेखनसँग सम्बन्धित विभिन्न प्राविधिक पक्षहरू जस्तै पाद टिप्पणी, चिन्ह प्रयोग, उद्धरण प्रस्तुति, सन्दर्भग्रन्थ सूची आदिको प्रयोगका लागि *नेपाली शैली लेखन* (सन् २०११) र हिज्जे एकरूपताको लागि *बृहत् नेपाली शब्दकोश* (वि.सं. २०४०) प्रथम संस्मरणलाई मूल आधार बनाइएको छ।

दोस्रो अध्यायमा राजनीतिक चेतना, पदावलीको अर्थ, परिभाषा र परिचय रहेको छ। यस अध्यायमा राजनीति र राजनीतिक चेतनाको अर्थ र परिभाषासँगै समाज र साहित्यसँग राजनीतिको अन्तरसम्बन्ध अनि नेपाली कथा साहित्यमा राजनीतिक चेतनाको प्रयोग र परम्पराको संक्षिप्त अध्ययन प्रस्तुत गरिएको छ।

तेस्रो अध्यायमा कथाकार सञ्जय विष्ट : संक्षिप्त जीवनी, कृतित्व र व्यक्तित्व रहेको छ। यस अध्यायअन्तर्गत सञ्जय विष्टको जन्म, पेसा र व्यवसाय आदिलाई राखिएको छ। यसका साथै शोधप्रबन्धको यस तेस्रो अध्यायमा कथाकार विष्टका साहित्यिक यात्रा, कृतित्वको विकास, कथाकार एवम् सम्पादक व्यक्तित्व, पुरस्कार आदिलाई समावेश गरिएको छ।

शोधप्रबन्धको चौंथौ अध्यायमा सञ्जय विष्ट र समकालीन भारतीय नेपाली कथाकारहरूका कथामा पाइने राजनीतिक चेतनाको अध्ययन प्रस्तुत गरिएको छ, जसमा – रूपनारायण सिंह, इन्द्रबहादुर राई, गुप्त प्रधान, उदय थुलुङ अनि उतरवर्ती कथाकार छुदेन काविमोको कथाको अध्ययन प्रय्तुत गरिएको छ।

पाँचौ अध्यायमा सञ्जय विष्टका कथामा पाइने राजनीतिक चेतनामूलक कथाहरूको अध्ययन र भारतीय नेपाली कथा साहित्यमा त्यसको प्रभावबारे अध्ययन प्रस्तुत गरिएको छ।

छैंटौं अध्यायअन्तर्गत उपसंहार र समष्टि निष्कर्ष प्रस्तुत गरिएको छ।

### ६.२ समष्टि निष्कर्ष

मान्छे सामाजिक प्राणी हुनाले उसले सामाजमा बस्नु रूचाउँछ। मान्छे एक विवेकशील प्राणी भएकोले उसमा सोच्ने शक्ति, अतीतको कल्पना गर्ने साथै भविष्यको निम्ति विचार गर्न सामर्थ्य हुँदछ। प्रारम्भिककालमा मानिसको जीवन अत्यन्त अस्थिर रहे

तापनि आजको युगमा मानिसले धेरै विकास गरेको छ। मानिसको जमात र समूहको कारण समाजको सृजना भएको छ र यही सामाजिक गतिविधिहरूलाई व्यवस्थित रूपले चलाउनका निम्ति राज्यको स्थापना भएको हो। राज्यको स्थापनासँगसँगै राज्यमा बसोबास गर्ने मानिसहरूको प्रगति, विकास र जनकल्याणहेतु राजनीतिको निर्माण भएको हो। राजनीति अर्थात् राजाहरूको नीति हो। यस नीतिले सामाज. राज्य वा देशको विकास मात्र होइन प्रजामाथि शोषण पनि गर्दछ। त्यसर्थ राज्य वा सरकारले देशमा बस्ने हरेक समूहको शक्ति, कार्यक्षेत्र आदि निर्धारण गर्दछ। समाजमा भएका विविध समूहहरूले आ-आफ्नो समूहको सामान्य हितको निम्ति राज्यद्वारा निर्मित नियमहरूको पालन पनि गर्नु परेको हुन्छ। अतः राजनीतिको सोझो अर्थ राज्यको गतिविधिहरूलाई व्यवस्थित रूपले सञ्चालन गर्नु हो। विशेषतः 'राजनीति' शब्द अङ्ग्रेजी शब्द "पोलिटिक्स" -को नेपाली रूपान्तरण हो। राजनीतिका प्रथम प्रवक्ताका रूपमा अरस्तुलाई मानिन्छ। विद्वानहरूले राजनीतिलाई आ-आफ्ना विचारमा अर्थ्याएको पाइन्छ। अरस्तुका अनुसार राजनीतिको विशेषता राज्यमा भएको जनसमूहको विकास गर्नु हो, तर आजको समयमा राजनीति एउटा व्यवस्था मात्र भएकोले पुरातनवादी युगमा अरस्तुले परिभाषित गरेको राजनीति र अहिलेको राजनीतिमा औधी भिन्नता पाइन्छ। यसर्थ राजनीतिले आफ्नो वास्तविक अर्थ हराएर गएको भान हुन्छ।

राजनीतिसम्बन्धी चेत, बोध, अनुभूति आदिलाई राजनीतिक चेतना भनिन्छ। कुनै एक व्यक्तिमा राजनीतिक चेतना हुनु भनेको उसमा राजनीतिक क्रियाकलापप्रति जागरूक हुनु भनेको हो। राजनीतिप्रतिको अज्ञानतालाई हटाएर राजनीतिप्रतिको अवधारणा स्पष्ट पार्नु हो। अतः एक व्यक्ति विशेष जागरूक हुनु भनेको उसको राजनीतिक चेतनाको विकास हुनु हो।

प्रत्येक समाज, देश र कालले त्यहाँको राजनीतिक, सांस्कृतिक, सामाजिक, आर्थिक इत्यादि विषयको पुष्टि साहित्यले दिने गर्दछ। हरेक देश, काल र जातिको आफ्नै समाज र साहित्य हुन्छ। यसैगरी हाम्रो पनि आफ्नै समाज र साहित्य छ। विशेषगरी नेपाली साहित्यको जग नेपाल र भारतमा बसेको छ। नेपाल र भारत दुवैतिर राजनीतिको प्रभाव प्रारम्भिककालदेखि नै भएको पाइन्छ। यी दुवै स्थानमा नै कथा, उपन्यास, कविता, आदि साहित्यको सबै क्षेत्रमा नै राजनीतिको प्रभाव बढो टड्कारो रूपमा परेको छ। नेपाली साहित्यमा राजनीतिक चेतनामूलक रचनाहरूको विकास ललितत्रिपुसुन्दरीद्वारा सन् १८३१ भन्दा पहिले लेखिएको *राजधर्म*, सन् १८४६ को *कोतपर्व*को दमनकारी घटना हुँदै *गेहेन्द्रकाण्ड* (सन् १९१९) र *मकैपर्व* (सन् १९२०) हुँदै अघि बढेको पाइन्छ। नेपालमा भएको राणाशासन विरूद्ध भारतको बनारसबाट *गोर्खाली* (सन् १९१५), देहरादूनबाट *गोर्खासंसार* (सन् १९२६), बनारसबाट *तरुण गोर्खा* (सन् १९२९) आदि पत्रिकामा राजनीतिक चेतनामूलक लेख छापिन थालेपछि भारतमा पनि यस प्रकारका रचनाहरूको लेखनको सुरूवात् भएको पाइन्छ। सन् १९१४-१९२६ -को कालावधिमा भारतीय नेपाली साहित्यमा राजनीतिक चेतनामूलक रचनाहरू प्रकाशित भए। राजनीतिक चेतनामूलक रचनाहरूको प्रकाशनमा *गोर्खाली, गोर्खा संसार, तरूण गोर्खा, गोर्खा* आदि पत्र-पत्रिकाको अहम भूमिकालाई यहाँ नकार्न सकिन्न।

यस लघुशोधप्रबन्धमा विशेषतः भारतीय नेपाली कथा साहित्यमा पाइने राजनीतिक चेतनाको अध्ययन प्रस्तुत गरिएको छ। त्यसमा पनि मुख्यतः समकालीन युगका कथाकार सञ्जय विष्टका कथाहरूमा पाइने राजनीतिक चेतना के-कस्तो रहेको छ भन्ने कुराको अध्ययन प्रस्तुत गरिएको छ। कथाकार विष्ट नवीन शिल्पशैली र लेखन धाराका कथाकार हुन्। उनको कथामा सामाजिक यथार्थवादी दृष्टिकोण पाइन्छ। उनले आफ्ना कथाहरूमा काल्पनिकभन्दा धेर हाम्रो समाजले भोगेका कुराहरूको यथार्थ चित्रण प्रस्तुत गर्दछन्। पेसाले नै विष्ट शिक्षक भएकाले उनले आफ्ना कथाहरूमा दिएको गहन

प्रस्तुतिमा शिक्षकको गहन झलक पाइन्छ। उनले आफ्ना रचनाहरूमा दार्जिलिङको नेपाली समाजलाई दर्शाएका छन्। उनका कथाहरूमा प्रयुक्त घटनाहरू विशेषतः दार्जिलिङको नेपाली समाजको वरिपरिकै हुन्छन्। हाम्रै समाजको विषयवस्तुलाई लिएर हामीलाई नै कथातत्त्वको रूपमा प्रयोग गरी हाम्रै कथाको प्रस्तुति कथाकार विष्टले दिएका छन्। उनले आफ्ना कथाहरूमा भारतीय नेपालीहरूको जातीय अस्मिता र जातीय सङ्कटमाथि वैचारिक दृष्टि पुऱ्याएका छन्। यति मात्र नभएर विष्टले राजनीति, साइबर संस्कृति, मनोविज्ञान, किनारीकृत आदि समाजका विभिन्न पाटाहरूलाई छोएर, बुझेर आफ्ना कथामा उतारेका छन्। सामान्यतः उनका कथाहरूले दार्जिलिङे नेपाली समाजमा भएका विभिन्न पाटाको वास्तिकतालाई पाठकसमक्ष प्रस्तुत गरेका छन्। विष्टको कथाशिल्प बौद्धिक छन्, तर उनका कथाहरूले विशेष उद्देश्य बोकेको हुन्छ। उनको लेखनशैलीलाई कतिले आयमेली लेखनका प्रवर्तक इन्द्रबहादुर राईको लेखनशैलीबाट प्रभावित भएर राईकै लेखनशैलीलाई अघि बढाएको भनेर पनि कतिले आलोचना गरेका छन्। विष्टको लेखनशैली बौद्धिक छन् तर उनले राईको लेखनशैलीलाई आत्मसात गरेको भन्न मिल्दैन। कुनै पनि कुरा कहिले नौलो हुँदैन। हरेक कुराको धरातल कहीं न कहीं अवश्य जोडिएको हुन्छ। विष्टमा राईको कथामा पाइने बौद्धिकता पाइए तापनि विष्टले आफ्नो कथामा नौलो प्रयत्न गरेका छन्। उनको कथाशैलीको आफ्नै वैशिष्ट्य छ। विष्टको कथालेखनको छुट्टै महत्त्व पनि छ। सोही कुराको पुष्टिहेतु प्रस्तुत लघुशोधप्रबन्धमा सञ्जय विष्टपूर्व र उनका समकालीन कथाकारहरूका कथामा पाइने राजनीतिक चेतनामूलक कथाहरूको अध्ययन प्रस्तुत गरिएको छ। ती कथाकारहरूमा रूपनारायण सिंहको *आमा* , इन्द्रबहादुर राईको *ब्ल्याक आउट, काजू, बदाम, छोरो,* गुप्त प्रधानको *पराकाष्ट चिन्हारीको,* उदय थुलुङको *त्यो रामकृष्णे,* छुदेन काविमोको *१९८६* कथाको संक्षिप्त अध्ययन यस लघुशोधप्रबन्धमा प्रस्तुत गरिएको छ। विशेष गरी विष्टका कथामा राजनीतिक व्यवस्था परिवर्तन (*थुक्क ! तैंले पनि घर बनाइबाल्नु परोस्*), जनआन्दोलन वा जनक्रान्ति

(*कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस, पुल*), जातीय चिन्हारीको सन्दर्भमा (*भविष्यवाणी, कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस*), किनारीकृत वा सबलर्टन्सको सन्दर्भमा (*अन्ट्रेन्ड ब्युटिसियनहरू*) आदि राजनीतिक चेतना पाइन्छ। उनका यिनै राजनीतिक चेतनामूलक कथाहरूको अध्ययनहेतु कथाहरूलाई पूर्ण राजनीतिक चेतनामूलक (*थुक्क ! तैंले पनि घर बनाईहाल्नु परोस्, कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस, पुल, भविष्यवाणी*) र आंशिक राजनीतिक चेतनामूलक (*अन्ट्रेन्ड ब्युटिसियनहरू*) गरी दुई वर्गमा वर्गीकरण गरेर कथाहरूको अध्ययन गरिएको छ।

अन्तमा भन्नु पर्दा कथाकार विष्टले आजको नेपाली समाजका विभिन्न पाटाहरूलाई आफ्नो कथामा बढो सजीवतासँग उतारेका छन्। उनले आफ्ना कथाहरूमा दार्जिलिङको समाज मात्र नभएर युवावर्गमा रहेको अपूर्ण राजनीतिक चेतनाको वर्णन पनि गरेका छन्, जुन अपूर्ण राजनीतिक चेतनाले गर्दा हाम्रा युवावर्गहरू राजनीतिको भूँवरीमा फँसेर आफ्नो भविष्य अन्धकारमय बनाउँछन्। एउटै समाजमा रहेका विभिन्न मानिसहरूका बीचमा मतभेद हुन्छ र हाम्रो जातिको प्रगति नभएको कुराहरूको पुष्टि पनि विष्टले आफ्ना कथाहरूमा गरेका छन्। अतः भारतीय नेपाली कथा साहित्यमा यिनको अतुल्य योगदान रहेको छ। यसैगरी भविष्यमा पनि कथाकार विष्टले भारतीय नेपाली कथा साहित्यलाई अझ उचाईंमा पुऱ्याउने छन् भन्ने कुरालाई नकार्न सकिंदैन।

## सन्दर्भग्रन्थसूची

### क. पुस्तक

अधिकारी, हेमाङ्गराज (वि. सं. २०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि.।

काविमो, छुदेन (सन् २०१५), **१९८६**, डुवर्स : लीलाबहादुर छेत्री।

घिमिरे, जगदीश (वि. सं. २०६९), **अन्तरमनको यात्रा**, रामेछाप, नेपाल : जगदीश घिमिरे प्रतिष्ठान।

थुलुङ, उदय (सन् २००८), **एकान्तवास**, दार्जिलिङ : श्याम ब्रदर्स प्रकाशन।

नेपाल, घनश्याम (सन् २००९), **नेपाली साहित्यको परिचयात्मक इतिहास,** संशोधित र परिवर्द्धित संस्करण, सिलगढी : एकता बुक्स हाउस।

पराजुली, राजेन्द्र (सम्पा.) (वि.सं. २०६६) **नेपाली राजनीतिक कथाहरू**, काठमाडौं : पाठ्यसामग्री पसल।

प्रधान, गुप्त, (सन् २०११), **समयका प्रतिबिम्बहरू**, दार्जिलिङ : गामा प्रकाशन।

प्रधान, प्रतापचन्द्र (सन् १९८३), **नेपाली कथावलोकन**, दार्जिलिङ : दिपा प्रकाशन।

--------------, (वि. सं. २०६९) **आयामिक कथाकार इन्द्रबहादुर राई,** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

बराल, ईश्वर (वि.सं. २०५३), **झ्यालबाट**, ललितपुर, नेपाल : साझा प्रकाशन।

बन्धु, चूडामणि (वि. सं. २०६०), **नेपाली साहित्यको इतिहास**, कमलादी, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

राई, असित (सन् २००४), **भारतीय नेपाली साहित्यको इतिहास**, दार्जिलिङ : साझा पुस्तक प्रकाशन।

लामा, ममता, (सन् २०१५), **दृष्टि र आधार**, कालेबुङ : उपमा प्रकाशन।

विष्ट, सञ्जय (सन् १९९३), **शब्दान्त**, दार्जिलिङ : युवा साहित्यिक मंच।

-----------, (सन् २००७), **अस्ताचलतिर**, नाम्ची, दक्षिण सिक्किम : निर्माण प्रकाशन।

-----------, (सन् २०१५), **जुनजस्तै घाम**, कालेबुङ : उपमा प्रकाशन।

शर्मा, शरदचन्द्र (सन् १९८१), **नेपाली साहित्यको इतिहास** (माध्यमिककाल), काठमाडौँ : त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र।

सिंह, रूपनारायण (ते.सं. सन् २०१३), **कथानवरत्न**, वाराणासी : विश्व-बन्धु प्रकाशन।

सुब्बा, मनप्रसाद र थापा, रेमिका, (सन् २०११), **किनारा विमर्श**, दार्जिलिङ : गामा प्रकाशन।

### ख. अङ्ग्रेजी पुस्तक

Hague, Rod, Harrop, Martin, McCormick, John, (2016), **Comparative Government and Politics: An Introduction**, London : Palgrave Macmillan Publishers Ltd., ISBN-978-1-137-52836-0.

Mukherjee, Subrata, Ramaswamy, Sushila, **A History of Poitical Thought by Plato to Marx**, (2nd Edition, 2016), Delhi : Ashok K. Ghosh, Phi Learning Private Ltd., ISBN-978-8-120-34389-4.

**ग. पत्र-पत्रिका**


क्याक्टस, जय, (सन् २०१४), *कथालेखनको नयाँ प्रवाहमा कथाकार सञ्जय विष्टको अस्ताचलतिरका कथाहरू,* **चरित्र समालोचना विशेषाङ्क**, वर्ष २८, पूर्णा. १३, (सम्पा. सहदेव एस. गिरी), कालेबुङ : चरित्र प्रकाशन।

पाण्डे, बलराम, (सन् २०१०), *किनाराकरण सबल्टर्न र स्वतन्त्रोत्तर कविताको सन्दर्भ,* **कनका**, वर्ष १५, अङ्क १५,(प्र. सम्पा. उदय छेत्री), गान्तोक : नेपाली साहित्य परिषद, सिक्किम।

बान्तवा, सुमन, (सन् २००६), *विष्टको लेखन कला,* **सम्भरण** सुनदह महाविद्यालयको मुख पत्र, वर्ष २, अङ्क २, (सम्पा. रागिनी थापा), सुनदह : सुनदह महाविद्यालय।

बान्तवा, सञ्जय, (सन् २०१४), *उच्चाधुनिक नेपाली कथा र सञ्जय विष्टको कथाशिल्प,* **साहित्य सङ्केत** त्रयमासिक, वर्ष ४८, अङ्क ३४, (सम्पा. कुमार छेत्री), कालेबुङ : नेपाली साहित्य अध्ययन समिति।

लामा, कविता, (सन् २०१०), *सम-समायिक नेपाली कथामा लिवाङ अनि विष्ट,* **चरित्र कथा विशेषाङ्क**, वर्ष २५, पूर्णा. १२, (प्र. सम्पा. सहदेव एस. गिरी), कालेबुङ : चरित्र प्रकाशन।

शर्मा, शान्तिराज, (सन् १९६६), *सञ्जय विष्टको 'शब्दान्त' : नयाँ कथाको सन्दर्भ,* **अध्ययन सामयिक साहित्यिक सङ्कलन**, वर्ष १, अङ्क १, (सम्पा. जस योञ्जन 'प्यासी'), सिलगढी : तुलसी भट्टराई पारिजात स्मृति मञ्च।

शर्मा, राधा, (सन् २०१४), *दार्जिलिङे कथा लेखनको वर्तमान परिपाटीमा सञ्जय विष्ट र मिङ लिवाङका केही कथाहरू*, **खोजी**, अङ्क ९, (सम्पा. विविध), दार्जिलिङ : गोर्खा दुःख निवारक सम्मेलन

## घ. इलोक्ट्रोनिक स्रोत

**A brief history of Darjeeling**, DarjeelingTimes.com., Monday, 11 Feb. 2013, Written by Dr. Sonam B. Wangyal.

**Literary theory**, From Wikipedia, the free encyclopedia https://en.wikipedia.org/wiki/Literary_theory, 5 June 2017, at 03:53.

**Literature and Ideology**, James T. Farrell, Published: The New International, May, 1942; transcribed: Sally Ryan for marxists.org, September, 2002, https://www.marxists.org/subject/art/lit_crit/works/farrell/litandideology.htm

**Political consciousness of women like as theoretical and methodological problem**, Osimbayeva Indira Sultanobna, Kazakh National Pedagogical Abay University, http://www.rusnauka.com/16_ADEN_2010/Politologia/68264.doc.htm

**Tradition And The Individual Talent,** https://en.wikipedia.org/wiki/Tradition_and_the_Individual_Talent, 6th Dec, 2016, 4:55,

**What Is Consciousness? In Hindi**, www.universeinhindi.com/what-is-consciousness-in-hindi/umang, May 19, 2015

**सन्दर्भग्रन्थसूची**

**क. पुस्तक**

अधिकारी, हेमाङ्गराज (वि. सं. २०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि.।

काविमो, छुदेन (सन् २०१५), **१९८६**, डुवर्स : लीलाबहादुर छेत्री।

घिमिरे, जगदीश (वि. सं. २०६९), **अन्तरमनको यात्रा**, रामेछाप, नेपाल : जगदीश घिमिरे प्रतिष्ठान।

थुलुङ, उदय (सन् २००८), **एकान्तवास**, दार्जिलिङ : श्याम ब्रदर्स प्रकाशन।

नेपाल, घनश्याम (सन् २००९), **नेपाली साहित्यको परिचयात्मक इतिहास**, संशोधित र परिवर्द्धित संस्करण, सिलगढी : एकता बुक्स हाउस।

पराजुली, राजेन्द्र (सम्पा.) (वि.सं. २०६६) **नेपाली राजनीतिक कथाहरू**, काठमाडौं : पाठ्यसामग्री पसल।

प्रधान, गुप्त, (सन् २०११), **समयका प्रतिबिम्बहरू**, दार्जिलिङ : गामा प्रकाशन।

प्रधान, प्रतापचन्द्र (सन् १९८३), **नेपाली कथावलोकन**, दार्जिलिङ : दिपा प्रकाशन।

-------------, (वि. सं. २०६९) **आयमिक कथाकार इन्द्रबहादुर राई**, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

बराल, ईश्वर (वि.सं. २०५३), **झ्यालबाट**, ललितपुर, नेपाल : साझा प्रकाशन।

बन्धु, चूडामणि (वि. सं. २०६०), नेपाली साहित्यको इतिहास, कमलादी, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

राई, असित (सन् २००४), **भारतीय नेपाली साहित्यको इतिहास**, दार्जिलिङ : साझा पुस्तक प्रकाशन।

लामा, ममता, (सन् २०१५), **दृष्टि र आधार**, कालेबुङ : उपमा प्रकाशन।

विष्ट, सञ्जय (सन् १९९३), **शब्दान्त**, दार्जिलिङ : युवा साहित्यिक मंच।

-----------, (सन् २००७), **अस्ताचलतिर**, नाम्ची, दक्षिण सिक्किम : निर्माण प्रकाशन।

-----------, (सन् २०१५), **जुनजस्तै घाम**, कालेबुङ : उपमा प्रकाशन।

शर्मा, शरदचन्द्र (सन् १९८१), **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल), काठमाडौं : त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र।

सिंह, रूपनारायण (ते.सं. सन् २०१३), **कथानवरत्न**, वाराणसी : विश्व-बन्धु प्रकाशन।

सुब्बा, मनप्रसाद र थापा, रेमिका, (सन् २०११), **किनारा विमर्श**, दार्जिलिङ : गामा प्रकाशन।

## ख. अङ्ग्रेजी पुस्तक

Hague, Rod, Harrop, Martin, McCormick, John, (2016), **Comparative Government and Politics: An Introduction**, London : Palgrave Macmillan Publishers Ltd., ISBN-978-1-137-52836-0.

Mukherjee, Subrata, Ramaswamy, Sushila, **A History of Poitical Thought by Plato to Marx**, (2nd Edition, 2016), Delhi : Ashok K. Ghosh, Phi Learning Private Ltd., ISBN-978-8-120-34389-4.

**ग. पत्र-पत्रिका**


क्याक्टस, जय, (सन् २०१४), *कथालेखनको नयाँ प्रवाहमा कथाकार सञ्जय विष्टको अस्ताचलतिरका कथाहरू,* **चरित्र समालोचना विशेषाङ्क**, वर्ष २८, पूर्णा. १३, (सम्पा. सहदेव एस. गिरी), कालेबुङ : चरित्र प्रकाशन।

पाण्डे, बलराम, (सन् २०१०), *किनाराकरण सबल्टर्न र स्वतन्त्रोत्तर कविताको सन्दर्भ,* **कनका**, वर्ष १५, अङ्क १५, (प्र. सम्पा. उदय छेत्री), गान्तोक : नेपाली साहित्य परिषद, सिक्किम।

बान्तवा, सुमन, (सन् २००८), *विष्टको लेखन कला,* **सम्भरण** सुनदह महाविद्यालयको मुख पत्र, वर्ष २, अङ्क २, (सम्पा. रागिनी थापा), सुनदह : सुनदह महाविद्यालय।

बान्तवा, सञ्जय, (सन् २०१४), *उच्चाधुनिक नेपाली कथा र सञ्जय विष्टको कथाशिल्प,* **साहित्य सङ्केत त्रयमासिक**, वर्ष ४८, अङ्क ३४, (सम्पा. कुमार छेत्री), कालेबुङ : नेपाली साहित्य अध्ययन समिति।

लामा, कविता, (सन् २०१०), सम-समायिक नेपाली कथामा लिवाङ अनि विष्ट, चरित्र कथा विशेषाङ्क, वर्ष २५, पूर्णा. १२, (प्र. सम्पा. सहदेव एस. गिरी), कालेबुङ : चरित्र प्रकाशन।

शर्मा, शान्तिराज, (सन् १९९६), *सञ्जय विष्टको 'शब्दान्त' : नयाँ कथाको सन्दर्भ,* **अध्ययन** सामयिक साहित्यिक सङ्कलन, वर्ष १, अङ्क १, (सम्पा. जस योञ्जन 'प्यासी'), सिलगढी : तुलसी भट्टराई पारिजात स्मृति मञ्च।

शर्मा, राधा, (सन् २०१४), *दार्जिलिङे कथा लेखनको वर्तमान परिपाटीमा सञ्जय विष्ट र मिङ लिवाङका केही कथाहरू,* **खोजी**, अङ्क ९, (सम्पा. विविध), दार्जिलिङ : गोर्खा दुःख निवारक सम्मेलन

## घ. इलोक्ट्रोनिक स्रोत

**A brief history of Darjeeling**, DarjeelingTimes.com., Monday, 11 Feb. 2013, Written by Dr. Sonam B. Wangyal.

**Literary theory**, From Wikipedia, the free encyclopedia https://en.wikipedia.org/wiki/Literary_theory, 5 June 2017, at 03:53.

**Literature and Ideology**, James T. Farrell, Published: The New International, May, 1942; transcribed: Sally Ryan for marxists.org, September, 2002, https://www.marxists.org/subject/art/lit_crit/works/farrell/litandideology.htm

**Political consciousness of women like as theoretical and methodological problem**, Osimbayeva Indira Sultanobna, Kazakh National Pedagogical Abay University, http://www.rusnauka.com/16_ADEN_2010/Politologia/68264.doc.htm

**Tradition and the Individual Talent**, https://en.wikipedia.org/wiki/Tradition_and_the_Individual_Talent, 6th Dec, 2016, 4:55,

**What Is Consciousness? In Hindi**, www.universeinhindi.com/what-is-consciousness-in-hindi/umang, May 19, 2015.

परिशिष्ट- क

Bio-Data

> Name : Sanjay Bista

> Date of Birth : 22 August 1968

> Birth Place : Mungpoo, Darjeeling.

> Educational Qualification : M. A. B. Ed.

> Profession : Teaching (Assistant Professor, Kalimpong College, Kalimpong)

> Edited works :

> 1. Sthapana (Quarterly Literary Magazine, 1988)

> 2. Deepika (Quarterly Literary Magazine, 1989)

> 3. Pines and Camelias, (Yearly Magazine of Darjeeling Govt. College, 1989)

> 4. Sankraman (Quarterly Literary Magazine from Dept. of Indian Languages, Banaras Hindu University. 1993-1994)

> 5. Reeds (Yearly Magazine of Kalimpong College, 2004-2010, 2014-2016)

> 6. Sahitya Sanket (Quarterly Literary Magazine of Nepali Sahity adhyan Samity, Kalimpong, From 2011)

> Published Books:

> 1. Sabdanta (Collection of Short Stories, 1993)

> 2. Astachaltira (Collection of Short Stories, 2007)

> 3. Junjastai Gham (Collection of Short Stories, 2015)

> Awards:

> 1.  Diyalo Puraskar, 2003

> 2.  Purna Rai Puraskar, 2005


> Address : Dept. of Nepali,

> Kalimpong College,

> Rishi Bankim Chandra Park,

> P. O. Kalimpong,

> Dist. Darjeeling,

> West Bengal.

> 734 301.

> Phone No. +91 81457 49897

> e-mail: sanjaybista68@yahoo.in.


> जन्म स्थान : लाब्दा बस्ती, मङ्पू

> जन्म साल : २२ अगस्ट १९६८

> माता : श्रीमती पार्वती छेत्री

> पिता : श्री डिल्लीराम छेत्री

> प्राथमिक शिक्षा : लाब्दा निम्न बुनियादी पाठशाला

> पाँचौं अनि छैटौं कक्षा दार्जिलिङको टर्नबुल हाई स्कुलमा

> सातौँदेखि माध्यमिक तहसम्म : सरस्वती उच्च विद्यालय, मङ्पू

> उच्च माध्यमिक र स्नातक : दार्जिलिङ सरकारी महाविद्यालयबाट नेपालीमा ससम्मान (१९८६ – १९९१)

> स्नातकोत्तर : काशी हिन्दू विश्वविद्यालय (१९९२ – १९९४)

> बी. एड. : रामकृष्ण बी. एड. कलेज, दार्जिलिङ (१९९५)

> १९९५ देखि दार्जिलिङ सरकारी महाविद्यालय अनि सन्त जोसेफ्स् महाविद्यालयमा अंशकालीन व्याख्याताका रूपमा काम गरेको। त्यति बेलाको लरेटो (अहिलेको साउथ फिल्ड) अनि सलेसियन कलेजमा पनि केही समय काम गरेको।

> २००४ को १ जनवरीमा कालेबुङ महाविद्यालयमा स्थायी नियुक्ति पाएपछि टुङ्गो लागेको।

> जीवनमा एउटा कविता लेखेर छापिएपछि समयमै मैले कविता लेख्नु हुँदैन भन्ने बोध गरी कथालेखनमै केन्द्रित रहेको।

> कुन कथा पहिलो भन्न असमर्थ। सुरुमा कथालेखन मेरा निम्ति कर्तव्य बन्नेछ भन्ने थाहा भएको भए प्रारम्भिक अवस्थाका कथाहरू सुरक्षित राखिन्थ्यो होला। सुरु सुरुमा हिमालचुली दैनिकमा पनि केही कथाहरू छापिएका हुन् तर ती कथाहरू कुन कुन थिए अहिले भन्न सक्दिनँ। त्यसैले मेरो कथालेखनको सुरुआत १९८८ लाई मान्दा हुन्छ।

> पहिलो कथासङ्ग्रह १९९३ मा छापियो। युवा साहित्यिक मञ्चको प्रकाशनमा छापिएको त्यस कथासङ्ग्रहमा १८ वटा कथाहरू छन्।

> दोस्रो कथासङ्ग्रह निर्माण प्रकाशनले छाप्यो सन् २००७ मा। १३ कथाहरू छन् त्यसमा।

> १० कथाहरूको तेस्रो कथासङ्ग्रह उपमा प्रकाशन, कालेबुङले छाप्यो २०१५ मा।

> सजिलो मानेर थालिएको यो लेख्ने काम लेख्दै गएपछि गाह्रो गाह्रो लाग्न थाल्यो मलाई। प्रत्येक पछिल्लो सङ्ग्रहमा कथाहरूको घट्दो सङ्ख्या त्यसैको प्रतिफल हुनसक्छ।

> मैले पाएका पुरस्कार माथिका दुई मात्र हुन्। दियालो वर्तमान शीर्षक कथाका निम्ति। पूर्ण राई स्मृति पुरस्कार पुल शीर्षक कथाका निम्ति।

> मलाई कथाकारका रूपमा चिनाउने कथाचाहिँ भविष्यवाणी र कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस हुन्। तर अहिले आफूलाई 'लेख्न सकेँ' भन्ने लागेका कथाहरूमा दुवै पर्दैनन्।

> मैले मेरो कथाप्रतिको धारण तीनै सङ्ग्रहहरूमा लेखिसकेको छु।

> मेरा कथाहरूको विषयमा समालोचकहरूके उस्तो केही लेखेका छैनन्। थोरै केही निम्न

> पत्र-पत्रिका र पुस्तकहरूमा हेर्नुहोला –

> १. जय योन्जन सरको सम्पादनमा प्रकाशित अध्ययनमा शान्तिराज सरको एउटा समालोचना

> छ।

> २. चरित्र कथा विशेषाङ्कमा डा. कविता लामाको एउटा समालोचना छ।

> ३. चरित्रको समालोचना विशेषाङ्क पनि हेर्नुहोला।

> ४. डा. ममता लामाको नेपाली समालोचना दृष्टि र आधार नामक पुस्तकमा अलिक विशद

> चर्चा छ।

> ५. जय क्याक्टसले पनि दोस्रो कथासङ्ग्रहमाथि खुबै राम्ररी लेखिदिनुभएको छ।

> स्रष्टा र सिर्जना : कुलैनबारीमा हो कि।

> ६. अस्ति दर्पणमा निरज थापा भाइले पनि नयाँ सङ्ग्रहबारे राम्ररी लेखिदिनुभएको

> छ। त्यो फेसबुकमा पनि छ।

> ७. सपन प्रधानको समालोचनाको पुस्तकमा पनि मेरो एउटा कथाबारेको लेख छापिएको छ।

८. डा. सञ्जय बान्तवा र रेमिका थापाले पनि लेखेका छन् मेरा कथाहरूबारे। बान्तवाको लेख साहित्यमा सङ्केतमा छ। रेमिकाको लेख चाहिँ उनकै समालोचना सङ्ग्रहमा हुनुपर्छ।

> अरू अहिले याद भएन। कि यति नै हुन् कि।

---------

बाबाले अलिअलि साहित्य लेख्नुहुन्थ्यो। उहाँका केही कथाहरू पश्चिम बङ्गाल भन्ने पत्रिकामा प्रकाशित भएका थिए। म सानै छँदा घरमा पुस्तक सङ्ग्रह गर्ने संस्कार थियो। स्कुलका केही साथीहरू लेख्ने गर्थे तर लेख्ने प्रेरणा र प्रोत्साहन मैले स्कुल र घरको वातावरणबाट पाएँ भन्न सक्दिनँ। एघारौं कक्षा पढ्दा (१९८६) सरकारी महाविद्यालयमा युवा साहित्य मञ्चको स्थापना भयो। यही युवा साहित्य मञ्चका साथीहरूको संसर्ग र सामीप्यले मलाई साहित्य लेखनमा प्रेरित गर्‍यो कि भन्ने लाग्छ।